श्रीमद्भगवद्गीतामाता प्रकाश

एवं

विष्णु सहस्रनाम



अनुवादकः

उद्धव प्रसाद जोशी (सेढाजी)

इ.पु. 6६0

श्रीमद्भगवद्गीतामाता प्रकाश

एवं

विष्णु सहस्रनाम

अनुवादकः

उद्धव प्रसाद जोशी (सेढाजी)

श्रीमद्भगवद्गीतामाता प्रकाश एवं विष्णु सहस्रनाम

सर्वाधिकार : लेखकमा

अनुवादक : उद्धवप्रसाद जोशी (सेढाजी)

प्रकाशक : अजित जोशी
काभ्रेपलाञ्चोक, कोलाँती

द्वितीय संस्करण : ३७५/-

मिति : २०७९ फागुन ७ गते, आईतबार (शिवरात्री)

मुद्रण : नमस्ते नेपाल प्रेस प्रा.लि., बागबजार, काठमाडौं
फोन : ९७७-०१-५९१२५५०, ९८४१४१३४७७

आवरण : प्रविण प्रिन्टिङ्ग सपोर्ट, मो. ९८४८४९६८८४

मूल्य रु. : ३००/-

Acc. 32626
32627

NEPAL SANSKRIT UNIVERSITY, 1986 A.D.
वाल्मीकि विद्यापीठ पुस्तकालय

ॐ नमो शिवाय
श्रीगुरुभ्यो नमः

कवि न होउ नहिं वचन प्रवीणू ।
सकल कला सव विद्याहीनू ॥
जद्यपि कविता रस एकउ नाहिं ।
राम प्रताप प्रगट यहि माही ॥

आफ्नो मन्तव्य

खासगरी मैले संस्कृत भाषाको अध्ययन गर्न नपाएतापनि सानै उमेरदेखि पाठ गर्ने बानी बसेकोले अभ्यासचाहिँ त्यसमा मलाई छ । फेरी यसको मतलब यो पनि होइन कि मैले श्रीमद्भगवतगीताको अनुवाद राम्रोसँग गर्न सकेको छैन । यो कुरा म यसरी सम्झाउँछु । भगवान श्रीकृष्णको कृपा प्रसादले आफ्नो मिहिनेत सफल भएको नै ठानेको छु । यो भगवानको वाणी भएकोले इन्द्रीयों, मन, बुद्धिभन्दा पनि परको कुरा हो । यसमा आफ्नो मात्र प्रयासले केहि पनि चल्दैन । भगवानकै कृपादृष्टि पर्नु पर्छ । यसमा मलाई विश्वास छ ।

वि. सं. २०६५ साल आषाढ महिना तिर पनि मैले पहिलो संस्करण निकालेको थिएँ । त्यसमा मेरो उद्देश्य चाहिँ अर्कै मातृ-पितृ उद्धारकोलागि थियो । तेस्मा मुल श्लोक समावेश गरिएको थिएन । अहिले पाठकवर्गकालागि पाठ गर्न समेत सजिलो होस् भन्ने हेतुले मुल श्लोक समेत समावेश गरिएको छ । मुल श्लोकको नेपालीमा श्लोकानुवाद गर्दा श्लोकको भाव नबिग्रनेगरि छन्द समेत सकभर मिलाएर राखिएको छ । मैले गरेको प्रयास सबै ठिक छ भनेर भन्न पनि म सक्दिनँ । यसमा कैयौं त्रुटि भएका पनि हुन सक्छन् । त्यसमा म साधुसन्त, विद्वान, महात्मा आदि सबै महानुभावसगँ क्षमा याचना सहित सल्लाह सुझाबको आशा गरेको छु ।

मलाई धेरै जनाले अहिलेको यस्तो आधुनिक जमानामा धार्मिक पुस्तक छापेर केहि फाइदा छैन किनकि धार्मिक किताब पढ्न कसैले पनि रुचाउँदैनन् । मायाको यस्तो प्रवल प्रभाव भएको कलिकालमा धर्म-कर्म गर्न कसलाई मन लाग्छ ? अब सबै लोप भएर जान्छ भन्ने कुराको सुझाब पनि थियो । हुन पनि त्यस्तै नै भइराखेको छ । समाजमा धर्म स्थापना गर्नमा स्त्री जातीको ठूलो हात हुन्छ भनेर अर्जुनले यसै गीतामा भन्नुभएको छ । भगवान श्रीकृष्णले पनि अध्याय १० को श्लोक नं ३४ मा किर्ती श्री(लक्ष्मी) वचन(नम्र बोली) स्मृति(शील स्वभाव) धैर्य अनि क्षमा यी सबै नारीमा भएका असल गुण मेरा नै विभुति हुन् । यसको उलङ्घन गरेर हिड्नु राम्रो होइन । अर्थात यी गुणहरूको पालना जसले गदर्छ ती नारी मै समान हुन्छिन । काल, कर्म, स्वभाव अनुसार आफ्नो धर्म थाम्न कठिन भएता पनि धैर्यताको साथ रहनु पर्छ । एक दिन फेरी समयले कोल्टे फेर्ने दिन आउँछ । क्षणिक शारीरिक सुख भोगका निमित्त उदाङ्ग भएर हिड्नु आफुलाई

नै अधोगतीमा पार्नु हो। त्यसै बखत मलाई भगवान श्रीकृष्णले गीतामा भन्नुभएको श्लोक नं. ४।१९ मा कर्मफलको आशक्ति त्यागेर कर्म गर भन्ने वाणी सम्झेर किताब छाप्नुमा नै श्रेय छ भन्ने कुरा निश्चय गरेँ। किनभने बिक्रिवितरण भएन भने पनि भविष्यमा काम लाग्ने छ। यसबाट भगवानको आज्ञाको पालना पनि हुन्छ। अघिअघिका मुमुक्षु जनले हातले लेखेर ठुलाठुला शास्त्रीय ग्रन्थहरु राखेको लेखोट पनि पाइन्छ। त्यस्तो मिहिनेत गरेर किन राख्नुपरेको होला भन्ने यो पनि एउटा सोचनीय विषय हो। यसमा कुनै स्वार्थ लुकेको छैन। खाली पछिसम्म धर्मको संरक्षण भइ राखोस भन्ने नै हेतु हो। धेरै जसो मानिसलाई श्रीमद्भगवतगीता भनेको के हो ? यो पढेर के फाइदा हुन्छ ? आदि कुराको जिज्ञासा पनि हुन्छ। श्रीमद्भगवतगीता अर्जुन र भगवान श्रीकृष्णको संवाद हो। महाभारतको कौरव र पाण्डवको लडाइँमा श्रीकृष्णले पार्थलाई रथमा लिएर युद्धभूमीमा पुऱ्याउनु भो अनि अर्जुनलाई दुबै थरीका सेनालाई निरीक्षण गर्ने जिज्ञासा भयो। श्रीकृष्णले लौ हेर भनेर दुवै थरी सेनाका माझमा रथलाई उभ्याइदिनुभयो। दुवै थरिको त्यो विशाल सेनालाई देखेर अर्जुन मोहित हुनुभो। अब ठुलो जनसंहार अधर्म हुन्छ भन्ने भयले अर्जुन युद्ध गर्नबाट पछि हट्नुभो। "हे गोबिन्द, यत्रो जनसंहार गरेर पृथ्वीको राज्यको त के कुरा भो स्वर्ग कै राज्य मिल्छ भने पनि म युद्ध गर्दिन। दूर्बुद्धि धृतराष्ट्र पुत्रहरुले नै खाउन्। हामीलाई केहि चाहिँदैन।" भनेर अर्जुनले युद्धभूमीमा कृष्णसगँ भन्नुभयो। अर्जुन यसरी युद्ध गर्नबाट मुख मोडेर, शोकाकुल भएर, अस्त्रशस्त्र धनुर्वाण त्यागेर रथको पछाडि बस्नुभयो। त्यसपछि भगवान श्रीकृष्णले शोकाकुल अर्जुनलाई पहिलेको जस्तै अवस्थामा ल्याउनकालागी धर्म, अर्थ, काम, मोक्ष, ज्ञान, विज्ञान, वैराग्य, भक्ति आदि सबै वर्णन गरेर सुनाउनुभयो। अनि अन्तमा अन्यायको विरुद्धमा धर्मयुद्ध गर्न तयार हुनुभयो। सबै जनालाई यो कुरा जानकारी भएकै हुन्। त्यसमा अरु भनिराख्नु पर्ने कुरा केहि पनि छैन। श्रीमद्भगवतगीताको अध्ययनबाट नै अरु सबै कुरा थाह हुँदै जान्छ। गीता सबै शास्त्रको सार भएकोले बुझ्नलाई पहिले अलि गाऱ्हो नै हुन्छ। पछि भगवानका कृपाले बुझ्दै गएपछि यसको रस पनि बस्छ। सबै अर्थ पनि खुल्दै जान्छ। अब अरु धेरै कुरा के गर्नु छ र ? धन्यवाद॥

श्रीहरि शरणम्
त्वदीय बस्तु गोबिन्द
तुभ्यमेव समर्पयेतत्
- उद्धव प्रसाद जोशी (सेढाजी)
काभ्रे पलाञ्चोक, कोलाँती।

दिनाङ्क :- २०७९ साल माघ
महिना १२ गते श्रीपञ्चमी
गुरुवार

अनुक्रमणिका

क्र.स.	अध्याय	शीर्षक	पृष्ठ
१.	—	अथः विनियोग, करन्यास, हृदयादिन्यास	१
२.	—	श्रीमद्भगवत् गीतामाता महात्म्यम्	२
३.	—	भगवती गीतामाताको स्वरुप ध्यानम्	८
४.		अथ श्रीमद्भगवत् गीतामाता प्रकाश बन्दना	९
५.	प्रथम	अर्जुन विषाद् योगम्	१२
६.	द्वितीय	शांख्य योगम्	२७
७.	तृतीय	कर्म योगम्	५०
८.	चतुर्थ	ज्ञान कर्म सन्यास योगम्	६३
९.	पञ्चम	कर्म सन्यास योगम्	७६
१०.	षष्ठ	आत्म संयम योगम्	८५
११.	सप्तम	ज्ञान विज्ञान योगम्	९९
१२.	अष्टम	अक्षर ब्रह्म योगम्	१०८
१३.	नवम	राजविद्या राजगुह्य योगम्	११७
१४.	दशम	विभूति योगम्	१२७
१५.	एकादश	विश्वरुप दर्शन योगम्	१४०
१६.	द्वादश	भक्ति योगम्	१५७
१७.	त्रयोदश	क्षेत्र क्षेत्रज्ञ विभाग योगम्	१६४
१८.	चतुर्दश	गुणत्रय विभाग योगम्	१७४
१९.	पञ्चदश	पुरुषोत्तम योगम्	१८३
२०.	षोडश	दैवासुर संपद विभाग योगम्	१९०
२१.	सप्तदश	श्रद्धात्रय विभाग योगम्	१९८
२२.	अष्टादश	मोक्ष सन्यास योगम्	२०७
२३.	—	श्रीविष्णु सहस्र नाम स्तोत्रम्	२३१

श्री गणेशाय नमः

श्री सरस्वत्यै नमः

श्रीमद्भगवद्गीता माता

अथ विनियोग:

ॐ अस्य श्रीमद्भगवद्गीतामाता मन्त्रस्य भगवान्वेदव्यास ऋषि: । अनुस्टुप छन्द: । श्रीकृष्ण; परमात्मा देवता । अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे इति विजम् ।। सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज इति शक्ति : ।। अहं त्वा सर्व पापेभ्यो मोक्ष्ययिष्यामि मा शुच इति किलकम् ।। श्रीकृष्ण प्रीत्यर्थे पाठे विनियोग : ।।

करन्यास:

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावक इत्यङ्गुष्ठाभ्यां नमः ।। न चैनं क्लेदयान्त्यापो न शोषयति मारुत इति तर्जनिभ्यां नमः ।। अच्छेद्योऽयम दाह्योऽयम क्लेद्योऽशोष्यएव च इति मध्यमाभ्यां नमः ।। नित्यः सर्वगत स्थाणुरचलोऽयं सनातन इत्यनामिकाभ्यां नमः ।। पश्यषे पार्थ रुपाणि शतशोऽथ सहस्रश इति कनिष्ठिकाभ्यां नमः ।। नानाविधानि दिव्यानि नानावर्णकृतीनिच इति करतलकरपृष्ठाभ्यां नमः ।।

हृदयादिन्यास:

नैनं छिन्दन्ति शस्त्राणि नैनंदहति पावक इति हृदयाय नमः ।। न चैनं क्लेदयन् त्यापो न शोषयति मारुत इति शिरसे स्वाहा ।। अच्छेद्योऽयमदाह्योऽ यमक्लेद्योऽशोष्य एव च इति शिखायै वषट् ।। नित्य: सर्वगत: स्थाणुरचलोऽयं सनातन इति कवचाय हुम् ।। पश्य ये पार्थ रुपाणि शतशोऽथ सहस्रश इति नेत्र त्रयाय वौषट् ।। नाना विधानि दिव्यानि नानावर्णाकृतीनि च इति अस्त्राय फट् ।।

श्री गणेशाय नम:

श्री सरस्वत्यै नम:

ॐ नमो भगवते वासुदेवाय

अथ श्रीमद्भगवद्गीता महात्म्यम्

गीताशास्त्रमिदं पुण्यं यः पठेत्प्रयतः पुमान् ।
विष्णोः पदमवाप्नोति भयशोकादिवर्जितः ।।१।।

यस्तो पुण्यमयी गीताशास्त्र यदि जसले
गर्दछ पाठ दिनदिनै भने पुण्यात्मा बनेर उसले
पाउँछ बस्न श्रीविष्णुको बैकुण्ठधाममा
भय शोकादिले वर्जित भएको जून ठाउँमा ।।१।।

गीताध्ययनशिलस्य प्राणायाम परस्य च ।
नैव सन्ति हि पापानि पूर्वजन्म कृतानि च ।।२।।

गीताध्ययनशील पनि भएका छन् जो अनि ।
प्राणायाम पनि गर्ने भएका छन् जो फेरी ।।
कुनै पनि पापले छुँदैन तिनलाई यसरी ।
पूर्वजन्ममा गरेको पापले पनि फेरी ।।२।।

मलनिर्मोचनं पुंसां जलस्नानं दिनेदिने ।
सकृद्गीताम्भसि स्नानंसंसारमलनाशम् ।।३।।

शुद्ध हुन्छ शरीर जसरी मयल धोएर ।
जलमा दिन्दिनै राम्ररी स्नान गरेर ।।
त्यसैगरी गीतारुपीगंगाजलमा स्नाल गरेर ।
जान्छ संसाररुपी मयलको नास भएर ।।३।।

गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः ।
या स्वयं पद्मनाभस्य मुखपद्माद्विनिः सृता ।।४।।

गीताको गर्जना छ लोकलोकमा मा नेर शास्त्र सार ।
किन गर्नु पऱ्यो अरु शास्त्रको विस्तार ।।
जस्को मूल स्वयं पद्मनाम नारायणको
मुखकमलबाट छ बहेको ।।४।।

भारतामृतसर्वस्वं विष्णोर्वक्त्राद्विनिःसृतम् ।
गीतागङ्गोदकं पीत्वा पुनर्जन्म न विद्यते ।।५।।

भारतवर्षमा सवकालागी अमृत समानकी ।
श्रीविष्णुका मुखकमलबाट निस्किएकी ।।
गीतारुपी गंगाजल पियो यदि भने संसारमा ।
पर्दैन फेरी पर्नु जन्म-मरणरुपी चक्करमा ।।५।।

सर्वो उपनिषदो गावो दोग्धा गोपाल नन्दन ।
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत् ।।६।।

गाई हुन् सबै उपनिसद पनि यसमा ।
ग्वाला हुन् दुहुने गोपालनन्दन त्यसमा ।।
बाछा हुन् पार्थ महान् भाग्यमानी प्यासी ।
अमृतमय मधुर दुग्धधारा पिउने गीतारुपी ।।६।।

एकं शास्त्रं देवकीपुत्र गीता,
एको देवो देवकीपुत्र एव ।
एको मन्त्रस्तस्य नामानि यानि,
कर्माप्येकं तस्य देवस्य सेवा ।।७।।

एकै छ शास्त्र देवकी पुत्र गीता नै,
एकै छ देवता देवकी पुत्र कृष्णनै ।
एकै छ मन्त्र पनि उनैका सहस्र नाम जप्नुपर्ने ,
एकै छ कर्म पनि उनैका सेवा गर्नुपर्ने ॥७॥

ध्यानम्

ॐ पार्थाय प्रतिवोधितां भगवता नारायणेन स्वयं ।
व्यासेन ग्रथितां पुराणमुनिना मध्येमहाभारतम् ॥१॥

ओम शोकाकुल अर्जुनप्रति कृपा गरिएको ।
साक्षात् भगवान् नारायण आफैले संझाइएको ॥
श्रीकृष्ण द्वैपायनद्वारा त्यसको रचना भएको ।
पुराणमध्ये महाभारतमा समावेस गरिएको ॥१॥

नमोऽस्तु ते व्यास विशालवुध्दे,
फुल्लारविन्दायत पत्रनेत्र ।
येन त्वया भारततैल पुर्णः ,
प्रज्वालितो ज्ञानमयः प्रदीपः ॥२॥

नमामी विशाल बुद्धि भएका व्यासलाई ।
प्रफुल्ल पद्मपत्रजस्ता नेत्र भएकालाई ॥
जस्ले तिमीलाई दिनुभो तैलपुर्ण पात्रमा ।
प्रकाशित ज्ञानमय बत्ति भारतवर्षमा ॥२॥

प्रपन्न पारिजाताय तोत्रवेत्रैक पाणेय ।
ज्ञान मुद्राय कृष्णाय गीतामृत दुहे नमः ॥३॥

दीनदुःखिका निमित्त कल्पवृक्ष समान भएका ।
एक पाणि लगाम छडी समातेर बसेका ।।
यसरी ज्ञानमुद्रा धारण गरेका कृष्णलाई ।
नमामी गीतामृत दुहुने देवकी नन्दनलाई ।।३।।

वसुदेवसुतं देवं कंस चाणुर मर्दनम् ।
देवकी परमानन्दं कृष्णं वन्दे जगत् गुरुम् ।।४।।

वसुदेव पुत्रं वासुदेव देवम् ।
कंस चाणुरादि मल्ल मर्दनम् ।।
देवकी परम आनन्द प्रदानं श्रीकृष्णम् ।
वन्दे अहं जगत्क गुरु मालिकम् ।।४।।

भिष्म द्रोण तटाजयद्रथ जला,
गान्धार नीलोत्पला ।
शल्य ग्राहवती कृपेया वहनी,
कर्णेन वेलाकुला ।।
अस्वत्थामा विकर्ण घोर मकरा,
दुर्योधन आवर्तिनी ।
सोत्तीर्णा खलु पाण्डवै रणनदी,
कैवर्तकः केशवः ।।५।।

भिष्म द्रोण किनारा जयद्रथ जला ।
गान्धार शकुनी अथाह गहिराईजलका ।।
सल्यग्राह कृपाचार्य प्रवाह जल यसका ।
सुतपुत्र कर्ण लहर पनि भएका ।।

अस्वत्थामा विकर्ण घोर मकरा भएका ।
गान्धारी पुत्र दुर्योधनभँमर समानका ।।
यसरी दुस्ततर भएको रणनादी पाण्डवलाई ।
पारलगाउने भएका अकेलाकेशव त्यसलाई ।।५।।

पराशर्यवचः सरोजममलं, गीतार्थ गन्धोत्कटं ।
नानाख्यानककेशरं हरिकथा, सम्वोधनावोधितम् ।।
लोकेसज्जनषट्पदै रहरहः पेपीयमानं मुदा ।
भूयाद्भारतपंकजं कलिमल प्रध्वंसि नः श्रेयसे ।।६।।

पाराशर व्यासका वचन, कमल फूल निर्मल ।
त्यस फूलको तिव्रवासना भएको गीतार्थ ।।
हरि कथाका नाना दृष्टान्त केशर ।
सम्वोधनादि त्यस फूल खिलाउने प्रकाश ।।
लोकका सज्जन वृन्द त्यस फूलका सबै रस ।
गर्दछन् पान रहिरहि मस्त भएर ।।
गीतारुपी यस कमल फूलले गर्दछ ।
भारतवर्षमा कलिमलनष्ट गरेर कल्याण ।।६।।

मुकं करोति वाचालं, पङ्गुं लङ्घयते गिरिम् ।
यत्कृपा तमहं वन्दे परमान्द माधवम् ।।७।।

एकं शास्त्रं देवकीपुत्र गीता,
एको देवो देवकीपुत्र एव ।
एको मन्त्रस्तस्य नामानि यानि,
कर्माप्येकं तस्य देवस्य सेवा ।।८।।

त्वमेव माता च पिता त्वमेव,
त्वमेव वन्धुश्च सखा त्वमेव ।
त्वमेव विद्या द्रविणम् त्वमेव,
त्वमेव सर्वम् मम देव देव ।।१।।

✶ श्रीहरि शरणम् ✶

श्री गणेशाय नमः
श्री सरस्वत्यै नमः

श्री भगवती गीतामाताको ध्यान

ॐ स्वयं भगवान् नारायण मुखारवृन्दबाट बहेकी ।
शोकाकुल अर्जुन प्रति उपदेश गर्ने भएकी ॥
व्यासमुनि रचित पुराण मध्ये महाभारतमा जन्मिएकी ।
जगतमा अद्वैतरुपि अमृतको वर्षा गर्ने पनि भएकी ॥
सातसय अनेक किसिमका गहना वस्त्र पहिरेकी ।
अष्टादश हातमा अनेक अस्त्र शस्त्र धारण गरेकी ॥
गर्दछु ध्यान स्मरण गरेर यस्ति भगवती मातालाई ।
उद्धार गर भगवत् गीते संसाररुपी भयबाट मलाई ॥१॥

गीता गंगा गायत्री सीता सत्या सरस्वती ।
व्रम्हविद्या व्रम्हवल्ली त्रिसन्ध्या मुक्त गेहिनी ॥
अर्धमात्रा चिदानन्दा भवघ्नी क्रान्तिकारिणी ।
वेदत्रयी परा अनन्ता तत्वार्थ ज्ञान मञ्जरी ॥२॥

यदी यसतो नाम भएको यसलाई जुन मनुस्यले ।
सधैंभरी निश्चल वुद्धि गरेर जप्दछ भने ॥
छिट्टै नै ज्ञानको सिद्धि भएर जसलाई ।
प्राप्त हुन्छ अन्त्यमा परमगती तिनलाई ॥३॥

श्रीहरि शरणम् ॥

श्री परमात्मने नमः
श्री गणेशायं नमः
ॐ नमो नारायणायस

श्रीमद्भगवद्गीतामाता प्रकाश
बन्दना

जय जय गजवदनं परम सुन्दर एकदन्तम् ।
जय जय लम्वोदरं त्रिनयनं परम पवित्रम् ॥
बाल दिवाकर उदितकर उज्वल कायकान्तम् ।
नमामी विघ्नेश्वर श्री गणेश सकल विघ्नहरम् ॥१॥

माला कुण्डल सहित स्वेतवस्त्र धारण गरेकी ।
पद्माशनी विणा हातमा लिएकी ॥
जहा हुन्छ श्री हरीको गुणगान विधि भवन त्यागि ।
भक्तका वाणीमा बन्ने भएकी हंस बाहिनी ॥२॥

कुन्दइन्दु सदृष सर्वाङ्ग सुन्दर मुहार भएकी ।
यसती माता सारदाको चरण कमलमा शिर राखी ॥
गर्दछु बन्दना गीतामाता प्रकाश पारन ।
आफ्नो वाणी सफल हवस् माते भनेर ॥३॥

कुन्द इन्दु शंख सदृश सुन्दर गौरवर्णम् ।
भक्त उपर मनोवान्छित फलप्रदायन त्रिनेत्रं ॥
दिन दयालु पार्वती पति भगवान शिव शंकर ।
गर्दछु दण्डवत् भक्ति मिलोस कामारी भनेर ॥४॥

श्रद्धा विश्वासकै रुप हुन भवानी शंकर ।
जानिदैन उनैको भक्ति बिना परमात्मा ईश्वर ॥५॥

शंकरकै रुप हुन् गुरु तुलसीदासलाई ।
र्गदछु बन्दना उद्धव गीतामाता प्रकाश पार्नलाई ॥६॥

जो स्वयं नारायण अवतार वेद व्यासलाई ।
बन्दना छ तिनका रचना बेद पुराणादि समेतलाई ॥
जसका कृतिले यस जन्म मृत्युरुपी लोकमा जन्मीएर ।
हुन्छन् मूक्त मनुस्य कलिमलरुपी ग्रहबाट छुटेर ॥७॥

ज्ञान वैराग्यका धाम भएका,
नारायणका परम भक्त नारदलाई ।
गर्दछु प्रणाम कृपा दृष्टी परोस् भनेर,
सम्पुर्ण लोकका पुजनीय देवदर्शीलाई ॥८॥

जयजय पवन तनय बजरंबली,
जयजय अन्जनीपुत्र हनुमानगोसाई ।
अर्जुन ध्वजागामी रामका सेवक,
हे महावीर हनुमान मलाई ॥
बलबुद्धि मिलोस बुझिरुची सेवकको,
हटोस् डर त्रास काल कलीको ॥९॥

यसोदा लाल गोप गोपी बल्लभ,
पार्थ सारथी श्रीकृष्ण गोपाल ।
उपदेशउ बसी हृदयंकज उद्धव,
गीतामाता प्रकाश वाणी सफल पारन ॥१०॥

हे वसुदेव देवकी पुत्र नन्दलाल ।
कंश चाणुरादि मार्ने श्रीकृष्ण बलराम ॥
गर्दछु बन्दना मोरमुकुट धारी यसोदा लाल ।
भक्ति मिलोस हे जगतका गुरु मालिक ॥११॥

गर्दछु प्रणाम श्रीकृष्ण अर्जुन दुवै वीरलाई ।
भार हर्ने पृथ्वीका नरनारायण अवतारलाई ॥१२॥

अन्तमा दण्डवत् गरेर नारायण उत्तम नरलाई पनि ।
गर्दछु प्रारम्भ देवी सरस्वती व्यासको जयजय भनी ॥१३॥

श्री हरी शरणम् ॥

ॐ नमो भगवते वासुदेवाय
श्री परमात्मने नमः

श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ प्रथम अध्याय
अर्जुन विषाद योगम्

धृतराष्ट्र उवाच

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सव।
मामकाः पाण्डवाश्चैव किमकुर्वत सञ्जय ॥१॥

कहत राजा धृतराष्ट्र चिन्तित भएर
युद्धकामनाले जम्मा भई बसेका ।
धर्मभूमी कुरुक्षेत्रका मैदानमा ॥
मेरा अनी पाण्डुपुत्रहरुले फेरी ।
के गरे भन संजय दिव्य दृष्टी गरी ॥१॥

सञ्जय उवाच

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा ।
आचार्यमुपसङ्गम्य राजा वचनमब्रवीत् ॥२॥

कहत संजय राजाका मनोभव बुझेर ।
दुर्योधनले राजा त्यसबखत सोचेर ॥
गुरु द्रोणाचार्यका समिपमा गएर ।
यसता बचन भन्नुभयो विनम्र भएर ॥२॥

पश्यैतां पाण्डुपुत्राणामाचार्य महतीं चमूम् ।
व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता ॥३॥

हेर्नुहोस् पूज्य आर्चाय ठुलो भारी ।
पाण्डुपुत्रका सेनालाई चौतर्फी दृष्टीगरी ॥
आफु गुरुका बुद्धिमान चेलो भएका ।
द्रुपदपुत्र धृष्टद्युम्नले ब्युह रचना गरेको ॥३॥

अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि
युयुधानो विराटश्च द्रुपदश्च महारथः ॥४॥

ठुल्ठुला धनुर्धारी सुरविर छन् जहँ ।
भिम अर्जुन समान योद्धा भएका त्यहँ ॥
सात्यकी अनी विराट पनी ।
महारथी हुन् फेरी राजा द्रुपद पनी ॥४॥

धृष्टकेतुश्चेकितानः काशिराजश्च वीर्यवान्
पुरुजित्कुन्तिभोजश्च शैब्यश्च नरपुङ्गवः ॥५॥

धृष्टकेतु अनि चेकीतान पनि ।
वलवान् हुन् फेरी काशीराज पनि ॥
पुरुजित अनि कुन्तिभोज पनि ।
श्रेष्ठ छन् मनुष्यमा ती पनि ॥५॥

युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान्
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः ॥६॥

पराक्रमी छन् युधामन्यु अनि ।
वलवान् हुन फेरी उत्तमौजा पनि ॥
सौभद्रो अभिमन्यु द्रौपदीका पुत्रहरु पनि ।
महारथी हुन् सबै नै त्यसै गरी ॥६॥

अस्माकं तु विशिष्टा ये तान्निबोध द्विजोत्तम
नायका मम सैन्यस्य संज्ञार्थं तान्ब्रवीमि ते ॥७॥

हाम्रा सैन्य तर्फका पनि सेनानायकहरुका ।
जो जो विशिष्ट छन् फेरि तिनीहरुका ॥
जानकारी निमित्त बताउँछु गुरु आफुमा ।
संझना हवस् उत्तम ब्राह्मण तिनमा ॥७॥

भवान्भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जयः
अश्वत्थामा विकर्णश्च सौमदत्तिस्तथैव च ॥८॥

आफु आर्चाय पितामह भिष्म कर्ण अनि ।
हुनुहुन्छ विजयी कृपाचार्य पनि ॥
भुरिश्रवा विकर्ण अनि अश्वत्थामा ।
विजयी छन त्यसैगरि संग्राममा ॥८॥

अन्ये च बहवः शूरा मदर्थे त्यक्तजीविताः ।
नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ॥९॥

अरुपनि धेरै सुरविर छन् रणभुमीमा ।
जीवन समर्पण गरेका मेरा निमित्तमा ॥
नाना शस्त्र अस्त्र धारण गरेर बसेका ।
सवै नै छन युद्धकला निपुण भएका ॥९॥

अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम्
पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् ॥१०॥

असिमित छ संग्राममा हाम्रा सैन्य वल ।
पितामह भिष्मद्वारा सुरक्षित भएको वल ॥

सिमित छ परन्तु तिन्का सैन्य वल ।
भिमद्वारा सुरक्षित भएको सैन्य वल ॥१०॥

अयनेषु च सर्वेषु यथाभागमवस्थिताः
भीष्ममेवाभिरक्षन्तु भवन्तः सर्व एव हि ॥११॥

यस युद्धको सम्पुर्ण मोर्चाबाट ।
उपस्थित भई बल्दछौं हामी जहाँ जहाँ ॥
पितामह भिष्मका सवतिरबाट ।
हुनुपदर्छ सुरक्षा तिन्का तहँ तहँ ॥११॥

तस्य सञ्जनयन्हर्षं कुरुवृद्धः पितामहः
सिंहनादं विनद्योच्चैः शङ्खं दध्मौ प्रतापवान् ॥१२॥

कुरुवृद्ध पितामह भिष्मले दुर्योधनको ।
हर्षउत्पन्न गर्न निमित्त भनेर तिनको ॥
सिंहनाद भएसरी उच्चस्वर गरेर ।
वजाउनुभो महाप्रतापि शंख फुकेर ॥१२॥

ततः शङ्खाश्च भेर्यश्च पणवानकगोमुखाः
सहसैवाभ्यहन्यन्त स शब्दस्तुमुलोऽभवत् ॥१३॥

शंख नगरा ढोलादि वाजा त्यसपछि ।
बजे मृदङ्ग अनि नृसिंहआदि वाजा पनि ॥
एकै साथ बजेको त्यस शब्द धोषले ।
भयंकर आवाज भयो रणभुमीमा जोडले ॥१३॥

ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ

माधवः पाण्डवश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः ॥१४॥

त्यसपछि सेता घोडाहरु जोतिएका ।
महान रथमा सवार पनि भएका ॥
माधव अनि पाण्डवले ।
दिब्य शंखधोषभो स्वभावैले ॥१४॥

पाञ्चजन्यं हृषीकेशो देवदत्तं धनञ्जयः

पौण्ड्रं दध्मौ महाशङ्खं भीमकर्मा वृकोदरः ॥१५॥

बजाउनुभो ऋषिकेशले पाञ्चजन्यलाई ।
धनन्जयले फेरि देवदत्त शंखलाई ॥
भयानक कर्म गर्ने वृकोदरैदे ।
बजाउनुभो महाशंख पौण्ड्र बलैले ॥१५॥

अनन्तविजयं राजा कुन्तीपुत्रो युधिष्ठिरः

नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ ॥१६॥

अनन्त विजय नामक शंख शान्तश्वरले ।
बजाउनुभो राजा कुन्तीपुत्र युधिष्ठिरले ॥
नकुल शहदेवले पनि क्रमैसँग ।
बजाउनुभो शंख सुघोष मणिपुष्पक ॥१६॥

काश्यश्च परमेष्वासः शिखण्डी च महारथः

धृष्टद्युम्नो विराटश्च सात्यकिश्चापराजितः ॥१७॥

त्यसपछि श्रेष्ठ धनुर्धारी काशिराजले ।
बजाउनुभो अनि महारथि शिखण्डीले ॥
बजाउनुभो धृष्टद्युम्न राजा विराटले अनि ।
त्यसैगरि अपराजित सात्यकिले पनि ॥१७॥

द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते
सौभद्रश्च महाबाहुः शङ्खान्दध्मुः पृथक् पृथक् ॥१८॥

राजा द्रुपद अनि द्रौपदीका पाचै पुत्रले ।
फेरी महावाहु सुभद्रापुत्र अभिमन्युले ॥
बजाउनुभो शंखादि पृथिवीपते ।
पृथक पृथक गरेर सबैजनाले ॥१८॥

स घोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत्
नभश्च पृथिवीं चैव तुमुलोब्यनुनादयन ॥१९॥

आफु घृतराष्ट्र पुत्रका ह्दय यसले ।
विदिर्ण बनायो त्यस शब्दधोषले ॥
कम्पायमान भयो पृथिवी तलमा ।
महान शब्दध्वनी भएर नभमण्डलमा ॥१९॥

अथ व्यवस्थितान्दृष्ट्वा धार्तराष्ट्रान् कपिध्वजः
प्रवृत्ते शस्त्रसम्पाते धनुरुद्यम्य पाण्डवः ॥२०॥

त्यसपछि युद्धमा तयार भएर बसेका ।
देखेर कपिध्वजले आफु धृतराष्ट्र पुत्रौंका ॥
अस्त्र शस्त्र उठाएर लड्नुपर्ने बेलामा ।
आफ्नो धनु लिएर पाण्डवले हातमा ॥२०॥

हृषीकेशं तदा वाक्यमिदमाह महीपते।
सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ॥२१॥

गुडाकेशले भन्नु भो यसतो बचन त्यस बखतमा ।
ऋषिकेशलाई महिपते रणभुमीमा ॥
दुवै सेनाको मध्यभागमा लगेर ।
स्थापना हवस् मेरो रथलाई अच्युत ॥२१॥

यावदेतान्निरीक्षेऽहं योद्धुकामानवस्थितान्
कैर्मया सह योद्धव्यमस्मिन् रणसमुद्यमे ॥२२॥

जवतक म निरिक्षण गरु यिनिहरुलाई ।
युद्धका कामनाले आएका लडाकुलाई ॥
कस कस संग लड्न योग्य छ ऐले मलाई ।
सन्मुख उपस्थित यस रणब्यपार आई ॥२२॥

योत्स्यमानानवेक्षेऽहं य एतेऽत्र समागताः ।
धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षवः ॥२३॥

युद्ध चहाना गर्ने लडाकु हेर्न चाहान्छु म ऐले ।
जो यहाँ समागम भएका छन् तिन्लाई पहिले ॥
धृतराष्ट्र पुत्र दुर्वुध्दि दुर्योधन जसलोई ।
सहायता गर्न आएका छन् जो जो जतिलाई ॥२३॥

सञ्जय उवाच

एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत ।
सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम् ॥२४॥

संजय भन्नुहुन्छ राजा धृतराष्ट्रलाई ।
यती यसता बचन भनेर ऋषिकेशलाई ॥
गुडाकेशले भारत आफ्नो सारथी माधवलाई ।
दुबै सेनाको विचभागमा अघि बढाएर ।
स्थापना भयो उत्तम रथलाई लगेर ॥२४॥

भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम् ।
उवाच पार्थ पश्यैतान्समवेतान्कुरूनिति ॥२५॥

मुख्यत : भीष्म द्रोणका सन्मुख हुनेगरी ।
अरु सवै महिपति समेतले देखिने गरि ॥
भन्नुभो अनि हेर पार्थ यी लडाकु सबलाई ।
सामेल भएका कौरवादि सैन्यलाई ॥२५॥

तत्रापश्यत्स्थितान् पार्थः पितृनथ पितामहान् ।
आचार्यान्मातुलान्भ्रातृ न्पुत्रान्पौत्रान्सखींस्तथा ॥२६॥

गुरु बाजे काका अनि मामा पनि ।
भाई छोरा नाती अनि इष्ट मित्र पनि ॥
देख्नुभो पार्थले तहँ ती सबलाई ।
जम्मा भएर बसेका रणभुमीमा आई ॥२६॥

श्वशुरान्सुहृदश्चैव सेनयोरुभयोरपि ।

तान्समीक्ष्य स कौन्तेयः सर्वान्बन्धूनवस्थितान् ॥२७॥

ससुरा अनि हितैषीहरु पनि छन् जहाँ ।
दुबै सेनातर्फ खडा भएका मैदानमा ॥
अवस्थित भएका ती सम्पुर्ण आफन्तलाई ।
समिक्षा गरेर कौन्तेय जो फेरि निरास भई ॥२७॥

अर्जुन उवाच

कृपया परयाविष्टो विषीदन्निदमब्रवीत् ।

दृष्ट्वेमं स्वजनं कृष्ण युयुत्सुं समुपस्थितम् ॥२८॥

कृपाले अत्यन्त करुणा रसले भरिएर ।
भन्नुभो शोकाकुल यसतो बचन गरेर ॥
कहत अर्जुन मोर मुकुटधारी कृष्णलाई ।
देखेर यी आफन्त ऐले कृष्ण मलाई ।
युद्ध कामनाले आएका यी सम्पूर्ण लडाकुलाई ॥२८॥

सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति ।

वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते ॥२९॥

मेरा अंग प्रत्यङ्ग गलित भएर आए गाथमा ।
सुकेर आयो रसना पनि मुखमा ॥
रिंगटाले घुमायो मेरो शरीरलाई ।
रोमहर्ष उत्पन्न भएको छ ऐले मलाई ॥२९॥

गाण्डीवं स्रंसते हस्तात्त्वक्चै व परिदह्यते ।
न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः ॥३०॥

गाण्डिव धनु थाम्न पनि नसक्ने भए हातले ।
ज्वलन भएको छ मेरो छातीमा ऐले ॥
उठेर बस्न पनि नसक्ने भए शरीर कम्पले ।
भ्रमित छ मेरो मन पनि विवेक हिनताले ॥३०॥

निमित्तानि च पश्यामि विपरीतानि केशव ।
न च श्रेयोऽनुपश्यामि हत्वा स्वजनमाहवे ॥३१॥

युद्धको लक्षण पनि संतापले ।
देख्दछु विपरीत केशव बुद्धिले ॥
कल्याण पनि देख्दिन आफ्नो मनमा ।
आफन्त मारेर संग्राम भुमीमा ॥३१॥

न काङ्क्षे विजयं कृष्ण न च राज्यं सुखानि च ।
किं नो राज्येन गोविन्द किं भोगैर्जीवितेन वा ॥३२॥

न गर्छु विजयको कृष्ण चहाना ।
न छ राज्य सुख भोगको तृष्णा ॥
यदि प्रजा नै जीवित भएनन् भने फेरी ।
के गर्छ राज्यले गोबिन्द वा सुख भोगले पनि ॥३२॥

येषामर्थे काङ्क्षितं नो राज्यं भोगाः सुखानि च ।
त इमेऽवस्थिता युद्धे प्राणांस्त्यक्त्वा धनानि च ॥३३॥

जसका लागी कामना छ हामीलाई ।
राज्यको शुख भोग गरेर बस्नलाई ॥
ती सबै नै आएका छन् ऐले रणभुमीमा ।
धन अनि प्राणलाई पनि त्यागेर मनमा ॥३३॥

आचार्याः पितरः पुत्रास्तथैव च पितामहाः ।
मातुलाः श्वशुराः पौत्राः श्यालाः सम्बन्धिनस्तथा ॥३४॥

आचार्य काका पुत्र पौत्रादि पनि ।
सामेल छन् फेरी पितामह भिष्म पनि ॥
मामा ससुरा अनि सालाहरु पनि ।
सामेल छन् सम्बन्धित स्वजन त्यसैगरि ॥३४॥

एतान्न हन्तुमिच्छामि घ्नतोऽपि मधुसूदन ।
अपि त्रैलोक्यराज्यस्य हेतोः किं नु महीकृते ॥३५॥

इच्छा छैन मार्न ऐले तिनीहरुलाई ।
मारेर फेरि मधुसुदन आफन्तलाई ॥
तिनै लेकको राज्य मिल्दछ भने पनि ।
पृथ्वीको राज्य त के कुरा भो हामीलाई ॥३५॥

निहत्य धार्तराष्ट्रान्नः का प्रीतिः स्याज्जनार्दन ।
पापमेवाश्रयेदस्मान्हत्वैतानाततायिनः ॥३६॥

स्व बन्धु धृतराष्ट्र पुत्रादि मारेर फेरी ।
के शान्ति मिल्दछ जनार्दन हामीलाई ॥
पाप मात्र लाग्दछ मारेर बरु हामीलाई ।
यसता आवतायी दुर्योधनादि भाई ॥३६॥

तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान्स्वबान्धवान् ।
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ॥३७॥

योग्य छैन तर्सथ मार्न तिन्लाई ।
स्व बन्धु धृतराष्ट्रका पुत्रादिलाई ॥
कसरी मार्नु आफन्तलाई नै गोबिन्द ।
आफु सुखी हुन निमित्त माधव ॥३७॥

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः ।
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ॥३८॥

यद्यपि जान्दैनन् यो कुरा दुर्योधनादि भाईले ।
लोभद्वारा हरण भएको चेतनाले ॥
कुलनास भए पछि लाग्दछ दोष अनि ।
मित्रका द्रोह गरेमा पातक पनि ॥३८॥

कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्तितुम् ।
कुलक्षयकृतं दोषं प्रपश्यद्भिर्जनार्दन ॥३९॥

कुलनाश भएको दोष यसलाई ।
देख्दछन् विद्वानले जर्नादन त्यसलाई ॥
यस पापबाट छुटकारा पाउने उपाय पहिले ।
किन नगर्ने जानिफकार भएर हामीले ॥३९॥

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः ।
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥४०॥

कुलनाश दोषले नष्ट हुन्छ फेरि ।
कुलमा चलेको सनातन कुलधर्म पनि ॥
धर्मनष्ट भएपछि सम्पुर्ण कुलमा ।
उत्पत्ति हुन्छ अधर्म मनुष्यका समाजमा ॥४०॥

अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः ।
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसङ्करः ॥४१॥

अधर्मको उत्पत्तिले कृष्ण फेरि ।
प्रदुषित हुन्छिन् कुलनारी पनि ॥
दुष्टमति भएपछि नारीका वार्ष्णेय ।
पैदा हुन्छन् सन्तान वर्णसंकर ॥४१॥

सङ्करो नरकायैव कुलघ्नानां कुलस्य च ।
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥४२॥

कुलाङ्गार संकर संतानले नरकमा फेरि ।
पार्दछन् कुलघाति अनि कुललाई पनि ॥
और्देहिक कृया पिण्डपानि लुप्त भएर अनि ।
पतन हुन्छन् पितृलोक देखि पितृपनि ॥४२॥

दोषैरेतैः कुलघ्नानां वर्णसङ्करकारकैः ।
उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्च शाश्वताः ॥४३॥

वर्णसंकर कारण यसै दोषले ।
कुलघाति जनको जुन त्यसै दोषले ॥
नष्ट पार्दछ जाति धर्म अनि ।
सनातन कुलधर्म पनि ॥४३॥

उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन ।
नरकेऽनियतं वासो भवतीत्यनुशुश्रुम ॥४४॥

कुलधर्म नष्ट भएपछि ।
मनुष्यका लागी जनार्दन फेरि ॥
अनन्तकाल सम्म हुन्छ वास नरकमा ।
यसतो सुनेछु मैले शास्त्रमा ॥४४॥

अहो बत महत्पापं कर्तुं व्यवसिता वयम् ।
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः ॥४५॥

अहो धिक्कार महापाप गर्नलाई ।
जम्मा भएका छौं हामी रणभुमी आई ॥
जुन राज्यको सुखभोग लोभमा परेर ।
तम्सिएकाछौं आफन्त मार्न घमण्डि भएर ॥४५॥

यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः ।
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत् ॥४६॥

युद्ध प्रतिकार गर्ने निशस्त्रि मलाई ।
अस्त्र शस्त्र धारण गरेर हातमा फेरि ॥
धृतराष्ट्र पुत्रादिले मार्दछन् भनेपनि ।
त्यो पनि क्षमा गर्दछु म एक्लै तिन्लाई ॥४६॥

सञ्जय उवाच

एवमुक्त्वार्जुनः सङ्ख्ये रथोपस्थ उपाविशत् ।
विसृज्य सशरं चापं शोकसंविग्नमानसः ॥४७॥

कहत संजय धृतराष्ट्रलाई ।
यति यसतो बचन भनेर अर्जुन रणभुमीमा ।
बस्नु भो पछाडि आशन गरेर रथमा ॥
धनुष वाण सहित ठोक्रो त्यागेर ।
मानसिक चिन्ताले ग्रस्त भएर ॥४७॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्मविद्या तथा योगशास्त्र विषयक
श्रीकृष्ण और अर्जुनका संवादमा
अर्जुन विषाद योग नामक
प्रथम अध्याय १ यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्

★श्री हरि शरणम्★

ॐ नमो भगवते वासुदेवाय
श्री परमात्मने नमः

श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ द्वितीयोध्याय :

सांख्य योगम् :

सञ्जय उवाच

तं तथा कृपयाविष्टमश्रुपूर्णाकुलेक्षणम् ।
विषीदन्तमिदं वाक्यमुवाच मधुसूदनः ॥१॥

कहत संजय धृतराष्ट्रलाई ।
अश्रुपूर्ण नेत्र गरेर दीन दुःखी भई ।
यस प्रकार बसेका अर्जुनलाई ॥
लाग्नुभो सम्झाउन मधुसूदन ।
शोकाकुल प्रति यसतो गरेर वचन ॥१॥

श्रीभगवानुवाच

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम् ।
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ॥२॥

एकपाणि लगाम छडी समातेका श्री भगवान ।
भन्नु हुन्छ पारीजात समान यसतो वचन ॥
कहाँबाट आयो विकार यसतो तिमीमा ।
विषम परिस्थिति उत्पन्न यसतो बेलामा ॥
यो हो अनार्यजनले गरिने आचरण ।
न मिल्छ स्वर्ग यसबाट न किर्ति बुझ अर्जुन ॥२॥

क्लैब्यं मा स्म गमः पार्थ नैतत्त्वय्युपपद्यते ।
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परन्तप ॥३॥

प्रणत क्लेश उत्पन्न भयो पार्थ तिमिमा ।
सुहाउदैन विकार यसतो महानुभावमा ॥
हृदयको तुच्छे दुर्वलता यसतो त्यागेर ।
उठ फेरि परंतप संग्राममा तयार भएर ॥३॥

अर्जुन उवाच

कथं भीष्ममहं सङ्ख्ये द्रोणं च मधुसूदन ।
इषुभिः प्रतियोत्स्यामि पूजार्हावरिसूदन ॥४॥

अर्जुन भन्नु हुन्छ अनि कृष्णलाई ।
कसरी म पितामह भिष्म सँग ।
गुरु द्रोणाचार्य सँग पनि मधुसुदन ॥
कसरी गरुँ संग्राम यी दुबैजना सँग ।
पुजनीय हुन् मेरा यी दुबैजना अरिसुदन ॥४॥

गुरूनहत्वा हि महानुभावान्
श्रेयो भोक्तुं भैक्ष्यमपीह लोके
हत्वार्थकामांस्तु गुरूनिहैव
भुञ्जीय भोगान् रुधिरप्रदिग्धान् ॥५॥

मार्दैनन् महानुभावले गुरुजनलाई ।
श्रेय छ बरु लोकमा भिक्षा मागि खानलाई ॥
परन्तु कामना निमित्त मार्दछन् भने फेरी ।
भोग्नु नै छ तिन्का रगतले भिजेकी पृथीवी ॥५॥

न चैतद्विद्मः कतरन्नो गरीयो

यद्वा जयेम यदि वा नो जयेयुः

यानेव हत्वा न जिजीविषाम

स्तेऽवस्थिताः प्रमुखे धार्तराष्ट्राः ॥६॥

के गर्नाले हुन्छ श्रेय यो पनि छैन थाहा मलाई ।
जय हुन्छ की पराजय युद्धमा फेरि ॥
बाँच्न पनि चाहन्न मारेर स्व बन्धु भाई ।
सन्मुख उपस्थित धृतराष्ट्र पुत्रादिलाई ॥६॥

कार्पण्यदोषोपहतस्वभावः,

पृच्छामि त्वां धर्मसम्मूढचेताः ।

यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे,

शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् ॥७॥

कायरतारुपी दोष द्वारा हतस्वभावले ।
सोध्दछु म ऐले धर्म मोहित चित्तले ॥
श्रेय छ जुन भन त्यही निश्चिचय गरि मलाई ।
शिष्य हुँ म तिम्रो शरण परेको दीनलाई ॥७॥

न हि प्रपश्यामि ममापनुद्याद्

यच्छोकमुच्छोषणमिन्द्रियाणाम्

अवाप्य भूमावसपत्नमृद्धं

राज्यं सुराणामपि चाधिपत्यम् ॥८॥

जुन यी मेरा इन्द्रियों सुकाउने शोकलाई ।
देख्दिन हटाउने उपाय भएको केहि मलाई ॥

यं हि न व्यथयन्त्येते पुरुषं पुरुषर्षभ

समदुःखसुखं धीरं सोऽमृतत्वाय कल्पते ॥१५॥

विचलित हुदैनन् यसबाट जो पुरुष ।
ती पुरुषलाई पुरुषर्षभ ॥
सुख दुःख समान मान्ने ती धीर पुरुषले ।
अमृतमय पद पाउँछन् अनि तिनले ॥१५॥

नासतो विद्यते भावो नाभावो विद्यते सतः

उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्त्वदर्शिभिः ॥१६॥

न छ अस्तित्व असत्यको विद्यमान सत्यमा ।
न छ अभाव विद्यमान सत्यको असत्यमा ॥
यी दुबैको भेद ज्ञानीजन पुरुषले ।
जान्दछन् तत्वोदर्षि महात्माले ॥१६॥

अविनाशि तु तद्विद्धि येन सर्वमिदं ततम्

विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥१७॥

परन्तु अविनाशि सत्य जान उस परमात्मालाई ।
ढाकेर बसेकोछ जसले यस सम्पुर्णतालाई ॥
अविनाशि भएका छन् फेरी जो ।
को हुन्छ समर्थ विनाश गर्न तिनको ॥१७॥

अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः

अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ॥१८॥

नासवान छ देह यो सबैको ।
नित्य छ फेरी शरीरधारी जिवात्मा त्यो ॥

नास रहित अप्रंमेय जानेर यसलाई ।
युद्धमा लगाउ त्यसैले भारत आफुलाई ॥१८॥

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम्
उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ॥१९॥

मारेको ठान्दछ जसले जिवात्मालाई ।
मरेको पनि मान्दछ भने फेरि त्यसलाई ॥
नासमभस्वान भनिन्छ ती दुवैजनालाई ।
न मर्दछ यो न सकिन्छ मार्न त्यसलाई ॥१९॥

न जायते म्रियते वा कदाचित्
नायं भूत्वा भविता वा न भूयः
अजो नित्यः शाश्वतोऽयं पुराणो
न हन्यते हन्यमाने शरीरे ॥२०॥

न जन्मन्छ यो न मर्दछ वा कुनै कालमा ।
न यो भयो वा हुनेछ फेरि त्यसमा ॥
अज नित्य शाश्वत पुरातन पनि भएको ।
शरीर मरेर पनि नमर्ने आत्मा हो यो ॥२०॥

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम्
कथं स पुरुषः पार्थ कं घातयति हन्ति कम् ॥२१॥

सदा अविनाशि जान्दछ जसले यसलाई ।
अजन्मा अब्यय भएको पनि त्यसलाई ॥
कसरी त्यो पुरुषले पार्थ एक अर्कालाई ।
घात गरेर मार्छ कस्ले कस्लाई ॥२१॥

वासांसि जीर्णानि यथा विहाय।
नवानि गृह्णाति नरोऽपराणि।
तथा शरीराणि विहाय जीर्णा,
न्यन्यानि संयाति नवानि देही॥२२॥

पुराना वस्त्र त्यागेर जसरी ।
नयाँ वस्त्र पहिरन्छन् मनुस्यले फेरि ॥
जीर्ण शरीर त्यागेर त्यसैगरी ।
अर्को नयाँ देह प्राप्त गर्छ देहीले अनि ॥२२॥

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥२३॥

न सकिन्छ हतियारले काट्न यसलाई ।
न सकिन्छ आगोले डढाउन त्यसलाई ॥
न सकिन्छ पानीले नै गलाउन फेरि ।
न सकिन्छ हावाले नै शोष्न पनि ॥२३॥

अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च ।
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ॥२४॥

न काटिने न पोलिने न गालिने आत्मा यो ।
यस प्रकार न शोषिने पनि भएको छ यो ॥
नित्य सर्वगत अनि स्थिर भएको जान ।
अचल सनातन पनि भएको ठान ॥२४॥

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते ।
तस्मादेवं विदित्वैनं नानुशोचितुमर्हसि ॥२५॥

अव्यक्त अनि अचिन्त्य भनेर आत्मालाई ।
भनिन्छ फेरि विकार रहित पनि भएको त्यसलाई ॥
यस प्रकार जानेर जीवात्मालाई तिमीले ।
शोक गर्न उचित छैन आफन्तलाई मोहले ॥२५॥

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम् ।
तथापि त्वं महावाहो नैवं शोचितुमर्हसि ॥२६॥

जीवात्मा यसलाई फेरि सदा जन्मने अनि ।
सदा मर्ने ठान्दछौ भने पनि तिमी ॥
त्यसमा पनि महावाहो तिमीलाई ।
शोक गर्न उचित छैन आफन्त प्रति ॥२६॥

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥२७॥

जन्मेकाको मृत्यु सत्य छ भने फेरी ।
मरेकाको पनि जन्म सत्य छ भने अनि ॥
त्यसैले टार्न नसकिने यस कुरामा ।
शोक गर्न उचित छैन तिनका मृत्युमा ॥२७॥

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत ।
अव्यक्तनिधनान्येव तत्र का परिदेवना ॥२८॥

अव्यक्त (शरीर विनाका) भएका प्राणी पहिले ।
व्यक्त भएका छन् भारत अहिले ॥
मरेपछी पनि अव्यक्त हुने संसारमा ।
किन गर्नु पऱ्यो शोक यसताका उपरमा ॥२८॥

आश्चर्यवत्पश्यति कश्चिदेन,
माश्चर्यवद्वदति तथैव चान्यः ।
आश्चर्यवच्चैनमन्यः श्रृणोति,
श्रुत्वाप्येनं वेद न चैव कश्चित् ॥२९॥

आश्चर्य मानेर यसलाई हेर्दछन् कोई ।
आश्चर्य मानेर बताउँछन् यसरी कोई ॥
आश्चर्य मानेर सुन्दछन् फेरि कोई ।
सुनेर पनि जान्दैनन् अनि कोई कोई ॥२९॥

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत ।
तस्मात्सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ॥३०॥

नित्य अनि अवध्य छ आत्मा यो ।
सबैका शरीरमा बसेको भारत त्यो ॥
त्यसकारण प्राणी सम्पुर्णका निमित्तमा ।
शोक गर्न योग्य छैन तिमीले तिन्का मृत्युमा ॥३०॥

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि ।
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते ॥३१॥

स्वधर्म पालना गर्ने कुरामा पनि ।
डराउनु पर्ने कुनै कारण छैन तिमी ॥
श्रेयछ युद्ध गर्न स्वधर्म पालनामा पनि ।
विद्यमान छैन अरु कुरा क्षत्रियलाई अनि ॥३१॥

यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम् ।

सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम् ॥३२॥

स्वभाव अनुसार उत्पन्न भएको ।
स्वर्गको द्वार पनि खोलीएको ।
यस प्रकारको युद्ध पाएर पार्थ ।
सुखि हुन्छन् क्षत्रिय संग्राम गरेर ॥३२॥

अथ चेतत्त्वमिमं धर्म्यं संग्रामं न करिष्यसि ।

ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ॥३३॥

यस प्रकार धर्म संग्राम यसतो पाएर ।
कदाचित् पालना गर्दैनौ भने वनेर काँतर ॥
त्यसपछी स्वधर्म किर्ति पनि हराएर तिम्रो ।
पाप मात्र लाग्नेछ संग्राममा बिमुख भएको ॥३३॥

अकीर्तिं चापि भूतानि,
कथयिष्यन्ति तेऽव्ययाम् ।
सम्भावितस्य चाकीर्ति,
मरणादतिरिच्यते ॥३४॥

अपकिर्ति पनि गाउने छन् लोकले ।
कहिल्यै नमेटिने गरि तिम्रा तिनले ॥
महानुभावका लागि अपकिर्ति फैलिएको ।
मरण भन्दा पनि अधिक दुःख हुन्छ आफ्नो ॥३४॥

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः ।

येषां च त्वं बहुमतो भूत्वा यास्यसि लाघवम् ॥३५॥

रणबाट बहाना बनाएर भागेका डरले ।
ठान्नेछन् तिमीलाई महारथी जनले ॥
जस्मा तिमी बहुमत मान्यजन भएर ।
बस्नु पर्नेछ फेरी निचमा गनिएर ॥३५॥

अवाच्यवादांश्च बहून्वदिष्यन्ति तवाहिताः ।
निन्दन्तस्तव सामर्थ्यं ततो दुःखतरं नु किम् ॥३६॥

धेरैजसो जनले अवाच्य बोलेर ।
गालि दिनेछन् तिम्रो अहित हुने गरेर ॥
आफ्नो सामर्थ्यको यसतो निन्दा सुनेर ।
यो भन्दा अधिक दुःख हुन्छ अरु नै केर ॥३६॥

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम् ।
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चयः ॥३७॥

मर्‍यो यदि भने प्राप्त हुने भोग स्वर्गको ।
जित्यो भने फेरि भोग्न पाइने पृथिवीको ॥
त्यस कारण उठ कौन्तेय संग्राममा ।
गर निश्चय लड्नलाई रणभुमीमा ॥३७॥

सुखदुःखे समे कृत्वा लाभालाभौ जयाजयौ ।
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि ॥३८॥

सुख दुःख यसमा समान भएर फेरी ।
लाभ हानी जय पराजय यसमा पनि ॥
यस प्रकार युद्धमा संलग्न भएपछि ।
लाग्दैन पाप तिमीलाई त्यसपछि ॥३८॥

एषा तेऽभिहिता साङ्ख्ये,
बुद्धिर्योगे त्विमां शृणु ।
बुद्ध्या युक्तो यया पार्थ,
कर्मबन्धं प्रहास्यसि ॥३९॥

ऐले बताएको यहाँ सांख्ये ज्ञान तिमीलाई ।
अब सुन फेरी बुद्धियोगलाई पनि ॥
बुद्धियुक्त हुन्छ पार्थ जब जस्का ।
काटिन्छ कर्म वन्धन पनि तब तेसका ॥३९॥

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते ।
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ॥४०॥

न छ यसमा पारंपरिक धर्मको नाश ।
न छ विद्यमान विपरित कर्म फल दोष ॥
अलिकति मात्र पनि यसको सेवन गर्नाले ।
जोगाउछ धर्मनाश हुने ठुलो त्रासबाट त्यसले ॥४०॥

व्यवसायात्मिका बुद्धिरेकेह कुरुनन्दन ।
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवसायिनाम् ॥४१॥

निर्णयात्मक मनुष्यका बुद्धि ।
एकै हुन्छन् कुरुनन्दन अनि ॥
बहुशाखा अनन्त बुद्धि हुन्छ फेरि ।
अनिर्णयात्मक सकामी मनुष्यका बुद्धि ॥४१॥

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः ।
वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ॥४२॥

श्रृतिका तात्पर्य नबुझेका अविवेकी जना ।
वेदवादमा तल्लिन भएर जो पार्थ यसमा ॥
भोग शिवाय अरु के छ यहाँ यसतो भनेर ।
बोल्दछन् नरम बोली गरेर यस प्रकार ॥४२॥

कामात्मानः स्वर्गपरा जन्मकर्मफलप्रदाम् ।
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ॥४३॥

स्वर्गलाई नै परम ठान्दछन् सकामी पुरुष ।
जन्म कर्म फल प्रदान गर्ने पुरुषार्थ ॥
अनेक प्रकार सकाम कर्म गरेर अनि ।
बल्दछन् भोगेश्वर्य गती प्राप्त गर्न भनि ॥४३॥

भोगैश्वर्यप्रसक्तानां तयापहृतचेतसाम् ।
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ॥४४॥

आसक्त भएका छन् जो भोगौश्वर्य गर्नमा ।
चित्त पनि अपहरण हुन्छ तिनका भोगमा ॥
निर्णयात्मक नभएको बुद्धि समाधिमा ।
स्थिर हुदैन तिन्का अन्तःस्करणमा ॥४४॥

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन ।
निर्द्वन्द्वो नित्यसत्त्वस्थो निर्योगक्षेम आत्मवान् ॥४५॥

तिनै गुण विषयका भएका छन् वेदमा बर्णन ।
तिनै गुणले रहित भएर यसमा बस अर्जुन ॥
द्वन्द रहितनित्य सत्वमा स्थिर भएर ।
बस कुशल क्षेम नचाहने आत्मवान बनेर ॥४५॥

यावानर्थ उदपाने सर्वतः सम्प्लुतोदके ।
तावान्सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ॥४६॥

कुवाको जलमा हुन्छ प्रयोजन तब सम्म ।
भरीपुर्ण सरोवर जलाशय नभेटे सम्म ॥
व्राह्मणका वेदमा हुन्छ प्रयोजन तब सम्म ।
त्यसैगरि वेदका सम्पुर्ण तात्पर्य नजाने सम्म ॥४६॥

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ॥४७॥

कर्ममा मात्र हुन्छ अधिकार तिम्रो ।
हुदैन फलभोगमा कहिले पनि कसैको ॥
फलको इच्छापनि गर्नु हुदैन कर्ममा ।
प्रिति गरेर बस्नु हुँदैन फेरी अकर्ममा ॥४७॥

योगस्थः कुरु कर्माणि सङ्गं त्यक्त्वा धनञ्जय ।
सिद्ध्यसिद्ध्योः समो भूत्वा समत्वं योग उच्यते ॥४८॥

कर्म गर योगमा स्थिर भएर धनंजय ।
कर्म आसक्ति यसलाई त्यागेर ॥
सिद्धिमा असिद्धिमा समान भएर गरिने कर्मलाई ।
समत्व योग भनिएको छ अनि त्यसलाई ॥४८॥

दूरेण ह्यवरं कर्म बुद्धियोगाद्धनञ्जय ।
बुद्धौ शरणमन्विच्छ कृपणाः फलहेतवः ॥४९॥

बुद्धि लगाएर गरिएको छ तापनि कर्म ।
अलग नैं बस्नुपर्छ तुच्छ कर्म गर्नबाट धनंजय ॥
कर्म हुनुपर्छ बुद्धको शरणमा परेर ।
कृपण बन्दछ नत्र फल इच्छा गरेर ॥४९॥

बुद्धियुक्तो जहातीह उभे सुकृतदुष्कृते ।
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ॥५०॥

असल–खराव छ्यासमिसे दुवै कर्मलाई ।
त्यागी दिन्छन् बुद्ध पुरुषले त्यसलाई ॥
योगमा लगाउ आफुलाई त्यस कारण ।
योगयुक्त कर्म गरेर हुन्छ आफ्नो कल्याण ॥५०॥

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः ।
जन्मबन्धविनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ॥५१॥

कर्मबाट उत्पन्न भएको फल यसलाई ।
त्यागी दिन्छन् बुद्धियुक्त विद्वानले त्यसलाई ॥
जन्मरुपी बन्धनबाट बिल्कुल मुक्त भएर ।
जान्छन् अनि ती अमृतमय पद पाएर ॥५१॥

यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति ।
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च ॥५२॥

जब वुद्धि मोह रुपी दलदलबाट छुटेर ।
पारि पुग्दछ त्यसबाट बिल्कुलै उत्रेर ॥
तव विराग पैदा हुन्छ आफुमा ।
जानेका अनि सुनेका कुराले मनमा ॥५२॥

श्रुतिविप्रतिपन्ना ते यदा स्थास्यति निश्चला ।
समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि ॥५३॥

अरुचि पैदा हुन्छ जब श्रुतिमा ।
निश्चलता पैदा हुन्छ तब बुद्धिमा ॥
समाधिस्थ निश्चलता बुद्धि भएपछि ।
सम्पुर्णता योग पैदा हुन्छ अनि आफुमा ॥५३

अर्जुन उवाच

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव ।
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ॥५४॥

कहत अर्जुन अनि कृष्णलाई
कस्तो हुन्छ स्थित प्रज्ञ पुरुषका भाषा ।
जो छन् समाधिस्थ भएर बसेका केशव ॥
स्थिर बुद्धि भएका जना बोल्दछन् कसरी ।
बस्छन् कसरी अनी हिडडुल गर्छन् कसोगरी ॥५४॥

श्रीभगवानुवाच

प्रजहाति यदा कामान्सर्वान्पार्थ मनोगतान् ।
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञस्तदोच्यते ॥५५॥

श्रीकृष्ण भगवानुवाच

मनमा भएका कामनाओं यसलाई ।
त्यागदछन् जब पार्थ सम्पुर्ण त्यसलाई ॥
आफु आफैमा सन्तुष्ट भएर बन्ने जसलाई ।
स्थित प्रज्ञ भनिन्छ अनि तिन्लाई ॥५५॥

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः ।
वीतरागभयक्रोधः स्थितधीर्मुनिरुच्यते ॥५६॥

जस्का मन दुखित हुदैनन् दुःखमा ।
हर्षित पनि हुदैनन् फेरी सुखमा ॥
जो छन् अनि राग भय क्रोध रहित ।
भनिन्छ तिन्लाई स्थिर बुद्धि मुनी भनेर ॥५६॥

यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम् ।
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ॥५७॥

जो स्नेह रहित भएर घुम्दछ सर्वत्र ठाउँमा ।
शुभ अशुभ जे जस्तो बस्तु मिल्दछ जहाँ जहाँ ॥
न गर्छ खुसीले ग्रहण न घृणा फेरी त्यसमा ।
तिन्का बुद्धि प्रतिष्ठित हुन्छ अनि संसारमा ॥५७॥

यदा संहरते चायं कूर्मोऽङ्गानीव सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥५८॥

सबतिरबाट आफ्नो अंगहरु समेटेर ।
बल्दछ कछुवा जसरी निर्धक्क भएर ॥
इन्द्रियों अनि यसका विषयों यसलाई समेटेर ।
बन्ने पुरुषका बुद्धि हुन्छ त्यसैगरि प्रतिष्ठित ॥५८॥

विषया विनिवर्तन्ते निराहारस्य देहिनः ।
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ॥५९॥

विषयोंबाट तो छुट्कारा मिल्छ आफुलाई ।
त्यसका सेवन नगरीकन बन्नाले फेरी ॥
परन्तु रसनाको रस चाँहि जादैन केही गरि ।
छुट्दछ परमात्मा सात्क्षातकारले अनि ॥५९॥

यततो ह्यपि कौन्तेय पुरुषस्य विपश्चितः ।
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥६०॥

इन्द्रियहरु मथन गर्ने स्वभावका हुनाले ।
जतन गर्दा गर्दैपनि कौन्तेय तिनले ॥
बुद्धिमान पुरुषका पनि मनलाई ।
हरण गर्दछन् वलात्कारले त्यसलाई ॥६०॥

तानि सर्वाणि संयम्य युक्त आसीत मत्परः ।
वशे हि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ॥६१॥

इन्द्रियो सम्पुर्ण यसलाई बसमा गरेर ।
बस त्यसैले ठिकसंग मेरा परायण भएर ॥

जस्का इन्द्रियों बसमा हुन्छन् फेरी ।
प्रतिष्ठित हुन्छ अनि तिन्का बुद्धि पनि ॥६१॥

ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते ।
सङ्गात्सञ्जायते कामः कामात्क्रोधोऽभिजायते ॥६२॥

विषयोंका चिंतन गर्ने मनुष्यलाई ।
उत्पन्न हुन्छ त्यसको वासना तिनलाई ॥
वासनाबाट फलकामना पैदा हुन्छ अनि ।
कामनाबाट क्रोध उत्पन्न हुन्छ भोगको फेरी ॥६२॥

क्रोधाद्भवति सम्मोहः सम्मोहात्स्मृतिविभ्रमः ।
स्मृतिभ्रंशाद् बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ॥६३॥

क्रोधबाट पैदा हुन्छ मोह जसलोई ।
मोहले भ्रमित पार्दछ स्मृतिलाई ॥
भ्रमित स्मृतिले नाश हुन्छ बुद्धिको ।
बुद्धिको नाशले हुन्छ सर्वनाश प्राणिको ॥६३॥

रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन् ।
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ॥६४॥

राग द्वेष यस देखि रहित छन् जो फेरी ।
ठान्छन् आ–आफ्नो विषयमा चर्दछन् इन्द्रियों भनि ॥
आफुलाई बसमा राखेर विशुद्धात्मा भएका जनले ।
मेरा कृपा प्रसाद पाउछन् अनि तिनले ॥६४॥

प्रसादे सर्वदुःखानां हानिरस्योपजायते ।
प्रसन्नचेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते ॥६५॥

मेराकृपा प्रसादले सम्पुर्ण दुःख जति ।
हानि भएर प्रशन्न चित्त उत्पन्न हुन्छ अनि ॥
जस्का चित्त प्रशन्न हुन्छ फेरि ।
तिन्का बुद्धि पनि चाडै स्थिर बन्दछ अनि ॥६५॥

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना ।
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ॥६६॥

नालायक बन्दछ बुद्धिको नाश भएपछि ।
नालायक भएपछि हुदैन फेरी भावना पनि ॥
भावना नभैकन हुदैन शान्ति पनि ।
कहाँ हुन्छ शुख अनि अशान्त भएपछि ॥६६॥

इन्द्रियाणां हि चरतां यन्मनोऽनुविधीयते ।
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥६७॥

इन्द्रियो चर्दछन् फेरी जून चरणमा ।
साथ लागेर जान्छ मन पनि सोहि चरणमा ॥
हरण गर्दछ त्यसले अनि जस्का प्रज्ञालाई ।
हरण गरेसरी वायुले नावलाई ॥६७॥

तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः ।
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥६८॥

त्यसकारण महाबाहो इन्द्रियों यसलाई ।
रखवारी गर हरप्रकारले सधैभरी ॥

यसका विषयबाट बसमा गर्ने मनुष्यका ।
प्रतिष्ठित बुद्धि हुन्छ अनि तिनका ॥६८॥

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी ।
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुनेः ॥६९॥

प्राणि सम्पुर्ण निशा मान्दछन् जसमा ।
जागा बल्दछन् संयमी पुरुष त्यसमा ॥
प्राणि सम्पूर्ण जागा हुन्छन् जस्मा फेरी ।
निशा देख्दछन् संयमी मुनी त्यसमा अनि ॥६९॥

आपूर्यमाणमचलप्रतिष्ठं,
समुद्रमापः प्रविशन्ति यद्वत् ।
तद्वत्कामा यं प्रविशन्ति सर्वे,
स शान्तिमाप्नोति न कामकामी ॥७०॥

सबतिरबाट जलको प्रवेश भएर पनि ।
अचल प्रतिष्ठा हुन्छ समुन्द्रमा जसरी ॥
सम्पूर्ण कामना प्रवेश भएर पनि आफुमा ।
मिल्दछ शान्ति तिन्लाई बन्दैनन् काम कामी ॥७०

विहाय कामान्यः सर्वान्पुमांश्चरति निःस्पृहः ।
निर्ममो निरहङ्कारः स शान्तिमधिगच्छति ॥७१॥

सम्पूर्ण कामना यसलाई त्यागेर ।
स्पृहा ममता अनि अहंकार रहित भएर ॥

चल्दछन् भने जो पुरुष यसमा ।
प्राप्त हुन्छ शान्ति तिन्लाई आफुमा ॥७१॥

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।
स्थित्वास्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति ॥७२॥

यह ब्रह्म प्राप्ती स्थिति हो पार्थ ।
यसलाई पाएर मोहित हुदैनन् जो पुरुष ॥
अन्त्य अवस्था तक रहेर यस स्थितिमा ।
प्राप्त गर्दछन् तिन्ले ब्रह्मानन्द अन्तमा ॥७२॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
सांख्ययोग नामक
द्वितीय अध्याय – २
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
★ श्री हरि शरणम् ★

ॐ नमो भगवते वासुदेवाय

श्री परमात्मने नमः

श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ तृतियोध्याय

कर्म योगम्

अर्जुन उवाच

ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन ।
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ॥१॥

कहत अर्जुन फेरि कृष्णलाई
यदि कर्म भन्दा श्रेष्ठ तिम्रो मतमा ।
ज्ञान भनिन्छ भने जनार्दन त्यसमा ॥
किन फेरि मलाई घोर कर्ममा ।
जोताउँछौ केशव युद्धमा ॥१॥

व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे ।
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ॥२॥

दोधारे यसतो तिम्रो वचनले ।
मोहित पाऱ्यो मेरो बुद्धि संसयले ॥
एउटै कुरा भन निश्चय गरेर मलाई ।
जसबाट हवस् तेस्मा मेरो भलाई ॥२॥

श्रीभगवानुवाच

लोकेऽस्मिन्द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ ।
ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगिनाम् ॥३॥

भन्नुहुन्छ भगवान मधूर हितकारी वचन ।
निष्ठा हुन्छन् दुई प्रकारको लोकमा ।

अघि नै बताएँ मैले अनघ तेसमा ॥
ज्ञानीका लागि ज्ञानयोग अनि ।
योगीका लागि कर्मयोग पनि ॥३॥

न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते ।
न च संन्यसनादेव सिद्धिं समधिगच्छति ॥४॥

कर्मको आरम्भ नर्गनाले मात्र पनि ।
निष्कर्मता मिल्दैन लोकमा अनि ॥
कर्मको त्याग गर्नाले मात्र पनि ।
सिद्धि प्राप्त हुँदैन फेरि कसैलाई पनि ॥४॥

न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥५॥

कर्म नगरिकन एक क्षण मात्र पनि ।
रहन सक्दैनन् संसारमा कोहि पनि ॥
सम्पूर्ण कर्म गरिन्छ परवस भएर नै ।
प्रकृतिका गुणानुसार गरेर नै ॥५॥

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसा स्मरन् ।
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्यते ॥६॥

कर्मेन्द्रियो यसलाई रोकेर जो मनुष्य ।
बल्दछ भने मनले मात्र चिन्तन गरेर ॥
विषय इन्द्रियोका बसमा पर्ने विभूढात्मा हुन् ती ।
मिथ्याचारी यसतो भनिन्छ तिन्लाई अनि ॥६॥

यस्त्विन्द्रियाणि मनसा नियम्यारभतेऽर्जुन ।
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ॥७॥

परन्तु मनद्वारा इन्द्रियोलाई नियम गरेर ।
कर्मारम्भ गर्दछ भने जसले अर्जुन सोचेर ॥
कर्मेन्द्रियबाटै अनाशक्त भई कर्म गर्ने जसलोई ।
विशिष्ट पुरुष भनिन्छ अनि तिन्लाई ॥७॥

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः ।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः ॥८॥

श्रेय छ शास्त्रमा तोकिएको कर्म गर्न लाई ।
अकर्मणि भएर बस्नु भन्दा कर्म गर्नलाई ॥
बस्नु पर्छ जीवन निर्वाहका लागि पनि कर्म गरेर ।
चल्दैन कसैका निर्वाह अकर्मणि बनि बसेर ॥८॥

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ॥९॥

कर्म गर्नुपर्छ यज्ञ निमित्त भनेर लोकमा ।
अन्यथा परिन्छ सांसारीक कर्म बन्धनमा ॥
यज्ञार्थ क़र्म गर कौन्तेय त्यसकारण ।
अनाशक्त भई शुद्ध गरेर आचरण ॥९॥

सहयज्ञाः प्रजाः सृष्ट्वा पुरोवाच प्रजापतिः ।
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्टकामधुक् ॥१०॥

यज्ञ सहित प्रजाको श्रृष्टि गरेर ।
भन्नु भो ब्रह्माजीले कल्पको आदिमा सोचेर ॥
कल्याण बृद्धि हुनेछ यज्ञबाट तिमीहरुको ।
इष्टभोग प्राप्त हुनेछ फेरि मनकामनाको ॥१०॥

देवान्भावयतानेन ते देवा भावयन्तु वः ।
परस्परं भावयन्तः श्रेयः परमवाप्स्यथ ॥११॥

भाग पुग्नेछ यसबाट देवताहरुलाई ।
इच्छित भोग दिनेछन् तिन्लेपनि तिमीहरुलाई ॥
परस्परमा भाग भोग पाएर दुबैथरीका ।
परम कल्याण हुनेछ अनि तिमीहरुका ॥११॥

इष्टान्भोगान्हि वो देवा दास्यन्ते यज्ञभाविताः ।
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव सः ॥१२॥

इष्ट भोग पनि जुन देवताले दिएका ।
यज्ञबाट प्रभावित भएर जुन तिन्ले दिएका ॥
विना दान भोग्दछ भने जो त्यस भोगलाई ।
निष्चय नै चोर यसतो भनिन्छ तिनलाई ॥१२॥

यज्ञशिष्टाशिनः सन्तो मुच्यन्ते सर्वकिल्बिषैः ।
भुञ्जते ते त्वघं पापा ये पचन्त्यात्मकारणात् ॥१३॥

यज्ञबाट बचेको भाग खाने सन्त जना ।
मूक्त हुन्छन् ती सम्पूर्ण पापबाट संसारमा ॥
परन्तु पाप नै भोग्दछन् अबुजक मनुष्या ।
आफ्नो शरीर मात्र पोस्ने भएका जना ॥१३॥

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः ।
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥१४॥

अन्नबाट रक्षा हुन्छ प्राण प्राणधारी जीवको ।
अन्न पैदा हुन्छ वर्षा भएपछि जलको ॥
जलको वर्षा हुन्छ यज्ञबाट जसरी ।
उत्पन्न हुनेछ यज्ञ जस्को कर्म गरेर फेरी ॥१४॥

कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम् ।
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥१५॥

कर्मको उत्पति हुन्छ वेदबाट अनि ।
वेदको जान अविनाशि परमात्माबाट फेरि ॥
त्यसकारण सर्वगत र ब्रह्म भएको जान ।
सदा यज्ञमा प्रतिष्ठित भएर बसेको ठान ॥१५॥

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः ।
अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ॥१६॥

यसरी घुमेको कालचक्र मार्गानुसार ।
चल्दैनन् भने यदि जो मनुष्य यस प्रकार ॥
इन्द्रियोलाई मात्र आराम दिने जो मनुष्य ।
व्यर्थै बाँच्दछन् ती पाप आयु पार्थ ॥१६॥

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः ।
आत्मन्येव च सन्तुष्टस्तस्य कार्यं न विद्यते ॥१७॥

जो मनुष्य आत्मामा नै रत छन् भने फेरि ।
आत्मामा नै तृप्त पनि भएकाछन् भने अनि ॥

आत्मामा नै सन्तुष्ट भएर बसेका ती जस्मा ।
कुनै कार्य बाँकी रहदैन तिन्ले गर्नुपर्ने संसारमा ॥१७॥

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन ।
न चास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रयः ॥१८॥

कर्म गरेपनि नगरे तापनि जसमा ।
कुनै अर्थ रहदैंन तिन्का कर्ममा ॥
नहुन्छ तिन्का प्राणी सम्पूर्णमा ।
स्वार्थ संबन्धि कुर्न कुरा लेनदेन गर्नमा ॥१८॥

तस्मादसक्तः सततं कार्यं कर्म समाचर ।
असक्तो ह्याचरन्कर्म परमाप्नोति पूरुषः ॥१९॥

त्यसकारण अनाशक्त भई निरन्तर ।
कर्तव्य कर्म गर शुद्ध गरेर आचरण ॥
भएर अनाशक्त कर्म गर्ने पुरुषलाई ।
प्राप्त हुन्छ परमात्मा ब्रह्म तिनलाई ॥१९॥

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः ।
लोकसंग्रहमेवापि सम्पश्यन्कर्तुमर्हसि ॥२०॥

कर्म गरेर नै परम सिद्धि यसलाई ।
प्राप्त गरे जनकादि ज्ञानीजनले त्यसलाई ॥
परम्परा यसरी चलेका देखेर पनि तिमीले ।
तयार हुनुपर्छ आफ्नो कर्म गर्नलाई अहिले ॥२०॥

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ।
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥२१॥

जुन जुन आचरण गर्दछन् श्रेष्ठ पुरुषले ।
सोही सोही अनुशरण गर्दछन् सर्वसाधारणले ॥
जस्का प्रमाण मानेर चल्दछन् लोक पनि ।
सोही सोही अनुरुप आचरण गरेर अनि ॥२१॥

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किञ्चन ।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥२२॥

न छ मेरो पार्थ अलिकति पनि संसारमा ।
गर्नुपर्ने छ कुनै कर्तव्य तिनै लोकमा ॥
न छ कुनै प्राप्त गर्नुपर्ने अप्राप्त वस्तु ममा ।
तैपनि चल्दछु लोक संग्रह निमित्त कर्ममा ॥२२॥

यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥२३॥

यदि म कर्ममा नचलिकन केहि गरि ।
बसेँभने आलस्य भएर तेस्मा अनि ॥
मेरा चाल चलनका अनुशरण गरेर फेरि ।
बल्दछन् मनुष्य पार्थ सदा त्यसैगरि ॥२३॥

उत्सीदेयुरिमे लोका न कुर्यां कर्म चेदहम् ।
सङ्करस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः ॥२४॥

यदि मैले कर्ममा प्रवृत्त नभैकन बसे भने ।
हुने छु म फेरि यी सारा लोकलाई भ्रष्ट पार्ने ॥

वर्णसंकर पैदा गर्ने हुनेछ कर्तापनि ।
हनन् गर्ने यी सारा लोकका प्रजालाई अनि ॥२४॥

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत ।
कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसंग्रहम् ॥२५॥

आशक्त भएका जना कर्म यसमा जसरी ।
गर्दछन् अज्ञानी जना भारत त्यसैगरी ॥
ज्ञानीजन गर्दछन् कर्म अनाशक्त भई ।
विद्वानले लोक संग्रह निमित्त भनि ॥२५॥

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम् ।
जोषयेत्सर्वकर्माणि विद्वान्युक्तः समाचरन् ॥२६॥

भेद पार्नु हुदैंन अज्ञानीजनका बुद्धिमा ।
आशक्त भएकाछन् जो कर्म वासनामा ॥
उत्साहित गर्नुपर्दछ सबै कर्म गर्नलाई ।
समान व्यवहार गरेर विद्वानले तिन्लाई ॥२६॥

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।
अहङ्कारविमूढात्मा कर्ताहमिति मन्यते ॥२७॥

प्रकृतिका गुण स्वभाव अनुसार नै ।
सम्पूर्ण कर्म हुन्छ सोही अनुरुप नै ॥
अहंकारले अन्धा भएका जना अनि ।
कर्ता हुँ म यसतो ठान्दछन् आफुलाई ॥२७॥

तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः ।
गुणा गुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥२८॥

परन्तु तत्व जान्ने ज्ञानीजन महाबाहो ।
छुट्याउन जान्ने विभाग गुण कर्मको ॥
गुणों गुणमा नै चल्दछन् यसतो ठानेर ।
मान्दैनन आफुलाई म कर्ता हुँ भनेर ॥२८॥

प्रकृतेर्गुणसम्मूढाः सज्जन्ते गुणकर्मसु ।
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न विचालयेत् ॥२९॥

प्रकृतिका गुणमा मोहान्ध भएका जना ।
आशक्त हुन्छन् त्यसका गुण कर्ममा ॥
सम्पूर्णता नजान्ने ती मन्दबुद्धि जनालाई ।
बिचलित नपारुन् सम्पूर्ण ज्ञाताले तिन्लाई ॥२९॥

मयि सर्वाणि कर्माणि संन्यस्याध्यात्मचेतसा ।
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥३०॥

मलाई नै सम्पूर्ण कर्म भएका जती ।
समर्पण गरेर अध्यात्म चेतनाले त्यति ॥
आशा अनि ममता रहित भएर आफुलाई ।
युद्धमा लगाउ संताप रहित भएर फेरी ॥३०॥

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः ।
श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ॥३१॥

जो कोई मेरो मत यसतो भएको ।
सदा पालना गरेर बल्दछ भने त्यसको ॥
श्रद्धावान् मननशिल यसता मनुष्य अनि ।
मुक्त हुन्छन कर्म बन्धनबाट ती पनि ॥३१॥

ये त्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम् ।
सर्वज्ञानविमूढांस्तान्विद्धि नष्टानचेतसः ॥३२॥

परन्तु जो दोष दृष्टि गरेर मेरो मत यसको ।
पालन गर्दैनन् भने फेरी त्यसको ॥
तिन्लाई सम्पूर्ण ज्ञान देखि अन्धा भएका ।
जान चेतना नष्ट भएर अचेत भएका ॥३२॥

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि ।
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ॥३३॥

आफ्नै स्वभाव अनुरुप चेष्टा गरेर ।
चल्दछन् ज्ञानीजन पनि आचरण गरेर ॥
प्रकृति गुण स्वभावमा पर्ने प्राणी जनका ।
किन गर्नु पर्‍यो निग्रह तिमीलाई तिनका ॥३३॥

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ ।
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ॥३४॥

इन्द्रियों अनि यसका विषयों यसमा ।
व्यवस्थित भएका छन् रागद्वेष त्यसमा ॥
वसमा पर्नु हुदैन मनुष्यले ती दुबैका ।
शत्रुहुन् दुबैनै बिघ्न पार्ने सुमार्गी बटुवाका ॥३४॥

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ॥३५॥

बिगुण भएतापनि श्रेयछ बस्नु स्वधर्ममा ।
राम्ररी पालना गरिएको परधर्म भन्दा त्यसमा ॥
कल्याण हुन्छ मर्न आफ्नो धर्ममा ।
उत्पन्न गराउँछ भय परधर्मले आफुमा ॥३५॥

अर्जुन उवाच

अथ केन प्रयुक्तोऽयं पापं चरति पूरुषः ॥
अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ॥३६॥

अर्जुन सोध्नुहुन्छ फेरी कृष्णलाई ।
कस्का प्रेरणाले यह पुरुष
उद्दत हुन्छ पाप कर्म गर्नलाई ॥
इच्छा नहुँदा नहुदैं पनि वार्ष्णेय ।
लगाई दिन्छ कस्ले फेरि वलपूर्वक ॥३६॥

श्रीभगवानुवाच

काम एष क्रोध एष रजोगुणसमुद्भवः ।
महाशनो महापाप्मा विद्ध्येनमिह वैरिणम् ॥३७॥

भगवान श्री कृष्ण भन्नु हुन्छ ।
रजोगुणबाट उत्पन्न भएका ।
महाअग्नि समान महापापी पनि भएका ॥
जान यही काम यही क्रोध यसलाई ।
वैरी भएका आफ्नो हित गर्नलाई ॥३७॥

धूमेनाव्रियते वह्निर्यथादर्शो मलेन च ।
यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ॥३८॥

धुवाँले जसरी ढाक्दछ अग्निलाई ।
त्यसैगरी बादलले पनि ऐनालाई ॥
जेरले जसरी ढाक्दछ फेरि गर्भलाई ।
त्यसैगरी ढाक्दछ क्रोधले ज्ञानलाई ॥३८॥

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा ।
कामरूपेण कौन्तेय दुष्पूरेणानलेन च ॥३९॥

ज्ञान ढाकिदिने भएका हुनाले ।
ज्ञानीजनका लागि सदा वैरी जाने ॥
कामरुप भएका कौन्तेय यसलाई जान ।
कहिले नअघाउने भएका अग्नि समान ॥३९॥

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते ।
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ॥४०॥

इन्द्रियों, मन अनि बुद्धि यसका ।
बासस्थान भनिएकोछ अनि त्यसका ॥
त्यसैले मोहित पार्दछ जीवात्मालाई ।
ढाकिदिन्छ अनि तिन्का ज्ञानलाई ॥४०॥

तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ ।
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ॥४१॥

इन्द्रियों यसलाई तिमी त्यसैले ।
नियम गरेर बसमा गर भरतर्षभ पहिले ॥
अनि मार ती दुबै पापीलाई ।
ज्ञान विज्ञानका नाश गर्ने वैरीलाई ॥४१॥

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परं मनः ।
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ॥४२॥

पर भएका भनिन्छ इन्द्रियों यसलाई ।
यो भन्दा पनि पर भएको मनलाई ॥
मन भन्दा पनि पर भएको बुद्धिलाई ।
यो भन्दा पनि पर भएको जान आफुलाई ॥४२॥

एवं बुद्धेः परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना ।
जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ॥४३॥

बुद्धि भन्दा पनि पर भएको जानेर आफुलाई ।
आफ्नो बसमा राख आफुले नै आफुलाई ॥
त्यसपछि महाबाहो मार दुर्जन आफ्नो शत्रुलाई ।
दुर्जन कामरुपी भएका ती दुबै पापीलाई ॥४३॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
कर्मयोग नामक तृतिय अध्याय – ३ यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्

★श्री हरि शरणम्★

ॐ नमो भगवते वासुदेवाय

श्री परमात्मने नमः

श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ चतुर्थ अध्याय

ज्ञान कर्म सन्यास योगम्

श्रीभगवानुवाच

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम् ।
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ॥१॥

मोर मुकुट पिताम्वर धारी ।
भन्नुहुन्छ श्रीकृष्ण मुरारी ॥
यस अविनाशि योगलाई मैले ।
बताएँ श्री सुर्यलाई पहिले ॥
कहे सुर्यले बैवस्वत मनुलाई ।
मनुले फेरि राजा इक्ष्वाकुलाई ॥१॥

एवं परम्पराप्राप्तमिमं राजर्षयो विदुः ।
स कालेनेह महता योगो नष्टः परन्तप ॥२॥

परम्परा प्राप्त भएर यस योगलाई ।
जाने राजर्षीहरुले यसरी त्यसलाई ॥
त्यो महता काल बितेर गएपछि ।
नष्ट प्रायस भयो त्यस योग परंतप अनि ॥२॥

स एवायं मया तेऽद्य योगः प्रोक्तः पुरातनः ।
भक्तोऽसि मे सखा चेति रहस्यं ह्येतदुत्तमम् ॥३॥

सोही योग म ऐलै बताउँछु तिमीलाई ।
पारम्परिक पुरातन भएको त्यसलाई ॥
तिमी मेरा भक्त अनि सखा पनि हौ तिमी ।
सुन उत्तम रहस्यमय त्यस योगलाई अनि ॥३॥

अर्जुन उवाच

अपरं भवतो जन्म परं जन्म विवस्वतः
कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ॥४॥

अर्जुन सोध्नुहुन्छ अनि कृष्णलाई
तिम्रो जन्म यहाँ भएकोछ अहिले ।
सुर्यको जन्म भएकोछ वहाँ पहिले ॥
कसरी जानौँ म आदिमा बतायौ भनेर ।
बताउ मलाई त्यसको रहस्य खोलेर ॥४॥

श्री भगवानुवाच

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन ।
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परन्तप ॥५॥

अनादि निधनो देवा अच्यूत,
श्रीकृष्ण नारायण भगवानुवाच ।
मेरा धेरै अवतार भए लोक लोकमा ।
तिम्रा पनि धेरै जन्म भए अर्जुन त्यसमा ॥
ती सबै अवतार जन्म जान्दछु म ऐलै ।
परन्तु जान्दैनौ तिमी परंतप मोहले ॥५॥

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन् ।
प्रकृतिं स्वामधिष्ठाय सम्भवाम्यात्ममायया ॥६॥

अजन्मा हूँ म अविनाशि पनि ।
प्राणियोका मै हूँ ईश्वर अनि ॥
आफ्नो अधिनमा गरेर प्रकृति मायालाई ।
प्रकट गर्दछु म योगमाया द्वारा आफुलाई ॥६॥

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत ।
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥

जब जब धर्म यसको संसारमा ।
नष्ट भएर जान्छ भारत त्यसमा ॥
अति सारै उत्पत्ति हुन्छ अधर्मको फेरी ।
तब तब प्रकट गर्दछु म आफुलाई अनि ॥७॥

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम् ।
धर्मसंस्थापनार्थाय सम्भवामि युगे युगे ॥८॥

पालना गर्न निमित्त भनेर साधु सन्तलाई ।
विनाश गरेर अनि पापी दुष्ट जनलाई ॥
धर्म स्थापना गर्न निमित्त भनेर संसारमा ।
प्रकट हुन्छु म युग युगमा आएर त्यसमा ॥८॥

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः ।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ॥९॥

मेरा दिव्य भएको जन्म कर्म यसलाई ।
जान्दछ भने तत्व सहित गरेर जसले त्यसलाई ॥

देह त्यागेर पुनर्जन्म लिनु पर्दैन जसलोई ।
ममा नै प्राप्त हुन्छन् अर्जुन फेरी ती ॥९॥

वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः ।
बहवो ज्ञानतपसा पूता मद्भावमागताः ॥१०॥

राग भय अनि क्रोध देखी रहित भएर ममा ।
छन् जो मन लगाएर मेरो शरण परेका ॥
ज्ञान तपस्याले पवित्र भएर धेरै जना ।
पार्षद बनेका छन ती मेरै स्वरुपमा ॥१०॥

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम् ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥११॥

जसले मलाई पुकार गर्दछ जसरी ।
म पनि तिन्लाई सम्झन्छु त्यसैगरी ॥
मेरा चाल चलनका अनुशरण गरेर ।
चल्दछन् मनुष्या पार्थ सदा त्यसै गरेर ॥११॥

काङ्क्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः ।
क्षिप्रं हि मानुषे लोके सिद्धिर्भवति कर्मजा ॥१२॥

कर्मफल सिद्धिको कामना गरेर ।
उपाशना गर्दछन् ती देवतालाई पुकारेर ॥
छिटै नै मनुष्य लोकमा जसलाई ।
सिद्धि प्राप्त हुन्छ कर्ममा तिन्लाई ॥१२॥

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः ।
तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम् ॥१३॥

म बाट गुर्ण कर्म विभाग अनुसार ।
चारै वर्ण जातको श्रृष्टि गरेर ॥
त्यसको कर्ता भएर पनि मलाई ।
जान अविनाशि अकर्ता भएको पनि ॥१३॥

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ॥१४॥

न कर्ममा लिपायमान छु म फेरि ।
न कर्मफलमा स्पृहा छ मेरो अनि ॥
यती यसतो जान्दछ जसले मलाई ।
कर्मका डोरीले बाँध्न सक्दैन तिन्लाई ॥१४॥

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः ।
कुरु कर्मैव तस्मात्त्वं पूर्वैः पूर्वतरं कृतम् ॥१५॥

यस प्रकार जानेर मलाई कर्म गरे ।
अघि अघिका मुमुक्षु पुरुषोले ॥
त्यस कारण कर्म गर तिमी त्यसै गरी ।
अघिका पुर्खाले गरेको देखेर पनि ॥१५॥

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः ।
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१६॥

के हो कर्म अनि अकर्म फेरी ।
मोहित हुन्छन् बुद्धिमान पुरुष पनि ॥
सोहि कर्म बताउँछु अब म तिमीलाई ।
मूक्त हुनेछौ अशुभ कर्म गर्नबाट जानेर अनि ॥१६॥

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मण: ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गति: ॥१७॥

जान्न योग्य छ कर्मलाई पनि ।
जान्न योग्य छ फेरी विकर्मलाई पनि ॥
त्यसैगरी जन्नु पर्छ अकर्मलाई पनि ।
गहन छ कर्मका गती जान्नलाई ॥१७॥

कर्मण्यकर्म य: पश्येदकर्मणि च कर्म य: ।
स बुद्धिमान्मनुष्येषु स युक्त: कृत्स्नकर्मकृत् ॥१८॥

कर्ममा अकर्म देख्छन् जसले अनि ।
अकर्ममा कर्म देख्दछ जसले फेरी ॥
मनुष्यमा बुद्धिमान् मनुष्य हुन् ती ।
सम्पूर्ण कर्मगर्न जान्ने युक्त पुरुष पनि ॥१८॥

यस्य सर्वे समारम्भा: कामसङ्कल्पवर्जिता: ।
ज्ञानाग्निदग्धकर्माणं तमाहु: पण्डितं बुधा: ॥१९॥

जस्का प्रारम्भिक सम्पूर्ण कार्य जती ।
कामना संकल्पले वर्जित छन् भने फेरि ॥
ज्ञानाग्नि द्वारा कर्मजती भष्म गरेका जसलाई ।
पण्डित भन्दछन् बुद्धिमान् जनले तिन्लाई ॥१९॥

त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः ।
कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः ॥२०॥

जो छन् कर्मफल वासना त्यागेर सदा ।
आशा भरोसा कसैका नलिई संतुष्ठ भएर बसेका ॥
कर्म गर्नमा लागि परेता पनि जसले ।
अलिकती पनि गरेको ठहर्दैन तिनले ॥२०॥

निराशीर्यतचित्तात्मा त्यक्तसर्वपरिग्रहः ।
शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥२१॥

जो छन् निराशा भएर आफ्नो चित्त जितेका ।
सम्पूर्ण भोग बस्तु संग्रह पनि त्यागेका ॥
शरीर निर्वाह लागीमात्र कर्म गर्ने जसलोई ।
कर्माशक्ति पापले छुदैंन तिनलाई ॥२१॥

यदृच्छालाभसन्तुष्टो द्वन्द्वातीतो विमत्सरः ।
समः सिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ॥२२॥

जे जस्तो मिल्छ यसमा संतुष्ट भई बसेका ।
जो छन् फेरि द्वन्दातीत इर्ष्या रहित भएका ॥
सिद्धि असिद्धि यसमा पनि समान पुरुषलाई ।
कर्म गरेता पनि बाँध्दैन कर्म बन्धनले तिन्लाई ॥२२॥

गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थितचेतसः ।
यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ॥२३॥

जो छन् फेरि कर्म बासनाबाट मुक्त भएका ।
ज्ञानमा अनि चित्त लगाएर बसेका ॥
यज्ञ निमित्त मात्र आचरण गर्दछन् भने कर्मका ।
लिन भएर जान्छन् समपूर्ण कर्म तिनका ॥२३॥

ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम् ।
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ॥२४॥

ब्रह्ममा अर्पण गरिएको हुन्छ ब्रह्म हवि ।
ब्राह्मण द्वारा ब्रह्म अग्निमा हवन हवि ॥
ब्रह्ममा नै पुग्न योग्य हुन्छ त्यो फेरि ।
समाधिस्थ भएर नै हुन्छ ब्रह्म कर्म पनि ॥२४॥

दैवमेवापरे यज्ञं योगिनः पर्युपासते ।
ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति ॥२५॥

दैवको उपाशना गरेर नै यज्ञलाई ।
गर्दछन् योगीजन कोई त्यसलाई ॥
ब्रह्म अग्निमा नै हवन गरेर फेरि ।
गर्दछन् कोई योगीजन यज्ञलाई नै अनि ॥२५॥

श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति ।
शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति ॥२६॥

श्रोत्रादि इन्द्रियोंलाई नै योगीजन कोई ।
गर्दछन् यज्ञ संयम रुपि अग्निमा होमेर फेरी ॥
शब्दादि विषयोलाई पनि योगीजन कोई ।
गर्दछन् यज्ञ इन्द्रिय रुपि अग्निमा होमेर अनि ॥२६॥

सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे ।

आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥२७॥

अर्का थरी इन्द्रियोंका सम्पूर्ण कर्मलाई अनि ।

प्राणोंका सबै कर्मलाई पनि ॥

गर्दछन् आत्म संयम रुपि योगाग्निमा होमेर ।

ज्ञानमय बत्तिको प्रकाश पार्न भनेर ॥२७॥

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे ।

स्वाध्यायज्ञानयज्ञाश्च यतयः संशितव्रताः ॥२८॥

द्रव्य यज्ञ अनि तपयज्ञ पनि ।

गर्दछन् कोहि योग यज्ञ फेरी ॥

स्वाध्याय ज्ञान यज्ञ गर्दछन् कोई ।

यत्नपूर्वक संयमित व्रत लिएर अनि ॥२८॥

अपाने जुह्वति प्राणं प्राणेऽपानं तथापरे ।

प्राणापानगती रुद्ध्वा प्राणायामपरायणाः ॥२९॥

अपानमा प्राणवायु होमेर अनि ।

प्राणमा अपान वायु त्यसै गरेर फेरि ॥

प्राण अपान वायुका गती रोकेर ।

गर्दछन् कोई प्राणायाम परायण भएर ॥२९॥

अपरे नियताहाराः प्राणान्प्राणेषु जुह्वति ।

सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः ॥३०॥

नियमित अल्प आहार गरेर कोई ।
गर्दछन् यज्ञ होमेर प्राणमा प्राणलाई ॥
यज्ञ गर्न जान्ने हुन् यी सबै जना ।
यज्ञद्वारा पापरुपी कल्मष भष्म गरेका ॥३०॥

यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम् ।
नायं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम ॥३१॥

यज्ञ शेष अमृतरुपि पुरा भोग्ने मनुष्यलाई ।
प्राप्त हुन्छ सनातन ब्रह्म तिनलाई ॥
यस लोकमा पनि छैन शुख यज्ञ नगर्नेलाई ।
अरु लोकमा त के कुरा भो कुरुसत्तम तिनलाई ॥३१॥

एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे ।
कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे ॥३२॥

यसरी यज्ञ बनेकाछन् धेरै प्रकारका ।
ब्रह्माका मुखकमलबाट बिस्तार भएका ॥
कर्मबाटै उत्पन्न भएका जान ती सबै यज्ञलाई ।
कर्म बन्धनबाट मुक्त हुनेछौ जानेर त्यसलाई ॥३२॥

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परन्तप ।
सर्वं कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते ॥३३॥

कल्याण छ द्रब्यमय यज्ञ भन्दा ।
ज्ञानमय यज्ञ परंतप गर्न यसमा ॥
सम्पूर्ण अखिल कर्म भएका जति आफ्नो ।
ज्ञानमा नै समाप्त हुन्छ पार्थ ती तिम्रा ॥३३॥

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया ।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥३४॥

सेवा द्वारा दण्डवत् प्रणम गरेर गुरुलाई ।
जानिन्छ बारम्बार सोधेर त्यस ज्ञानलाई ॥
उपदेश गर्नेछन् ज्ञानको तिमीलाई ।
तत्वदर्शी ज्ञानि गुरुले सुपात्र जानि ॥३४॥

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव ।
येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ॥३५॥

यसलाई जानेर फेरि यसतो मोहमा ।
पर्दैन पर्नु तिमीलाई पाण्डव त्यसमा ॥
यी समस्त प्राणी अशेष हुने गरी आफुमा ।
देख्नेछौ पहिले त्यसपछि ममा ॥३५॥

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः ।
सर्वं ज्ञानप्लवेनैव वृजिनं सन्तरिष्यसि ॥३६॥

यदि पापियोमा सबैभन्दा पाप गर्ने यसमा ।
जो कोई मनुष्य भएता पनि फेरी त्यसमा ॥
पापरुपी समुन्द्रबाट सजिलै सँग पार पाएर ।
जानेछन् ज्ञानरुपी डुङ्गाबाट तरेर ॥३६॥

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन ।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ॥३७॥

प्रज्वलित अग्निमा समिधा जलेर अनि ।
भष्म भएर जान्छ अर्जुन जसरी ॥
ज्ञानाग्निमा जलेर सम्पूर्ण कर्म जती ।
भष्म भएर जान्छ जस्का त्यसैगरी ॥३७॥

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते ।
तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति ॥३८॥

ज्ञानका समान पवित्र गर्ने यस लोकमा ।
विद्यमान छैन अरु कुनै कुरा त्यसमा ॥
ज्ञानी उ स्वयं संसिद्ध भएर ।
आत्मानुभव गर्दछ समय पाएर ॥३८॥

श्रद्धावान् लभते ज्ञानं तत्परः संयतेन्द्रियः ।
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ॥३९॥

ज्ञानलाई प्राप्त गर्दछन् श्रद्धावान् जनले ।
तत्पर भएर इन्द्रियों वसमा गरेका मनुष्यले ॥
ज्ञान प्राप्त भएपछि छिट्टै नै जसलोई ।
परम् शान्ति प्राप्त हुन्छ तिनलाई ॥३९॥

अज्ञश्चाश्रद्दधानश्च संशयात्मा विनश्यति ।
नायं लोकोऽस्ति न परो न सुखं संशयात्मनः ॥४०॥

अज्ञानी अनि अश्रद्धा भएका जन यसमा ।
नाशिन्छन शंका गर्ने पुरुष पनि त्यसमा ॥
न हुन्छ यस लोकमा न परलोक यसमा ।
सुख शान्ति संशय गर्ने मनुष्यमा ॥४०॥

योगसंन्यस्तकर्माणं ज्ञानसञ्छिन्नसंशयम् ।
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनञ्जय ॥४१॥

योगमा समर्पित छन कर्म जती फेरि जस्का ।
संशय छिन्न भिन्न भएका छन् भने ज्ञान द्वारा ॥
बाँध्न सक्दैन यसता आत्मवान् पुरुषलाई ।
कर्म बन्धनले धनन्जय तिनलाई ॥४१॥

तस्मादज्ञानसम्भूतं हृत्स्थं ज्ञानासिनात्मनः ।
छित्त्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ॥४२॥

अज्ञानद्वारा उत्पन्न हृदयस्थित शंकालाई ।
आफ्नो ज्ञानरुपि तरवारको धारले त्यसलाई ॥
अज्ञानरुपी त्यस संशयलाई छिन्नेगरि काटेर ।
उठ भारत त्यसैले योगमा स्थित भएर ॥४२॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
ज्ञान कर्म संन्यास योग नामक
चतुर्थ अध्याय – ४ यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
★श्री हरि शरणम्★

ॐ नमो भगवते वासुदेवाय

श्री परमात्मने नमः

श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ पंचम अध्याय

कर्म संन्यास योगम्

अर्जुन उवाच

संन्यासं कर्मणां कृष्ण पुनर्योगं च शंससि ।
यच्छ्रेय एतयोरेकं तन्मे ब्रूहि सुनिश्चितम् ॥१॥

कहत अर्जुन सखा देवकी नन्दन ।
भन मलाई निश्चय गरिकन ॥
कर्मलाई सन्यास गर्नलाई कृष्ण ।
भन्दछौ फेरी योगका प्रशंसा गरिकन ॥
यी दुबैमा कुन चाँहि हुन्छ गर्न कल्याण ।
भन लौ मलाई एकका सुनिश्चित गरिकन ॥१॥

श्रीभगवानुवाच

संन्यासः कर्मयोगश्च निःश्रेयसकरावुभौ ।
तयोस्तु कर्मसंन्यासात्कर्मयोगो विशिष्यते ॥२॥

श्रीकृष्ण नन्द योशदा लाल गोपाल ।
भन्नु हुन्छ गोबिन्द गोप गोपी वल्लभ ॥
कर्म सन्यास अनि कर्म योग यी दुबै ।
कल्याणकारी हुन् ती निश्चय नै ॥
त्यसमा पनि कर्म त्याग गर्नु भन्दा ।
विशिष्ट छ कर्म योग गर्न आफुमा ॥२॥

ज्ञेयः स नित्यसंन्यासी यो न द्वेष्टि न काङ्क्षति ।
निर्द्वन्द्वो हि महाबाहो सुखं बन्धात्प्रमुच्यते ॥३॥

नित्य सन्यासी भनेर जान उस्लाई जो ।
न गर्छ द्वेष कसैको न चाहना कुनै कुराको ॥
निर्द्वन्द्वो भएर बस्नुमा नै सुख हुन्छ महाबाहो ।
मुक्ति मिल्दछ कर्म बन्धनबाट आफ्नो ॥३॥

साङ्ख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः ।
एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम् ॥४॥

छुट्टै बताउँछन् ज्ञान अनि योग यसलाई वाला ।
बताउँदैनन् परन्तु त्यसलाई पंण्डित जना ॥
दुई मध्ये एकमा स्थित भएर बसेमा ।
ती दुबैका फल मिल्दछ जसलोई योगमा ॥४॥

यत्साङ्ख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते ।
एकं साङ्ख्यं च योगं च यः पश्यति स पश्यति ॥५॥

जुन स्थान प्राप्त हुन्छ ज्ञान योग यसमा ।
सोहि स्थान मिल्दछ अनि कर्म योगमा ॥
एकै देख्दछ ज्ञान अनि कर्म योग पनि जसले ।
जे छ सो देख्दछ त्यसमा उसले ॥५॥

संन्यासस्तु महाबाहो दुःखमाप्तुमयोगतः ।
योगयुक्तो मुनिर्ब्रह्म नचिरेणाधिगच्छति ॥६॥

कर्म सन्यास गर्न पनि महाबाहो यसलाई ।
कठिन हुन्छ कर्मयोग विना पार पाउनलाई ॥
कर्मयोग युक्त भएका मुनिले ।
छिट्टै प्राप्त गर्दछन् ब्रह्मलाई तिनले ॥६॥

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः ।
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ॥७॥

योग युक्त भएर निर्मल आत्मा भएका ।
आफुलाई जितेर अनि इन्द्रियों बसमा गरेका ॥
सम्पूर्ण प्राणी परमात्मा स्वरुप देख्ने यसमा ।
कर्म गरेता पनि लिपायमान हुदैनन् ती कर्ममा ॥७॥

नैव किञ्चित्करोमीति युक्तो मन्येत तत्त्ववित् ।
पश्यञ्शृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्श्वसन् ॥८॥

देखेर सुनेर सुँघेर स्पर्श गरेर अनि ।
खाएर हिँडेर सुतेर श्वास लिएर पनि ॥
गर्ने वाला कर्ता हूँ म भन्ने अलिकति पनि ।
मान्दैनन् आफुलाई तत्व जान्ने युक्त मुनी ॥८॥

प्रलपन्विसृजन्गृह्णन्नुन्मिषन्निमिषन्नपि ।
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ॥९॥

बोलेर दिएर लिएर पनि आफुलाई ।
मान्दैनन् कर्ता पलक खोलेर बन्द गरेर पनि ॥

इन्द्रियों आफ–आफ्नै विषयमा चर्दछन् भनेर ।
राख्दछन् तिन्ले आफुमा यसतो धारणा गरेर ॥९॥

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः ।
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥१०॥

समर्पण गरेर कर्मजती परमातमा ब्रह्ममा ।
त्यागेर आशक्ति गर्दछ कर्म भने जसमा ॥
पापले छुँदैन तिन्लाई कर्म गर्नमा ।
कमलपत्र लिपायमान नभएसरी जलमा ॥१०॥

कायेन मनसा बुद्ध्या केवलैरिन्द्रियैरपि ।
योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वात्मशुद्धये ॥११॥

शरीर मन बुद्धि यसबाट गरेका कर्म जती ।
केवल इन्द्रियों द्वारा भएका कर्म पनि ॥
योगीजन त्यसका आशक्ति त्यागेर ।
गर्दछन कर्म आत्म शुद्धि निमित्त भनेर ॥११॥

युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम् ।
अयुक्तः कामकारेण फले सक्तो निबध्यते ॥१२॥

कर्मफल त्यागन समर्थ भएका योगीले ।
प्राप्त गर्छन् निष्ठावान् शान्ति तिनले ॥
फलमा आशक्त अयोगय मनुष्यले यसमा ।
कामना कारण पर्नुपर्छ कर्म बन्धनमा ॥१२॥

सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी ।
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥१३॥

मनद्वारा त्यागेको छ भने सम्पूर्ण कर्म जति ।
आफ्नो बसमा हुन्छ सुख तिनका अनी ॥
नवद्वार रुपी नगरमा बन्ने देहात्माले ।
न गर्छ कुनै कार्य न गराउँछ अनि त्यसले ॥१३॥

न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः ।
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ॥१४॥

न कर्ता हुन न कर्म गर्छन ब्रह्म परमात्मा ।
न श्रृजना गर्छन् प्रभु ईश्वर लोकमा ॥
न कर्म फलका संयोग छ अनि तिनमा ।
स्वभावानुसार चल्दछन् स्विकारेर योगमाया ॥१४॥

नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः ।
अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ॥१५॥

न ग्रहण गर्दछन् कसैका पाप परमात्माले ।
न पुण्यलाई नै कसैका यसता विभुं तिनले ॥
अज्ञानले ढाकिएको छ ज्ञान जसका ।
मोहित हुन्छन् देहधारी जीव अनी ब्रह्मा ॥१५॥

ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः ।
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ॥१६॥

परन्तु ज्ञानले जून त्यो अज्ञान जसमा ।
नाश भएको छ भने जस्का आफुमा ॥
आदित्यको जस्तो तेजस्वी ज्ञान भएर यसमा ।
प्रकाशित हुन्छन् ती पर पुरुष परमात्मामा ॥१६॥

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः ।
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ॥१७॥

जस्का मन बुद्धि पनि उनै परमात्मामा ।
लागेका छन् भने निष्ठा आश्रय पनि उनैमा ॥
जान्छन् ती फेरि फर्कन नर्पने धाममा ।
ज्ञान द्वारा कल्मष धोई निर्मल भएर तेषमा ॥१७॥

विद्याविनयसम्पन्ने ब्राह्मणे गवि हस्तिनि ।
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ॥१८॥

विद्या विनयले सम्पन्न भएका पुरुष यसमा ।
ब्राह्मणमा तथा गाईमा अनि हात्तिमा ॥
कुत्तामा चाण्डालमा पनि समान दृष्टिले ।
एकै देख्दछन् अनि समदर्शी पण्डितले ॥१८॥

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः ।
निर्दोषं हि समं ब्रह्म तस्माद् ब्रह्मणि ते स्थिता ॥१९॥

यस सम्पूर्ण सृष्टिलाई नै जित्दछन् तिनले ।
जस्का साम्यावस्था भएर स्थित छ मन भने त्यसले ॥
समान निर्दोष भएर नै बसेका छन् ब्रह्म यसमा ।
त्यसकारण स्थित छन ती परमात्मा ब्रह्ममा ॥१९॥

न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम् ।
स्थिरबुद्धिरसम्मूढो ब्रह्मविद् ब्रह्मणि स्थित ॥२०॥

प्रशन्न पनि हुँदैनन जो पृय बस्तु पाएर ।
खिन्न पनि हुँदैनन जो अपृय बस्तु पाएर ॥

संशय रहित स्थिर बुद्धि भएका ती यसमा ।
स्थित हुन्छन् ब्रह्म जान्ने परमात्मा ब्रह्ममा ॥२०॥

बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम् ।
स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते ॥२१॥

आशक्ति रहित छन् जो बाहिरी भोग बिलासमा ।
संलग्न छन् फेरी भित्री आत्मानुभव सुखमा ॥
यसता ब्रह्मयोग युक्त आत्मानुभव योगीले ।
पाउँछन अक्षय सुखको अनुभव गर्न तिनले ॥२१॥

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते ।
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ॥२२॥

इन्द्रियौंका यसै विषय सुख भोगले ।
दुःखलाई नै निम्त्याउँछ अनि त्यसले ॥
अनित्य यसतो कौन्तेय सांसारिक भोगमा ।
रमाउँदैनन् बुद्धिमान् पुरुष फेरि त्यसमा ॥२२॥

शक्नोतीहैव यः सोढुं प्राक्शरीरविमोक्षणात् ।
कामक्रोधोद्भवं वेगं स युक्तः स सुखी नरः ॥२३॥

शरीरको अन्त्य हुनुभन्दा अगि ।
काम क्रोधबाट उत्पन्न भएको वेगलाई ॥
सहन गर्न सक्दछ भने जसले अनि ।
जान त्यहि युक्त त्यही सुखी नर हो भनि ॥२३॥

योऽन्तःसुखोऽन्तरारामस्तथन्तज्योतिरेव यः ।
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ॥२४॥

अन्त सुख अन्त आराम छ जस्मा अनि ।
अन्त आत्म ज्योति पनि छ भने फेरि ॥
परमात्मा ब्रह्म पाएर ती योगीले ।
ब्रह्म निर्वाण शान्तिपद पाउँछन् अनि तिनले ॥२४॥

लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः ।
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ॥२५॥

तिनै ऋषिले प्राप्त गर्दछन् ब्रह्म निर्वाण पद ।
हटेका छन् जस्का पापरुपी कल्मष ॥
हटेका छन् फेरि द्विविधा आफुलाई जितेर ।
लागेकाछन् अनि सम्पूर्ण प्राणीका हितमा रमाएर ॥२५॥

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम् ।
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ॥२६॥

काम क्रोध रहित भएर युक्त भएका ।
जो छन् आफ्नो चित्त जितेर यती बनेका ॥
चौतर्फी ब्रह्म निर्वाण शान्ति पद पाएर ।
चल्दछन् ती संन्यासी आफुलाई चिनेर ॥२६॥

स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः ।
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ ॥२७॥

बाहिरी विषय भोगलाई बाहिरै त्यागेर ।
दृष्टिलाई पनि भृकुटी बिचमा राखेर ॥
प्राण अपान वायुलाई पनि समान गरेर ।
हिड्ने भएका अनि नाकमा दृष्टि दिएर ॥२७॥

यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायण: ।
विगतेच्छाभयक्रोधो य: सदा मुक्त एव स: ॥२८॥

इन्द्रिय मन बुद्धि यसलाई पनि जितेका मुनि ।
हुन्छन् मोक्ष परायण ती मुनि पनि ॥
इच्छा भय क्रोध देखी रहित छन् जो फेरि ।
सदा मुक्त हुन्छन् यस प्रकार ती पनि ॥२८॥

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम् ।
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ॥२९॥

यज्ञ तप यसका भोग्नेवाला पनि मलाई ।
जान सम्पूर्ण लोकका महेश्वर पनि मलाई ॥
सम्पूर्ण प्राणीका सुहृदय पनि जानेर मलाई ।
शान्ति प्राप्त हुनेछ यसप्रकार जानेर तिमीलाई ॥२९॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
कर्म संन्यास योग नामक
पञ्चम अध्याय – ५
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
★ श्री हरि शरणम् ★

ॐ नमो भगवते वासुदेवाय
श्री परमात्मने नमः
श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ षष्ठं अध्याय
आत्म संयम योगम्

श्रीभगवानुवाच

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः ।
स संन्यासी च योगी च न निरग्निर्न चाक्रियः ॥१॥

भगवान् श्रीकृष्ण भन्नुहुन्छ फेरि
मधुर वचन गरी कुरुक्षेत्रमा बाँके विहारी
कर्मफलमा मात्र अनाश्रित भएर यदि ।
गर्ने कर्म जती गर्दछ भने जो फेरि ॥
ती चाहे संन्यासी हुन् चाहे योगी यसमा ।
होइनन् वासना त्यागने अत्रृस्य भएका कर्ममा ॥१॥

यं संन्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव ।
न ह्यसंन्यस्तसङ्कल्पो योगी भवति कश्चन ॥२॥

संन्यास भनेर यसतो भनिन्छ जसलोई ।
योग भनेर पनि जान पाण्डव त्यसलाई ॥
समस्त त्यागको संकल्प बिना किनकी ।
बन्दैन योगी कहिले कोहि पनि ॥२॥

आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते ।
योगारूढस्य तस्यैव शमः कारणमुच्यते ॥३॥

योगमा सवार हुने इच्छा भएका मुनीलाई ।
कर्म कारण हुन्छ यसको तिनलाई ॥

योगमा आरुढ भैसकेका लागि अनि ।
समान कारण हुन्छ तिन्का लागि पनि ॥३॥

यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते ।
सर्वसङ्कल्पसंन्यासी योगारूढस्तदोच्यते ॥४॥

जुन बेला इन्द्रियों आ–आफ्नो विषयमा ।
रुचाउँदैनन् कर्म गर्नलाई त्यसमा ॥
त्यसैबेला सर्वसंकल्प संन्यासी भनेर ।
कहिन्छ योगमा आरुढ भएका मुनी भनेर ॥४॥

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत् ।
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥५॥

उद्धार गरोस आफुले नै आफुलाई ।
नपारोस अधोगतिमा आफुले नै आफुलाई ॥
आफु नै हुन्छ आफ्नो बन्धु पनि ।
आफु नै हुन्छ आफ्नो शत्रु पनि ॥५॥

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः ।
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ॥६॥

बन्धु हुन्छ आफु नै आफ्नो फेरि यसमा ।
आफुलाई नै आफुले जित्दछ भने त्यसमा ॥
परन्तु आफु नै आफ्नो शत्रु बनेर ।
चल्दछ भने आफुलाई नै शत्रु समान गरेर ॥६॥

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः ।
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥७॥

आफुलाई जितेर चित्त प्रसन्न भएका अनि ।
परमात्मा यसमा समर्पित भएका फेरि ॥
जाडो गर्मी सुख दुःख यसमा पनि ।
जो छन् समान मान–अपमानमा अनि ॥७॥

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः ।
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ॥८॥

ज्ञान विज्ञान यसले आफु संतुष्ट भएका फेरी ।
इनिद्रयोंलाई बसमा गरेर तटस्थ बसेका अनि ॥
समर्थवान् युक्त भनिन्छ यसता योगीलाई ।
एकै देख्दछन् तिनले ढङ्गा–माटो सुनलाई ॥८॥

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु ।
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ॥९॥

हितैषी मित्रमा शत्रुमा बन्धुमा अनि ।
धर्मात्मामा अनि पापीयोमा पनि ॥
निष्पक्ष भएर मध्यसतता गर्दछन् तिनले ।
सम बुद्धिवाला विशिष्ट पुरुष योगीले ॥९॥

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः ।
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥१०॥

योगीले आफ्नो मन योगमा निरन्तर ।
लगाएर बस्नुपर्छ त्यसमा स्थित भएर ॥
अकेला नै आफ्नो चित्तलाई जितेर ।
आशा रहित संग्रह–परिग्रह त्यागेर ॥१०॥

शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः ।
नात्युच्छ्रितं नातिनीचं चैलाजिनकुशोत्तरम् ॥११॥

पवित्र भुमीमा आफ्नो स्थिर आशन गरेर ।
बस्नुपर्छ योगीले प्रतिष्ठा गरेर ॥
न अति अग्लो न अति होचो भएर ।
मृगचर्माशन उत्तर मोहडा गरेर ॥११॥

तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः ।
उपविश्यासने युञ्ज्याद्योगमात्मविशुद्धये ॥१२॥

तहाँ मन एकाग्र गरि आशन जमाएर ।
चित्त इन्द्रियोंका कृयालाई पनि जितेर ॥
यसरी जोड्नुपर्छ आफुलाई योगमा ।
आत्मा विशुद्ध पार्नका निमित्तमा ॥१२॥

समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः ।
सम्प्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ॥१३॥

शरीर शिर अनि घाँटी यसलाई सिधा गरेर ।
बस्नुपर्छ हलचल नगरिकन स्थिर भएर ॥
नासिका अगाडी मात्र हेरेर योगमा ।
आकाश दिशालाई पनि नहेरि त्यसमा ॥१३॥

प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः ।
मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ॥१४॥

भय रहित चित्त प्रशन्न पारेर ।
ब्रह्मचारी व्रतमा अनि स्थिर भएर ॥

मन बस्मा गरी ममा चित्त लगाएर ।
बस्नुपर्छ ठिक सँग मेरो परायण भएर ॥१४॥

युञ्जन्नेवं सदात्मानं योगी नियतमानसः ।
शान्तिं निर्वाणपरमां मत्संस्थामधिगच्छति ॥१५॥

यसरी आफुलाई योगमा जोडेर सदा ।
स्वाधिन मानस भएका योगी यसमा ॥
परमनिर्वाण शान्ति धाम यसलाई ॥
प्राप्त हुनेछ मेरै बैकुण्ठधाम तिन्लाई ॥१५॥

नात्यश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नतः ।
न चाति स्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ॥१६॥

न हुन्छ अति खान योगमा ।
न हुन्छ खाँदै नखानु पनि त्यसमा ॥
न हुन्छ अति आलस्य भएर सुत्न ।
न हुन्छ सुत्दै नसुत्नु पनि रातमा अर्जुन ॥१६॥

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु ।
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥१७॥

आहार विहार पनि योग यसमा ।
युक्त हुनुपर्छ चेष्टा पनि कर्ममा ॥
युक्त हुनुपर्छ सुत्नु जाग्नु समय पनि यसमा ।
सिद्धि हुन्छ अनि दुःख हरण गर्ने योगमा ॥१७॥

यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते ।
निःस्पृहः सर्वकामेभ्यो युक्त इत्युच्यते तदा ॥१८॥

जब चित्त प्रकाशित भएर राम्ररी ।
ठहर्दछ आत्मामा गएर यसरी ॥
निःस्पृह हुन्छ सम्पूर्ण कामनाबाट जो फेरि ।
युक्त यसतो भनिन्छ तव तिनलाई ॥१८॥

यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता ।
योगिनो यतचित्तस्य युञ्जतो योगमात्मन : ॥१९॥

वायु रहित स्थानमा स्थिर हुन्छ वत्ति जसरी ।
सोहि उपमा संझना गरि यसमा फेरी ॥
आफ्नो चित्त जितेका योगीले यसैगरी ॥
योगमा जोड्दछन् आफुलाई त्यसैगरि ॥१९॥

यत्रोपरमते चित्तं निरुद्धं योगसेवया ।
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ॥२०॥

जूनबेला निरुद्ध भएका चित्त आफुमा ।
उपराम हुन्छ योगको सेवा गर्नाले त्यसमा ॥
त्यसैबेला आफुले आफ्नो आत्मारुप देखेर ।
संतुष्ठ हुन्छ आफुमा नै आफ्नो स्वरुप पाएर ॥२०॥

सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम् ।
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः ॥२१॥

अनन्त आनन्द यसतो सुख बुद्धिले ।
ग्रहण गर्छ जून इन्द्रियों देखी पर भएको त्यसले ॥
यस स्थितिमा नै बल्दछ यसतो जानेर ती योगी ।
चलायमान हुँदैनन् अनि तत्व देखि ॥२१॥

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः ।
यस्मिन्स्थितो न दुःखेन गुरुणापि विचाल्यते ॥२२॥

यसलाई पाएर अर्को लाभ भएको पनि ।
जान्दैनन् जस्देखि अधिक भएको पनि ॥
यस सुखमा स्थित भएर बसेपछि ।
बिचलित हुँदैननं् ती भारी विपत्तिमा पनि ॥२२॥

तं विद्याद् दुःखसंयोगवियोगं योगसञ्ज्ञितम् ।
स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा ॥२३॥

दुःख संयोगलाई वियोग पार्ने भएको ।
जान त्यसलाई योगनाम भएको ॥
निश्चय नै जान्न योग्य छ त्यस योगलाई ।
निर्धक्क भएको चेतनाले त्यसलाई ॥२३॥

सङ्कल्पप्रभवान्कामांस्त्यक्त्वा सर्वानशेषतः ।
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ॥२४॥

संकल्पबाट उत्पन्न भएको कामनाओंलाई ।
अशेष हुनेगरि सम्पूर्ण त्यागेर त्यसलाई ॥
मनद्वारा इन्द्रियोंका समुदाय यसलाई पनि ।
सबतिरबाट नियम पूर्वक समेटेर राम्ररी ॥२४॥

शनैः शनैरुपरमेद्बुद्ध्या धृतिगृहीतया ।
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ॥२५॥

विस्तारै विस्तारै विश्राम दिएर बुद्धिलाई ।
धारण गरेर फेरी धैर्यलाई ॥

अनि आत्म स्वरुपमा जोडेर मनलाई ।
कुनै कुराको चिन्ता नगरेर अलिकति पनि ॥२५॥

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम् ।
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ॥२६॥

जहाँ जहाँ चर्न जान्छ मन आफ्नो चरणमा ।
चन्चल अस्थिर भएर अनि त्यसमा ॥
तहाँ तहाँबाट नियम पूर्वक मनलाई ।
आत्माको नै बसमा गरोस योगीले अनि ॥२६॥

प्रशान्तमनसं ह्येनं योगिनं सुखमुत्तमम् ।
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम् ॥२७॥

प्रशन्न शान्त मन भएका योगीलाई नै ।
अति उत्तम सुख मिल्दछ तिनलाई नै ॥
रजो गुण शान्त निर्मल भएर ती योगीलाई ।
प्राप्त हुन्छ परमात्मा ब्रह्म अनि तिनलाई ॥२७॥

युञ्जन्नेवं सदात्मानं योगी विगतकल्मषः ।
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते ॥२८॥

यसरी आफुलाई सदा योगमा जोडेका योगीजन ।
जो छन् मलरुपी पाप नाश भएका तीकन ॥
परमात्मा ब्रह्मको स्पर्श पाएका नाताले ।
अत्यन्त सुखको अनुभव गर्नेछन् अनि तिनले ॥२८॥

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि ।
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ॥२९॥

सम्पूर्ण प्राणीमा स्थित आत्मालाई ।
आफ्नो आत्मा स्वरुपमा फेरि तिनलाई ॥
देख्दछन् योग युक्त आत्मा भएका योगीजनले ।
यसरी सर्वत्र समान दृष्टि भएका ती योगीले ॥२९॥

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति ।
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ॥३०॥

जसले देख्दछ अनि सर्वत्र मलाई ।
ममा नै देख्दछ फेरि सम्पूर्णतालाई ॥
तिन्का लागी अदृष्य भएको छैन म फेरि ।
अदृष्य भएका छैनन् मेरा लागि पनि ती ॥३०॥

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः ।
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ॥३१॥

सम्पूर्ण प्राणीमा स्थित भएको जसले मलाई ।
एकै भावमा एकत्व गरेर चिन्तन गर्छ भने फेरि ॥
सर्वथा एकनास भएर भज्ने जो अनि ।
मयी समान भएर चल्दछन् योगी ती ॥३१॥

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन ।
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥३२॥

आत्माको दृष्टिले सर्वत्र समानता भई ।
बसेको देख्दछ भने अर्जुन जसले मलाई ॥
सुखमा वा यदि दुःखमा समान भएर भज्ने योगी ।
मेरा परम वचन मान्ने योगी हुन् ती ॥३२॥

अर्जुन उवाच

योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन ।
एतस्याहं न पश्यामि चञ्चलत्वात्स्थितिं स्थिराम् ॥३३॥

कहत अर्जुन हे सखा देवकी नन्दन
तिमीले बतायौ जुन यस योगलाई ।
साम्य पार्न निमित्त मधुसुदन मलाई ॥
यसबाट देख्दिँन म कुनै उपाय भएको ।
चन्चलताको स्थितिबाट स्थिर हुने भएको ॥३३॥

चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद्दृढम् ।
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥३४॥

चञ्चलता नै गर्ने हुन्छ मन कृष्ण ।
दृढतालाई हरण गदर्छ मथेर वल पूर्वक ॥
त्यसलाई बसमा गर्नु भन्ने कुरा म ।
अति दुष्कर काम ठान्दछु वायु समान ॥३४॥

श्रीभगवानुवाच

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम् ।
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ॥३५॥

श्रीकृष्ण भगवान भन्नु हुन्छ फेरी
चञ्चलताबाट बसमा गर्न मनलाई महाबाहो ।
शंका छैन यसमा अति दुस्तर कार्य भएको ॥
परन्तु कौन्तेय अभ्यास गरेर नै फेरि ।
सकिन्छ बस गर्न वैराग्य धारण गरेर पनि ॥३५॥

असंयतात्मना योगो दुष्प्राप इति मे मतिः ।
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ॥३६॥

असंयमित मनवाला योगीलाई मेरो मतमा ।
अति कठिन हुन्छ योग प्राप्त गर्न यसतो त्यसमा ॥
परन्तु बसमा गर्नेका लागि मन जतन गरेर ।
सकिन्छ प्राप्त गर्न त्यसलाई उपाय गरेर ॥३६॥

अर्जुन उवाच

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः ।
अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण गच्छति ॥३७॥

अर्जुन भन्नु हुन्छ अनि कृष्णलाई
श्रद्धायुक्त परन्तु अयति भएर अनि ।
योगबाट विचलित मानस भएका फेरि ॥
जो छन् योगका सिद्धि प्राप्त गर्न नसकेका ।
कहाँ कस्तो गति हुन्छ कृष्ण यसता योगीका ॥३७॥

कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति ।
अप्रतिष्ठो महाबाहो विमूढो ब्रह्मणः पथि ॥३८॥

कतै ती भोग वा योग दुवैतिर बाट भ्रष्ट भएर ।
नासिन्छन् की छिन्नभिन्न वादल जस्तै गरेर ॥
आश्रय नभएका कतै महाबाहो संसारमा ।
जो अनविज्ञ भएका परमार्थ पथमा ॥३८॥

एतन्मे संशयं कृष्ण छेत्तुमर्हस्यशेषतः ।
त्वदन्यः संशयस्यास्य छेत्ता न ह्युपपद्यते ॥३९॥

यसमा शंका लागेकोछ कृष्ण मलाई ।
अशेष हुनेगरि योग्य छौ तिमी भन्नलाई ॥
तिमी विना यस शंका निर्मूल पार्नलाई ।
अरु कोहि छैनन् संसारमा पाउनलाई ॥३९॥

श्रीभगवानुवाच

पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते ।
न हि कल्याणकृत्कश्चिद्दुर्गतिं तात गच्छति ॥४०॥

श्रीकृष्ण भन्नुहुन्छ फेरि पार्थलाई
न यसतो नै हुन्छ पार्थ यस लोक न परलोकमा ।
को हुन्छ समर्थ कर्मका गति रोक्ने संसारमा ॥
कुनै कल्याणकारी कर्म गरेको पनि लोकमा ।
कहिँ दुर्गति हुन्छ तात मरेर पनि परलोकमा ॥४०॥

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः ।
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ॥४१॥

कर्मका प्रभावले पुण्यमयी लोक यसलाई पाएर ।
धेरै काल तक बास गर्न पाउँछन तहाँ गएर ॥
जन्मन्छन् फेरी पुण्यात्मा मान्यजनका घरमा ।
शुभकर्मका प्रभावले योग भ्रष्ट मुनी तेसमा ॥४१॥

अथवा योगिनामेव कुले भवति धीमताम् ।
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ॥४२॥

अथवा योगीजनका कुलमा जन्मेर अनि ।
ज्ञानवान् बन्दछन् फेरि योगभ्रष्ट मुनी ॥

यस प्रकारको जन्म पाउनु लोकमा ।
अति दुर्लभ मानिन्छ निश्चय नै त्यसमा ॥४२॥

तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम् ।
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ॥४३॥

बुद्धिको संयोगले प्राप्त हुन्छ तहाँ तिन्लाई ।
पूर्वजन्म शुभकर्मका प्रभावले योगलाई ॥
त्यसपछि जतन गरेर योगमा फेरी मनलागी ।
संसिद्धि प्राप्त हुन्छ अनि कुरुनन्दन तिनलाई ॥४३॥

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः ।
जिज्ञासुरपि योगस्य शब्दब्रह्मातिवर्तते ॥४४॥

पूर्वजन्मको अभ्यासले नै तिन्लाई तहाँ ।
आकर्षित गराउँछ विवश भएर नै योगमा ॥
जिज्ञासु भएर नै फेरि योगका ।
मोक्षदेखि पनि पर चल्दछन् भक्ति मार्गमा ॥४४॥

प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्बिषः ।
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ॥४५॥

प्रयत्न गरेर जित्दछन् फेरि अहंरुपी मानलाई ।
अति निर्मल पार्छन् पापरुपी मल धोएर आफुलाई ॥
अनेक जन्म लिनु परेको संसिद्ध भएर ती योगीलाई ।
प्राप्त हुन्छ त्यसपछि परमगति तिनलाई ॥४५॥

तपस्विभ्योऽधिकोयोगी ज्ञानिभ्योऽपिमतोऽधिकः ।
कर्मिभ्यश्चाधिकोयोगी तस्माद्योगीभवार्जुन ॥४६॥

तपस्वि भन्दा पनि अधिक हुन्छ योगी ।
ज्ञानी भन्दा पनि अधिक मानिएको छ योगी ॥
कर्मी भन्दा पनि अधिक हुन्छ योगी ।
त्यसै कारण योगी वन अर्जुन तिमी ॥४६॥

योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना ।
श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ॥४७॥

योगीयोंमा पनि सर्वश्रेष्ठ मानिन्छ तिन्लाई ।
जसले देख्दछ भित्र आत्मा स्वरुपमा मलाई ॥
श्रद्धाले युक्त भएर भज्दछ भने जो मलाई ।
मेरो वचन पालन गर्ने लायक मानिन्छ तिनलाई ॥४७॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
आत्मसंयम योग नामक
षष्टम् अध्याय – ६
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
★ श्री हरि शरणम् ★

ॐ नमो भगवते वासुदेवाय
श्री परमात्मने नमः
श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ सप्तम अध्याय
ज्ञान विज्ञान योगम्

श्रीभगवानुवाच

मय्यासक्तमनाः पार्थ योगं युञ्जन्मदाश्रयः ।
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ॥१॥

भन्नुहुन्छ श्रीकृष्ण मधुर वचन गरि
रास रशिक योगेश्वर लिलावपुधारी
ममा मन आसक्त गरेर आफुलाई पार्थ ।
योगमा जोड मेरा आश्रय लिएर यथार्थ ॥
समग्रमा असंशय भएर मलाई जान्दछ जो ।
अब भन्दछु म त्यसलाई सुन त्यसैगरी सो ॥१॥

ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः ।
यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ॥२॥

ज्ञान सहित विज्ञान भएको यसलाई ।
बताउँछु बाँकी नराखिकन तिमीलाई ॥
जसलोई जानेर जान्नुपर्ने कुरा फेरि ।
बाँकी रहँदैन संसारमा अरु केही ॥२॥

मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये ।
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ॥३॥

हजारौं मनुष्योंमा यत्न गरेर कसैले ।
सिद्धि प्राप्त गर्दछन् अनि तिनले ॥

प्रयत्न गरेर सिद्ध भएका मध्यमा पनि ।
तत्व सहित जान्दछन् कसैले मलाई ॥३॥

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च ।
अहङ्कार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ॥४॥

पृथ्वी जल तेज वायु आकाश ।
मन बुद्धि अनि अहंकार ॥
यति यी तत्व मेरा भिन्न प्रकारका ।
प्रकृति हुन आठ प्रकार भएका ॥४॥

अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम् ।
जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ॥५॥

यसलाई जान मेरा अपरा प्रकृति भनेर ।
परन्तु अरु सबै तत्वलाई परा भनेर ॥
जीवधारी प्राणियोलाई महाबाहो यसले ।
धारण गर्छन यस सम्पूर्ण जगतलाई त्यसले ॥५॥

एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय ।
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ॥६॥

यसबाट नै हुन्छ जूनी सम्पूर्ण प्राणधारी जीवका ।
यसतो धारणा राख तिमी मनमा तिनका ॥
मलाई जान तिमी यस सम्पूर्ण जगतको ।
उत्पत्ति अनि संहार गर्ने पनि भएको ॥६॥

मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनञ्जय ।
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ॥७॥

म देखी बाहेक पर अरु केही पनि ।
बाँकी छैन धनन्जय अलिकति पनि ॥
ममा नै छ यस सम्पूर्ण ओत प्रोत ।
धागोमा मणिमाला गासेसरी सारा जगत ॥७॥

रसोऽहमप्सु कौन्तेय प्रभास्मि शशिसूर्ययोः ।
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ॥८॥

जलमा मलाई जान कौन्तेय रस ।
शशि सूर्यमा जान मलाई प्रकाश ॥
सम्पूर्ण वेदमा जान मलाई ओमकार ।
आकाशको शब्द अनि मनुष्यको पौरख ॥८॥

पुण्यो गन्धः पृथिव्यां च तेजश्चास्मि विभावसौ ।
जीवनं सर्वभूतेषु तपश्चास्मि तपस्विषु ॥९॥

पृथिवीमा पवित्र गन्ध अनि ।
मै हुँ अग्नि अनि तेज पनि ॥
सम्पूर्ण प्राणीका जीवन फेरि ।
मै हुँ तपस्विका तप पनि ॥९॥

बीजं मां सर्वभूतानां विद्धि पार्थ सनातनम् ।
बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्विनामहम् ॥१०॥

सम्पूर्ण प्राणिका कारण वीज मलाई ।
जान पार्थ सनातन भएको यसलाई ॥
बुद्धिमान मध्येका पनि मै हुँ बुद्धि अनि ।
तेजस्विका मध्येमा म तेज पनि ॥१०॥

Acc. 326626
326627

उदार चित्त भएका हुन्छन् ती सबै नै यसमा ।
परन्तु ज्ञानी आत्मा देखि नै प्रेम गर्ने हुन्छन् मेरा मतमा ॥
ज्ञानी ती नै युक्त छन् आत्मामा स्थित यसमा ।
मेरा अति उत्तम स्थान प्राप्त गर्दछन् तिन्ले अन्तमा ॥१८॥

बहूनां जन्मनामन्ते ज्ञानवान्मां प्रपद्यते ।
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥१९॥

धेरै जन्म बितेपछि ज्ञानीजनले अन्तमा ।
मलाई प्राप्त गर्दछन् तिन्ले त्यसमा ॥
वासुदेव नै हुन् सबथोक यसतो ठान्ने मलाई ।
अति दुर्लभ हुन्छ यसता ज्ञानी माहात्मा पाउनलाई ॥१९॥

कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः ।
तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥

ज जस्का ज्ञान हरण हुन्छ जून जून कामनाले ।
कामनानुसार पुज्दछन् अन्य देवता तिनले ॥
त्यही त्यही नियममा आस्ता राखेर ।
प्रकृतिबाट नियत भएको स्वभावानुसार ॥२०॥

यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छति ।
तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ॥२१॥

जो जो जून जून देवताको भक्ति गर्नलाई ।
इच्छा गर्दछ आराधना गर्न श्रद्धाले तिनलाई ॥
ज जस्को जस्तो श्रद्धा छ अचल भएको ।
तेस्लाई दिन्छु म तेस्तै श्रद्धा कामनानुसारको ॥२१॥

स तया श्रद्धया युक्तस्तस्याराधनमीहते ।
लभते च ततः कामान्मयैव विहितान्हि तान् ॥२२॥

त्यसै श्रद्धाले युक्त भएर जो छन् सो ।
प्रयत्न गर्दछन् आराधना गर्न उनै देवताको ॥
म बाट नै विधान गरिएको फल जुन त्यहि ।
प्राप्त हुन्छ कामनानुसारको फल त्यसपछि ॥२२॥

अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम् ।
देवान्देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ॥२३॥

परन्तु नाशवान् भएको त्यस फल भोगले ।
क्षणिक सुख भोग हुन्छ अज्ञानीजनका त्यसले ॥
देवता पूज्ने जना जान्छन् देवलोक यसमा ।
मेरा भक्त जान्छन् मेरै धाम वैकुण्ठमा ॥२३॥

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः ।
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ॥२४॥

व्यक्ति सरह ठान्दछन् अब्यक्त भएका मलाई ।
बुद्धि नभएका मनुष्यले म परम पुरुषलाई ॥
परम रहस्यमय भाव नजानेर मेरो यसलाई ।
म अनुत्तम अविनाशि परमात्मा मलाई ॥२४॥

नाहं प्रकाशः सर्वस्य योगमायासमावृतः ।
मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम् ॥२५॥

प्रकाशित भएको छैन म सबका सामुमा ।
योग मायाद्वारा ढाकिएको हुनेले तेसमा ॥

जान्दैनन् लोकका अज्ञानी जना यसकुरालाई ।
म अजन्मा अविनाशि परमात्मा मलाई ॥२५॥

वेदाहं समतीतानि वर्तमानानि चार्जुन ।
भविष्याणि च भूतानि मां तु वेद न कश्चन ॥२६॥

एकनास जान्दछु म अतितका कुरालाई ।
वर्तमानका कुरा पनि अर्जुन म फेरि ॥
जान्दछु प्राणिओं सबका भविष्यका अनि ।
परन्तु मलाई जान्दैनन् कसैले पनि ॥२६॥

इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत ।
सर्वभूतानि सम्मोहं सर्गे यान्ति परन्तप ॥२७॥

इच्छा द्वेष यसबाट उत्पन्न भएको ।
द्वन्दरुपि मोहबाट अनि भारत ॥
सम्पूर्ण प्राणियों अति मोहित भएर ।
पर्दछन् ती फेरि संसारमा परंतप मरेर ॥२७॥

येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम् ।
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः ॥२८॥

परन्तु पुण्य कर्म गरेर जस्का यसमा ।
पाप नष्ट भईसकेका पुरुष तेसमा ॥
द्वन्दरुपी मोहबाट निर्मल भएर तिन्ले मलाई ।
भज्दछन् दृढव्रत धारण गरेर बस्नलाई ॥२८॥

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये ।
ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखिलम् ॥२९

वृद्धावस्था अनि मृत्युबाट मुक्ति पाउनलाई ।
मेरो आश्रय लिएर यत्न गर्दछ भने जो फेरि ॥
तत् परमात्मा ब्रह्मलाई जाने तिनले ।
सम्पूर्ण अखिल अध्यात्मक कर्म पनि गरे ॥२९॥

साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः ।
प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतस : ॥३०॥

अधिभूत अनि जसले अधिदैव सहित मलाई ।
जान्दछ भने जसले अधियज्ञ सहित पनि ॥
अन्त्य अवस्थामा पनिजसले फेरि ।
जान्दछन् सचेत भएर तिन्ले मलाई ॥३०॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
ज्ञान विज्ञान योग नामक
सप्तम अध्याय – ७ यसता
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
★ श्री हरि शरणम् ★

ॐ नमो भगवते वासुदेवाय

श्री परमात्मने नमः

श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ अष्टम अध्याय

अक्षर ब्रह्मयोगम्

अर्जुन उवाच

किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम ।
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते ॥१॥

भन्नुहुन्छ अर्जुन मोर मुकुट पिताम्बरधारी ।
वंशि विभुषित सखा श्रीकृष्ण मुरारी ॥
के हो तदब्रह्म अनि के हो अध्यात्म ।
केहो कर्म भनेको पुरुषोत्तम ॥
कस्लाई भनिन्छ अधिभुत भन फेरि ।
कस्लाई भनिन्छ अधिदैव पनि ॥१॥

अधियज्ञः कथं कोऽत्र देहेऽस्मिन्मधुसूदन ।
प्रयाणकाले च कथं ज्ञेयोऽसि नियतात्मभिः ॥२॥

अधियज्ञ यहाँ कस्लाई भनेको ।
शरीरमा बल्दछ कसरी मधुसूदन त्यो ॥
कसरी जानिन्छ त्यसलाई अन्तकालमा ।
स्वाधीन आत्मा भएका जनाले मनमा ॥२॥

श्रीभगवानुवाच

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते ।
भूतभावोद्भवकरो विसर्गः कर्मसञ्ज्ञित स ॥३॥

गिरीधारीलाल गोपाल गोबिन्द अच्यूत ।
परमबक्ता श्रीकृष्ण भगवान उवाच ॥
परम अविनाशि परमात्मालाई ब्रह्म भनेर ।
भनिएको छ स्वभावलाई अध्यात्म भनेर ॥
प्राणधारीका भाव उत्पन्न गर्ने सृष्टिलाई ।
कर्मनामले पुकारिन्छ अनि त्यसलाई ॥३॥

अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम् ।
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ॥४॥

नाशवान् भाव पदार्थलाई अधिभूत ।
भनिन्छ पुरुषलाई अनि अधिदैव भनेर ॥
अधियज्ञ भनिएको छ यहाँ मलाई ।
देहधारी जीवका देहमा स्थित म देहीलाई ॥४॥

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम् ।
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ॥५॥

अन्तकालमा मलाई नै संझेर अनि ।
छाड्दछन् देह भने जो मनुष्य फेरि ॥
प्राप्त हुन्छन् ती मेरै भाव यसमा ।
शंका गर्नु पर्ने कुरा छैन अनि त्यसमा ॥५॥

यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम् ।
तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ॥६॥

जसजसले जून जून भावना लिएर अनि ।
त्यागदछन् देह भने अन्त्यकालमा फेरि ॥
सोहि सोहि भावनानुसारको शरीर कौन्तेय ।
प्राप्त गर्दछन् तिन्ले पुनर्जन्म लिएर ॥६॥

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च ।
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ॥७॥

त्यसकारण हरबखत मलाई नै संझेर ।
गर युद्ध अन्यत्र मन बुद्धि नदिएर ॥
ममा नै मन बुद्धि समर्पित गर्‍यौ भने फेरि ।
निःसन्देह प्राप्त हुनेछौ म मानै त्यसपछि ॥७॥

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना ।
परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ॥८॥

अभ्यास योगयुक्त भएको चेतनाले ।
अरु कुनै कुराको चाहाना नगरीकन मनले ॥
दिव्य परम पुरुष परमात्मा चिन्तना गर्नाले ।
प्राप्त गर्छन् पार्थ उनैलाई निरन्तरको चिन्तनाले ॥८॥

कविं पुराणमनुशासितार मणोरणीयांसमनुस्मरेद्यः ।
सर्वस्य धातारमचिन्त्यरूप मादित्यवर्णं तमसः परस्तात् ॥९॥

सर्वज्ञ अनादि अनि सबका नियन्ता ।
सुक्ष्ममा अति सुक्ष्म भएका परमात्मा ॥

सबका पालन धारण गर्ने अचिन्त्यरुप ।
संझेर अनि तम देखि पर आदित्य वर्ण ॥९॥

प्रयाणकाले मनसाचलेन भक्त्या युक्तो योगबलेन चैव ।
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक् स तं परं पुरुषमुपैति दिव्यम् ॥१०॥

अन्तकालमा जसले स्थिर गरेर मनलाई ।
योगवलद्वारा भक्ति युक्त भएर प्राणलाई ॥
बिस्तारै भृकुटि बिचमा राखेर देह त्यागछन् जो भने ।
प्राप्त गर्दछन् दिव्य परं पुरुष परमात्मा तिनले ॥१०॥

यदक्षरं वेदविदो वदन्ति विशन्ति यद्यतयो वीतरागाः
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति तत्ते पदं संग्रहेण प्रवक्ष्ये ॥११॥

उच्चारण गर्छन् जून अक्षर वेद जान्ने ब्राह्मणले ।
प्रवेश गर्छन् यत्न गरेर जस्मा राग हटेका योगीले ॥
इच्छा गर्छन् ब्रह्मचार्यमा रहन योगी जून पदलाई ।
संक्षेपमा बताउँछु सोहि पद अब म तिमीलाई ॥११॥

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च ।
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणाम् ॥१२॥

शरीरका सबै द्वारौं यसलाई वसमा गरेर अनि ।
मनलाई पनि हृदयमा स्थिर गरेर फेरि ॥
आफ्नो प्राणलाई मस्तकमा स्थापित गरेर ।
गर्नुपर्छ योग धारणा राम्ररी स्थित भएर ॥१२॥

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन् ।
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ॥१३॥

एकाक्षरी ब्रह्म ओम यसतो उच्चारण गरेर ।
बल्दछन् भने मेरो निरन्तर स्मरण गरेर ॥
यसरी देह त्यागेर जान्छन् भने जसले ।
प्राप्त गर्दछन् मेरो परमगती तिनले ॥१३॥

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः ।
तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिन : ॥१४॥

अनंन्य चेतनाले निरन्तर मलाई ।
संभन्छन् भने जसले सँधैभरी ॥
तिन्का लागि सुलभ छु म पार्थ यसरी ।
सदा युक्त भएका योगीका लागी ॥१४॥

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम् ।
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ॥१५॥

हुँदैन पुनर्जन्म मलाई प्राप्त गरेपछी ।
क्षणभङ्गुर दुःखरुपी यस संसारमा फेरि ॥
योगका पूर्णसिद्धि प्राप्त गरेका महात्मा जसले ।
फर्कनु पर्दैन मेरो परम धाममा पुगेपछि तिनले ॥१५॥

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन ।
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ॥१६॥

सत्यलोक देखि सबैलोक सम्म ।
बारम्बार आउने जाने हुन्छ अर्जुन ॥

परन्तु मलाई प्राप्त गरेपछि कौन्तेय हेर ।
हुँदैन फेरि अर्को जन्म बारम्बार ॥१६॥

सहस्रयुगपर्यन्तमहर्यद्ब्रह्मणो विदुः ।
रात्रिं युगसहस्रान्तां तेऽहोरात्रविदो जनाः ॥१७॥

हजार चतुर्युग बराबरको काल ।
जान ब्रह्माजीको एक दिन बराबर काल ॥
रात्री हुन्छ फेरि हजार चतुर्युगको काल ।
अनि दुबै मिलाएर हुन्छ काल अहोरात्र ॥१७॥

अव्यक्ताद्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे ।
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसञ्ज्ञके ॥१८॥

अव्यक्त भएका सम्पूर्ण व्यक्त भएर ।
उत्पन्न हुन्छन् ती दिनको आगमन भएर ॥
रात्रिको आगमनमा सम्पूर्ण लिन भएर ।
मिल्छन् फेरी उनै अव्यक्त नामकमानै गएर ॥१८॥

भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते ।
रात्र्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे ॥१९॥

प्राणी समुदाय यसरी नै व्यक्त अव्यक्त भएर ।
पर्दछन् ती प्रलयमा जन्मि बारम्बार ॥
रात्री आगमनमा जान्छन् पार्थ विवश भएर ।
जन्मन्छन् फेरि दिनका आगन भएर ॥१९॥

परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात्सनातनः ।
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ॥२०॥

परन्तु अर्को भाव छ त्यो भन्दा पनि पर ।
अव्यक्त देखि पनि अव्यक्त भाव सनातन ॥
त्यसैले सम्पूर्ण प्राणीका नास भएर पनि ।
हुँदैन नाश अभिनाशि परमात्मा जसका अनि ॥२०॥

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम् ।
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥२१॥

अव्यक्त अक्षर ओम यसतो भनिन्छ जसलोई ।
परमगती दिने भएको स्थान त्यसलाई ॥
पर्दैन फर्कनु जसलोई प्राप्त गरेपछि ।
मेरो परमधाम यसमा पुगेर फेरि ॥२१॥

पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया ।
यस्यान्तःस्थानि भूतानि येन सर्वमिदं ततम् ॥२२॥

ती परम पुरुष परमात्मा जसलोई पार्थ ।
प्राप्त गर्न सकिन्छ अनन्य भक्तिद्वारा यथार्थ ॥
जस्का पेटभित्र बसेका छन् प्राणीसब अटाएर ।
बसेको छ जो फेरि यस सम्पूर्णतालाई ढाकेर ॥२२॥

यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगिनः ।
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ ॥२३॥

योगीका फर्किनु नपर्ने काल यसमा अनि ।
फर्किनु पर्ने भएको काल फेरि त्यसमा पनि ॥
देह त्याग गरि गएका त्यस काललाई ।
बताउँछु अब भरतर्षभ तिमीलाई ॥२३॥

अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम् ।
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः ॥२४॥

अग्नि ज्योति दिन शुक्लपक्ष यसमा ।
छ महिना उत्तरायण भएको काल त्यसमा ॥
त्यस बखत देह त्याग गरि गएका योगीले ।
प्राप्त गर्छन् ब्रह्मलाई नै ब्रह्मवेत्ता जनाले ॥२४॥

धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम् ।
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते ॥२५॥

धूमःरात्रि कृष्णपक्ष भएको काल यसमा ।
छ महिना दक्षिणायण भएको काल त्यसमा ॥
त्यसबखत देह त्यागेर गएका योगी जनले ।
फर्कनु पर्छ चन्द्रलोक भोगेर अनि तिनले ॥२५॥

शुक्लकृष्णे गती ह्येते जगतः शाश्वते मते ।
एकया यात्यनावृत्तिमन्ययावर्तते पुनः ॥२६॥

शुक्ल कृष्ण यी दुबै पक्ष यसको गती ।
सनातन मानिएको छ जगतमा यती ॥
एकमा फर्कनु नपर्ने भएको कालगति ।
अर्कामा फर्कनु पर्ने भएको काल फेरि ॥२६॥

नैते सृती पार्थ जानन्योगी मुह्यति कश्चन ।
तस्मात्सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ॥२७॥

यी दुबै काल मार्ग जानेर पार्थ योगी कोहि ।
मोहित हुँदैनन् योगमा ती कहिले पनि ॥

त्यसकारण सबैकाल भएका यसमा ।
योगयुक्त भएर बस अर्जुन त्यसमा ॥२७॥

वेदेषु यज्ञेषु तपःसु चैव दानेषु यत्पुण्यफलं प्रदिष्टम् ।
अत्येति तत्सर्वमिदं विदित्वा योगी परं स्थानमुपैति चाद्यम् ॥२८॥

वेदाध्यायनमा यज्ञमा तपस्यामा अनि ।
जून पुण्यफल प्राप्त हुन्छ दान गर्दा पनि ॥
ती सबै भन्दा अधिक यसतो जानेर योगमा ।
परम सनातन स्थान प्राप्त गरे योगीले अन्तमा ॥२८॥

इति श्रीमद्‌भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
अक्षर ब्रह्मयोग नामक
अष्टम अध्याय – ८ यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
श्री हरि शरणम्

ॐ नमो भगवते वासुदेवाय

श्री परमात्मने नमः

श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ नवम अध्याय

राजविद्या राजगुह्ययोगम्

श्रीभगवानुवाच

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे ।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१॥

शिर मोरमुकुट माला तिलक शोभा बाँके विहारी ।
भन्नुहुन्छ भगवान् नारायण मधुर वचन गरी ॥
अब म फेरि अति रहस्यमय ज्ञान यसलाई ।
बताउँछु मेरा निर्दोष भक्त तिमीलाई ॥
ज्ञान विज्ञान सहित भएको यसलाई जानेर ।
मूक्त हुनेछौ अशुभ कर्मबाट पार पाएर ॥१॥

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम् ।
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम् ॥२॥

विद्याको राजा अनि रहस्यको राजा छ यो ।
पवित्रमा अति पवित्र उत्तम पनि भएको छ त्यो ॥
धर्मबाट प्रत्यक्ष फल प्रदान गर्ने भएको ।
साधना गर्नमा सरल अविनाशि पनि भएको ॥२॥

अश्रद्दधानाः पुरुषा धर्मस्यास्य परन्तप ।
अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि ॥३॥

यस ज्ञानरुपी धर्म परंतप यसमा ।
अश्रद्धा गर्ने भएको पुरुष त्यसमा ॥
मृत्युरुपी संसार चक्रमा परेर ।
घुमीराख्नु पर्छ मलाई पाउन नसकेर ॥३॥

मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना ।
मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः ॥४॥

अव्यक्त मुर्ति परमात्मा म बाट नै ।
ओतप्रोत भएको छ यस सम्पूर्ण जगत अनि ॥
यी सम्पूर्ण प्राणी मेरै स्थानमा भएर पनि ।
बसेको छैन म फेरि तिनमा अनि ॥४॥

न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम् ।
भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ॥५॥

ममा छैनन् ती फेरी मेरै स्थानमा भएता पनि ।
हेर मेरो योग ऐश्वर्य योग मायाको बानी ॥
पालन धारण गर्ने भएता पनि प्राणीमा ।
छैन म स्थित मेरै अंश भएर पनि तिनमा ॥५॥

यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान् ।
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ॥६॥

जसरी आकाशमा स्थिर वायु सदा बहेर ।
वायुमण्डल भएका सबै ठाउँमा गएर ॥
त्यसैगरि सम्पूर्ण प्राणि मेरै स्थानमा ।
बसेका छन् ती यसतो धारणा राख मनमा ॥६॥

सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम् ।
कल्पक्षये पुनस्तानि कल्पादौ विसृजाम्यहम् ॥७॥

प्राणी सम्पूर्ण पर्दछन् कौन्तेय यसमा ।
मेरी माया प्रकृति यसको वसमा ॥
नाश हुन्छन् ती कल्पको अन्त्यमा ।
रचना गर्दछु फेरि म कल्पको आदिमा ॥७॥

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः ।
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ॥८॥

प्रकृति मायालाई आफ्नो अधिनमा गरेर ।
रचना गर्दछु म तिनलाई बारम्बार ॥
प्राणी समुदाय सम्पूर्ण यसरी विवस भएर ।
पर्दछन् ती प्रकृतिको वसमा मलाई नपाएर ॥८॥

न च मां तानि कर्माणि निबध्नन्ति धनञ्जय ।
उदासीनवदासीनमसक्तं तेषु कर्मसु ॥९॥

त्यसता कर्मले पनि मलाई ।
बाँध्न सक्दैन धनन्जय फेरि ॥
उदाशिन जस्तो आशिन भएर ।
बल्दछु अनि कर्ममा अनासक्त भएर ॥९॥

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् ।
हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते ॥१०॥

मेरो अध्यक्षतामा प्रकृति मायाले ।
रच्दछिन् स चराचर जगत तिनले ॥

यस हेतुले कौन्तेय जगत यसमा ।
घुम्दछ परिवर्तन भएर अनि त्यसमा ॥१०॥

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम् ।
परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥११॥

मनुष्य चोलामा आश्रित भएको हुनाले ।
जान्दैनन् मलाई अज्ञानीजन मनुष्यले ॥
प्राणीका महेश्वर भएको परमात्मा मलाई ।
नजानेर परम भाव मेरो बोल्छन जथाभावी ॥११॥

मोघाशा मोघकर्माणो मोघज्ञाना विचेतसः ।
राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं श्रिताः ॥१२॥

मिथ्या आशा–मिथ्या कर्म गर्ने भएका ।
हुन् ती मिथ्या ज्ञानले अचेत भएका ॥
राक्षसि–आशुरी स्वभावका जान तिनलाई ।
प्रकृतिको मोहिनी मायामा आश्रित भएकालाई ॥१२॥

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ।
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥१३॥

परन्तु पार्थ मलाई महात्मा जनले ।
दैवी स्वभावमा आश्रित भएका हुनाले ॥
भज्दछन् आफ्नो मन एकाग्र गरेर ।
प्राणीका आदि कारण अव्यय परमात्मा जानेर ॥१३॥

सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः ।
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ॥१४॥

किर्तन गर्छन मलाई तिन्ले निरन्तर ।
प्रयत्न गर्छन पाउन अनि दृदव्रती भएर ॥
नमस्कार गर्छन फेरि भक्ति भावले निहुरिएर ।
उपाशना गर्छन अनि सदा युक्त भएर ॥१४॥

ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते ।
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ॥१५॥

ज्ञान यज्ञद्वारा पनि कोहि ज्ञानीजनले मलाई ।
पुज्दछन् उपाशना गरेर मेरो भक्ति पाउनलाई ॥
एकत्व वा पृथकत्व गरेर पनि धेरै प्रकारले ।
पुज्दछन् विराट स्वरुप म ब्रह्मलाई तिनले ॥१५॥

अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम् ।
मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥१६॥

म हूँ क्रतु मै हूँ यज्ञ अनि ।
म हूँ स्वधा मै हूँ अन्न पनि ॥
म हूँ मन्त्र मै हूँ घृत फेरि ।
म हूँ अग्नि मै हूँ चरु पनि ॥१६॥

पिताहमस्य जगतों माता धाता पितामहः ।
वेद्यं पवित्रमोङ्कार ऋक्साम यजुरेव च ॥१७॥

मै हूँ यस जगतका माता–पिता अनि ।
भावी विधाता पितामह ब्रह्मा पनि ॥
जान्न योग्य पवित्र ओमकार पनि मलाई ।
जान फेरि ऋक्साम यजुर्वेद पनि मलाई ॥१७॥

गतिर्भर्ता प्रभुः साक्षी निवासः शरणं सुहृत् ।
प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम् ॥१८॥

गति दिने भर्ता स्वामी साक्षी पनि मलाई ।
जान सुहृदयको शरण दिने निवास पनि ॥
उत्पत्ति अनि प्रलयको स्थान पनि मलाई ।
जान अविनाशि वीजको मुहान पनि मलाई ॥१८॥

तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च ।
अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जुन ॥१९॥

मै हूँ ताप दिएर वर्षालाई फेरि ।
आकर्षण गरेर जल वर्षाउने पनि ॥
अमृत अनि विष पनि मलाई नै जान ।
फेरि सत्–असत् पनि मलाई नै अर्जुन ॥१९॥

त्रैविद्या मां सोमपाः पूतपापा यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते ।
ते पुण्यमासाद्य सुरेन्द्रलोक मश्नन्ति दिव्यान्दिवि देवभोगान् ॥२०॥

त्रयी विद्याद्वारा सोमरसि निस्पाप मुनीले अनि ।
गर्छन प्रार्थना मेरो यज्ञद्वारा स्वर्ग गती निमित्त भनी ॥
पुण्य साध्य भएर प्राप्त हुन्छ तिन्लाई इन्द्रलोक ।
भोग्न पाउँछन् तहाँ तिन्ले देवताको दिर्व्यभोग ॥२०॥

ते तं भुक्त्वा स्वर्गलोकं विशालं क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति ।
एवं त्रयीधर्ममनुप्रपन्ना गतागतं कामकामा लभन्ते ॥२१॥

स्वर्गलोकको विशाल भोग भोगेर तिन्ले तहाँ ।
फर्कनु पर्छ फेरि क्षीण पुण्यले मर्त्यलोकमा ॥

त्रयी विद्या धर्मको अनुशरण गरेर ।
प्राप्त हुन्छ आउने–जाने काम–अकाम यसप्रकार ॥२१॥

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते ।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ॥२२॥

अनन्य चिन्तन गरेर मलाई जो जनले ।
उपाषना गर्दछन् भने मेरो निष्काम भावले ॥
ममा सदा समर्पित भएका भक्तस्योगी जस्का ।
क्षेम–कुशल वहन गर्दछु म आफैले तिनका ॥२२॥

येऽप्यन्यदेवता भक्ता यजन्ते श्रद्धयान्विताः ।
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ॥२३॥

यद्यपि जो अन्य कुनै देवताको भक्त बनेर ।
पूज्दछन् भने तिन्लाई श्रद्धा पूर्वक ॥
ती पनि मलाई नै पूज्ने हुन् कौन्तेय ।
अप्रतक्ष रुपमा पूज्ने ती अविधि पूर्वक ॥२३॥

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च ।
न तु मामभिजानन्ति तत्त्वेनातश्च्यवन्ति ते ॥२४॥

म नै हूँ सम्पूर्ण यज्ञ भए जतीका ।
भोक्ता अनि स्वामी पनि भएका ॥
जो फेरि तत्वद्धारा नै जान्दैनन् भने मलाई ।
पतन हुन्छन अत ऽ श्रेय साधनबाट अनि ती ॥२४॥

यान्ति देवव्रता देवान्पितॄन्यान्ति पितृव्रताः ।
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम् ॥२५॥

देवतालाई पुज्ने प्राप्त हुन्छन् देवलोकमा ।
पितृलाई पुज्ने जना पुग्दछन् पितृलोकमा ॥
भूत–प्रेतलाई मान्ने जना भूत–प्रेतमा ।
परन्तु मेरा भक्त जान्छन् मेरै धाममा ॥२५॥

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥२६॥

पत्र पुष्प फल अनि जल मात्र पनि मलाई ।
अर्पण गर्दछन् भने भक्ति पूर्वक जो कोहि ॥
प्रेम पूर्वक अर्पण गरिएको त्यस वस्तुलाई ।
ग्रहण गर्दछु म प्रशन्नता पूर्वक त्यसलाई ॥२६॥

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत् ।
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ॥२७॥

जे गरिन्छ जे खाइन्छ यसलाई अनि ।
हवन गरिन्छ जून दान दिइन्छ यसलाई पनि ॥
तपस्या गरिन्छ कौन्तेय जून फेरि यसलाई ।
अर्पण गर यी सबै कर्म अनि मलाई ॥२७॥

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः ।
संन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ॥२८॥

शुभ–अशुभ कर्मका फल यसरी त्यागेमा ।
छुटकारा मिल्छ कर्मवन्धनबाट संसारमा ॥
संन्यास योगयुक्त आत्मा भएका योगीले ।
प्राप्त गर्नेछन् विल्कुल मूक्त भएर मलाई तिन्ले ॥२८॥

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः ।
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ॥२९॥

समान भएर बसेको छु म प्राणि सम्पूर्णमा ।
न मेरा प्रिय छन न अप्रिय कोही जगतमा ॥
जो भक्त मलाई यसरी जान्दछन् भने फेरि यसमा ।
ममा ती छन् अनि तिन्मा म छु तेसमा ॥२९॥

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक् ।
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥३०॥

अतिसय दुराचारी भएता पनि जो कोही ।
अनन्य भावनाले भज्दछ भने मलाई ॥
साधुमा नै गनिन्छ उस्लाई किनकी ।
दृढनिश्चयि भएर बसेका मनुष्य हुन् ती ॥३०॥

क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्तिं निगच्छति ।
कौन्तेय प्रतिजानीहि न मे भक्तः प्रणश्यति ॥३१॥

छिट्टै नै धर्मात्मा बनेर तिन्ले यसमा ।
शाश्वत् शान्ति प्राप्त गर्छन् अनि तेसमा ॥
यस कुरालाई सत्य जान कौन्तेय किनकी ।
मेरा भक्त नष्ट हुँदैनन् कहिलै पनि ॥३१॥

मां हि पार्थ व्यपाश्रित्य येऽपि स्युः पापयोनयः ।
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥३२॥

मेरा नै आश्रय लिएर बसेको पार्थ जो कोई ।
यद्यपि पाप जोनीमा जन्मेको भएता पनि ॥

जन्मेर स्त्री वैश्य तथा शुद्र भएका छन् तापनि ।
परम गति प्राप्त गर्छन् जो सुकैले पनि ॥३२॥

किं पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा ।
अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ॥३३॥

पुण्यात्मा ब्राह्मणकात के कुरा भो फेरि ।
भक्त राजर्षिका पनि के कुरा भो अनि ॥
अनित्य–असुख यसतो संसारलाई पाएर ।
भज मलाई कल्याण निमित्त छल कपट त्यागेर ॥३३॥

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ॥३४॥

त्यसैले मेरा भक्त बन ममा मन लगाएर ।
नमस्कार गर मलाई पुज्ने भएर ॥
भित्र आत्मा देखि नै यसरी लायक बनेर ।
ममा नै प्राप्त हुनेछौ फेरी मेरो परायण भएर ॥३४॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
श्रीकृष्ण अर्जुनको संवादमा
राजविद्या राजगुह्य योगनामक
नवम अध्याय – ९ यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
✶ श्री हरि शरणम् ✶

ॐ नमो भगवते वासुदेवाय
श्री परमात्मने नमः
श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ दशम अध्याय
विभूति योगम्

श्रीभगवानुवाच

भूय एव महाबाहो शृणु मे परमं वचः ।
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ॥१॥

रास रसिक नन्द यशोदा लाल ।
कहत फेरि भगवान् श्रीकृष्ण गोपाल ॥
म बाट सुन फेरि महाबाहो ।
परम वचन यसलाई मेरो ॥
प्रेम पैदा गर्न निमित्त म तिम्रो ।
बताउँछु जून कामना गरेर हितको ॥१॥

न मे विदुः सुरगणाः प्रभवं न महर्षयः ।
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥२॥

न सुरगणा न महर्षी जना मेरो ।
जान्दछन् अवतारका कारण भएको ॥
देवताका पनि आदि भएको जान मलाई ।
महर्षीजनाका पनि हर प्रकारले त्यसलाई ॥२॥

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम् ।
असम्मूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ॥३॥

अजन्मा अनादि पनि भएको मलाई ।
जान्दछ भने जसले लोकका महेश्वर पनि ॥

मनुष्यमा हुन् ती मोहरुपी पर्दा हटेका ।
सम्पूर्ण पापबाट अनि मूक्त भएका ॥३॥

बुद्धिर्ज्ञानमसम्मोहः क्षमा सत्यं दमः शमः ।
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च ॥४॥

बुद्धि ज्ञान असंमोह ।
क्षमा सत्य.दम सम ॥
सुख दुख भव अभाव अनि ।
भय फेरि अभय पनि ॥४॥

अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः ।
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः ॥५॥

अहिंसा समता संतोष अनि ।
तप–दान यश–अयश पनि ॥
यी सबै हुन् प्राणीका भावना ।
म बाटै उत्पन्न नाना प्रकारका ॥५॥

महर्षयः सप्त पूर्वे चत्वारो मनवस्तथा ।
मद्भावा मानसा जाता येषां लोक इमाः प्रजाः ॥६॥

सात महर्षीजना पूर्वका ।
चार कुमार चौध मनु तथा ॥
यी मेरा मानस संकल्प बाट पैदा भएका ।
प्रजा हुन यी मेरा सर्वलोक फैलिएका ॥६॥

एतां विभूतिं योगं च मम यो वेत्ति तत्त्वतः ।
सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः ॥७॥

मेरा यस विभूति अनि योगको पनि ।
जसले जान्दछ तत्व सहित गरेर मलाई ॥
निश्चय नै ती मेरो एकै भावमा ।
स्थित हुन्छन् शंका छैन यस कुरामा ॥७॥

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते ।
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः ॥८॥

मै हूँ यस सम्पूर्ण उत्पतिका कारण ।
म बाट नै चल्दछ अनि यस सम्पूर्णता ॥
यसतो जानेर बुद्धिमान् जनले मलाई ।
भज्दछन् भाव सहित गरेर तिन्ले मलाई ॥८॥

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम् ।
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ॥९॥

ममा चित्त लगाएर प्राण समर्पण गरेका ।
परस्परमा चर्चा गरेर मेरो प्रभाव बुझेका ॥
सदा मलाई संझने भएका ती अनि ।
गर्दछन् सन्तुष्ट हुने फेरि रमाउने पनि ॥९॥

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥१०॥

ममा युक्त भएर यसरी निरन्तर ।
भज्ने भएका जना मलाई प्रेम पूर्वक ॥
बुद्धि योग दिन्छु म फेरि तिन्लाई ।
जसबाट पाउने छन तिन्ले मलाई ॥१०॥

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः ।
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ॥११॥

अनुग्रह गर्न निमित्त म यसरी तिन्लाई ।
अज्ञानबाट उत्पन्न भएको अन्धकारलाई ॥
हटाई दिन्छ तिन्का आत्मभावमा स्थिर भएर ।
अनि ज्ञानरुपी दिपको प्रकाश पारेर ॥११॥

अर्जुन उवाच

परं ब्रह्म परं धाम पवित्रं परमं भवान् ।
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ॥१२॥

भन्नुहुन्छ अर्जुन प्रार्थना गरेर ।
परम ब्रह्म अनि परम धाम ।
हौ तिमी पवित्रमा परम पवित्र ॥
शाश्वत दिव्य पुरुष पनि हौ तिमी ।
देवताका आदि अजन्मा विभु पनि ॥१२॥

आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा ।
असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे ॥१३॥

सबै ऋषिगण पनि भन्छन् तिमीलाई ।
देवर्षी नारद पनि भन्दछन् त्यसैगरी ॥
असित देवल व्यास पनि भन्दछन् तिमीलाई ।
भन्दछौ स्वयं तिमी पनि त्यसैगरी मलाई ॥१३॥

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव ।
न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः ॥१४॥

सत्य भनिन्छ सम्पूर्ण त्यस कुरालाई ।
जून कुरा बतायौ केशव अनि मलाई ॥
भगवान् तिम्रो लिलामय अवतारको ।
न जान्दछन देवता न दानव कसैले त्यसको ॥१४॥

स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम ।
भूतभावन भूतेश देवदेव जगत्पते ॥१५॥

आफुले नै आफ्नो स्वरुपलाई ।
जान्दछौ तिमी पुरुषोत्तम आफुलाई ॥
प्राणी उत्पन्न गर्ने हौ प्राणीका इश्वर पनि ।
देवताका पनि देवता हौ जगतका पति ॥१५॥

वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः ।
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि ॥१६॥

आफ्नो दिव्य भएका विभूतियों यसलाई ।
योग्य छौ तिमी नै बताउन अशेष हुनेगरी ॥
जून जून विभूतियों यसले लोक लोकमा ।
ढाकेर बसेकाछौ तिमी जस जसमा ॥१६॥

कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन् ॥
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ॥१७॥

कसरी जानु म योगेश्वर तिमीलाई ।
सदा चिन्तन गरेर अनि पाउनलाई ॥
कुन कुन भावना राखेर मनमा मैले ।
चिन्तन गर्नु पर्छ भगवान तिम्लाई पैल्हे ॥१७॥

विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन ।
भूयः कथय तृप्तिर्हि शृण्वतो नास्ति मेऽमृतम् ॥१८॥

विस्तार गर आफ्नो योगमायाको ।
विभूतियौं यसको पनि जनार्दन तिम्रो ॥
जति भने पनि छैन अरुची मलाई सुन्नमा ।
अमृतरुपी वाणी तिम्रो सुनेर मनमा ॥१८॥

श्रीभगवानुवाच

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः ।
प्राधान्यतः कुरुश्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ॥१९॥

भक्तस्वत्सल यशोदा नन्दन दामोदर ।
भन्नुहुन्छ श्रीकृष्ण श्यामसुन्दर ॥
सुन अब बताउँछु म तिमीलाई ।
मेरा दिव्य भएका विभूतियौं यसलाई
मुख्य मुख्य बताउँछु कुरुश्रेष्ठ अब तिमीलाई ।
छैन अन्त यसको विस्तार पूर्वक बताउनलाई ॥१९॥

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः ।
अहमादिश्च मध्यं च भूतानामन्त एव च ॥२०॥

मै हूँ आत्मा गुडाकेश ।
सम्पूर्ण प्राणीमा स्थित भएर बसेको ॥
मै हूँ फेरीआदि अनि मध्य पनि ।
प्राणीका लागि अन्त पनि भएको ॥२०॥

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान् ।
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ॥२१॥

बाह्र आदित्यमा म हूँ विष्णु ।
ज्योतिधारीमा म अंशुमान सूर्य ॥
मरुतगणोंमा म हूँ मरीचि वायुदेवता ।
नक्षत्रहरुमा मै हूँ चन्द्रमा ॥२१॥

वेदानां सामवेदोऽस्मिं देवानामस्मि वासवः ।
इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ॥२२॥

वेदमा म हूँ सामवेद ।
देवोंमा म देवराज इन्द्र ॥
इन्द्रियोंमा म हूँ मन अनि ।
प्राणीयोंमा म चेतना पनि ॥२२॥

रुद्राणां शङ्करश्चास्मि वित्तेशो यक्षरक्षसाम् ।
वसूनां पावकश्चास्मि मेरुः शिखरिणामहम् ॥२३॥

एकादश रुद्रोंमा म हूँ शंकर ।
यक्ष राक्षसहरुमा पनि म कुवेर ॥
अष्टवसुओंमा म हूँ पावकवसु ।
शिखरधारी पर्वतमा म सुमेरु ॥२३॥

पुरोधसां च मुख्यं मां विद्धि पार्थ बृहस्पतिम् ।
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ॥२४॥

पुरोहितमा मुख्य पुरोहित फेरि ।
जान पार्थ मलाई गुरु वृहस्पति ॥

सेनापतियोंमा म हूँ स्कन्दः कुमार ।
जलाशयमा म हूँ सागर ॥२४॥

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम् ।
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणां हिमालयः ॥२५॥

मै हूँ भृगुऋषि महर्षियोंमा ।
एकाक्षरी ओमकार हूँ म वचनमा ॥
मै हूँ अनि जपयज्ञ यज्ञमा ।
हिमालय हूँ म स्थिर रहनेमा ॥२५॥

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः ।
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः ॥२६॥

सम्पूर्ण वृक्षमा म हूँ पिपल वृक्ष ।
देवर्षियोंमा अनि म नारद ॥
गन्धर्वोमा म हूँ गन्धर्वराज चित्ररथ ।
सिद्धोंमा म हूँ मुनि कपिलदेव ॥२६॥

उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम् ।
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ॥२७॥

घोडाहरुमा उच्चै स्श्रवा जान मलाई ।
अमृतबाट उत्पन्न यसतो त्यसलाई ॥
हात्तीहरुमा ऐरावत जान मलाई ।
मनुष्यमा राजा नरपति पनि ॥२७॥

आयुधानामहं वज्रं धेनूनामस्मि कामधुक् ।
प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः ॥२८॥

हतियार मध्येमा वज्र मलाई ।
जान गाई मध्येमा कामधेनु गाई ॥
सन्तान उत्पन्न हेतु अनि कामदेव ।
सर्पहरुमा म वासुकी सर्पराज ॥२८॥

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम् ।
पितॄणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥

अनन्त शेषनाग पनि हूँ म नागोंमा ।
वरुण देवता हूँ म जलचरोंमा ॥
अर्यमा पनि हूँ म पितृ मध्येमा ।
यमराज हूँ म फेरि शासक मध्येमा ॥२९॥

प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम् ।
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥

प्रहलाद पनि हूँ म दैत्यहरुमा ।
काल हूँ अनि गणना गर्ने मध्येमा ॥
पशुओंमा मै हूँ सिंहराज अनि ।
पक्षियोंमा मै हूँ गरुड पनि ॥३० ॥

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम् ।
झषाणां मकरश्चास्मि स्रोतसामस्मि जाह्नवी ॥३१॥

पावन गर्नेमा म हूँ पवन ।
शस्त्रधारी मध्येमा म हूँ राम ॥
माछाहरुमा मगरमच्छ हूँ फेरि ।
नदीहरुमा म गंगा भागीरथी ॥३१॥

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन ।
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥

सृष्टिका आदि अनि अन्त पनि ।
मै हूँ फेरि मध्य पनि अर्जुन ॥
विद्यामा अध्यात्म विद्या अनि ।
मै हूँ विवादमा वाद पनि ॥३२॥

अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च ।
अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः ॥३३॥

मै हूँ अक्षरमा अकार ।
समासमा फेरि म द्वन्द समास ।
मै हूँ अविनाशि काल अनि ।
लालन – पालनमा विराट स्वरुप पनि ॥३३॥

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम् ।
कीर्तिः श्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ॥३४॥

सम्पूर्ण हरण गर्नेमा म मृत्यु अनि ।
मै हूँ भविष्यमा पैदा गर्ने पिता पनि ॥
कीर्ति श्री वचन स्मृति अनि मेघा ।
मै हूँ धैर्य अनि क्षमागुणों पनि नारीका ॥३४॥

बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम् ।
मासानां मार्गशीर्षोऽहमृतूनां कुसुमाकरः ॥३५॥

वृहत सामवेद तथा गायन गर्ने श्रुतियोंमा ।
जान गायत्री मलाई छन्दमा ॥

महिनोंमा मलाई मार्गशीर्ष महिना ।
जान ऋतु बसन्त मलाई ऋतुओंमा ॥३५॥

द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम् ।
जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्त्ववतामहम् ॥३६॥

छल कपट गर्नेमा द्युत मलाई ।
जान तेजस्विका तेज पनि मलाई ॥
मै हूँ जय पनि व्यवसाय अनि ।
सत्यवादीमा म सत्यवक्ता पनि ॥३६॥

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनञ्जयः ।
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः ॥३७॥

वृष्णिवशंमा म हूँ वासुदेव ।
पाण्डवमा म हूँ धनञ्जय ॥
मुनीयोंमा म फेरि वेदव्यास मुनी ।
कवियोंमा अनि शुक्रचार्य कवी ॥३७॥

दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम् ।
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम् ॥३८॥

दण्ड हूँ म दमन गर्नेमा ।
निति हूँ म विजय चाहनेमा ॥
मौन हूँ फेरि गोपनीयतामा ।
ज्ञान हूँ म अनि ज्ञानवानोंमा ॥३८॥

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन ।
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥३९॥

सम्पूर्ण प्राणिका विज जून छ यो फेरि ।
मलाई नै जान अर्जुन त्यो पनि ॥
न छ अस्तित्व जस विना प्राणी कसैका ।
ममा छन त्यसैले चर अचर प्राणी वसेका ॥३९॥

नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परन्तप ।
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥

न छ अन्त वर्णन गर्न विस्तार पूर्वक ।
मेरा दिव्य भएका विभूतियोंका परंतप ॥
संक्षेपमा नै बताएँ तिमीलाई अहिले ।
विस्तार गरेर अनि त्यसलाई मैले ॥४०॥

यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा ।
तत्देवावगच्छ त्वं मम तेजोंऽशसम्भवम् ॥४१॥

जस जसमा छ सत्वयुक्त विभूति ।
वा श्रीसम्पन्न कान्तियुक्त शक्ति ॥
तेस तेसमा मेरो विभूति जान तिमी ।
तेजको अंशबाट पैदा भएका भनी ॥४१॥

अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन ।
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥४२॥

अथवा धेरै कुरा गरेर तिमीलाई ।
किन जान्नु पर्‍यो अर्जुन त्यसलाई ॥
यस समस्त जगत धारण गरेर मैले ।
स्थित भइ बसेको छु तेस्मा एक अंशले ॥४२॥

ततइति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
विभूतियोग नामक
दशम अध्याय – १० यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्

✶ श्री हरि शरणम् ✶

आरती

जय भगवद्गीते, जय भगवद्गीते ।
हरि-हिय-कमल-विहारिणि सुन्दर सुपुनीते ॥ जय ० ॥
कर्म-सुमर्म-प्रकाशिनि कामासक्तिहरा ।
तत्वज्ञान-विकाशिनि विद्या ब्रहम परा ॥ जय ० ॥
निश्चल-भक्ति-विधायिनि निर्मल मलहारी ।
शरण-रहस्य-प्रदायिनि सब विधि सुखकारी ॥ जय ० ॥
राग-द्वेष-विदारिणि कारिणि मोद सदा ।
भव-भय-हारिणि तारिणि परमानन्दप्रदा ॥ जय ० ॥
आसुर-भाव-विनाशिनि नाशिनि तम-रजनी ।
दैवी सद्गुणदायिनि हरि-रसिका सजनी ॥ जय ० ॥
समता, त्याग सिखावनि, हरि-मुखकी बानी ।
सकल शास्त्रकी स्वामिनि, श्रुतियोंकी रानी ॥ जय० ॥
दया-सुधा बरसावनि मातु ! कृपा कीजै ।
हरिपद-प्रेम दान कर अपनो कर लीजै ॥ जय० ॥

ॐ नमो भगवते वासुदेवाय
श्री परमात्मने नमः

श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ एकादश अध्याय
विश्वरुप दर्शनयोगम्

अर्जुन उवाच

मदनुग्रहाय परमं गुह्यमध्यात्मसञ्ज्ञितम् ।
यत्त्वयोक्तं वचस्तेन मोहोऽयं विगतो मम ॥१॥

भन्नुहुन्छ अर्जुन मनमा प्रशन्न भएर ।
अनुग्रह गर्न निमित्त म उपर तिमीले परम ।
रहस्यमय अध्यात्म विषयक वचन ॥
बतायौं मलाई जून वचन गरेर अहिले ।
नष्ट भयो मेरो अज्ञानतारुपी मोह त्यसले ॥१॥

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया ।
त्वत्तः कमलपत्राक्ष माहात्म्यमपि चाव्ययम् ॥२॥

प्राणिका जन्म – मरण रुपि पनि सुने मैले ।
बिस्तार पूर्वक बताइएको मलाई तिमीले ॥
तिम्रो अविनाशि महिमा पनि सूनैं फेरि ।
तिमीबाट कलमपत्राक्ष त्यसलाई पनि ॥२॥

एवमेतद्यथात्थ त्वमात्मानं परमेश्वर ।
द्रष्टुमिच्छामि ते रूपमैश्वरं पुरुषोत्तम ॥३॥

आफु जस्तो छौ तेस्तो स्वरुप मलाई ।
वर्णन गर्दछौ परमेश्वर तिमी मलाई ॥

तिम्रो त्यहि स्वरुप ऐश्वैर्य त्यसलाई ।
हेर्न चाहन्छु म पुरुषोत्तम तिमीलाई ॥३॥

मन्यसे यदि तच्छक्यं मया द्रष्टुमिति प्रभो ।
योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ॥४॥

हेर्न सकिने मान्यता छ भने यदि यसतो ।
देखाउ तिम्रो त्यस स्वरुपलाई प्रभो ॥
दर्शन गराउ योगेश्वर तिमी मलाई ।
आफ्नो अविनाशि भएको स्वरुपलाई ॥४॥

श्रीभगवानुवाच

पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रशः ।
नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च ॥५॥

भगवान श्रीकृष्ण भन्नुहुन्छ फेरि ।
आफ्नो विराट स्वरुप प्रकट गरेर अनि ॥
हेर पार्थ मेरा रुपोंका रुप यसलाई ।
सयौं तथा हजारौं रुप भएका मलाई ॥
नाना प्रकारले दिव्य भएका अनि ।
नानावर्ण आकृति पनि भएका फेरि ॥५॥

पश्यादित्यान्वसून् रुद्रानश्विनौ मरुतस्तथा ।
बहून्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ॥६॥

बाह्रआदित्य अष्टवसु अनि एकादश रुद्र ।
हेर दुवै अश्विनी कुमार तथा मरुतगण ॥
अगाडि कहिले नदेखेका अनेकौं प्रकारका ।
हेर आश्चर्य लाग्दा आकृति भएका भारत ॥६॥

इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम् ।
मम देहे गुडाकेश यच्चान्यद्द्रष्टुमिच्छसि ॥७॥

एकै ठाउँ यसमा हेर सम्पूर्ण जगतलाई ।
चराचर सहित अहिले त्यसलाई ॥
जे जस्तो इच्छा गर्दछौ तिमी हेर्नलाई ।
हेर मेरो शरीरमा गुडाकेश मन लगाई ॥७॥

न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा ।
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ॥८॥

परन्तु सक्दैनौ देख्न मलाई ।
तिम्रो आफ्नै आखाँले हेर्नलाई ॥
दिव्य आँखा दिन्छु म तिमीलाई ।
हेर अनि मेरा योगऐश्वर्य यसलाई ॥८॥

सञ्जय उवाच

एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः ।
दर्शयामास पार्थाय परमं रूपमैश्वरम् ॥९॥

कहत संजय चिन्ता ग्रस्त राजालाई ।
यस प्रकार भनेर राजन् त्यसपछि ।
महायोगेश्वर श्रीहरिले आफ्नो रुपलाई ॥
दर्शन गराउनु भयो पार्थलाई ।
यरम ऐश्वर्यशालि विराट स्वरुपलाई ॥९॥

अनेकवक्त्रनयनमनेकाद्भुतदर्शनम् ।
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ॥१०॥

अनेक अनुहार नयन छन् तिनका ।
अनेकौं अद्‌भुत दृष्य भएका ॥
अनेक दिव्य आभूषण छन् पैरिएका ।
दिव्य अनेकौं आयुध धारण गरेका ॥१०॥

दिव्यमाल्याम्बरधरं दिव्यगन्धानुलेपनम् ।
सर्वाश्चर्यमयं देवमनन्तं विश्वतोमुखम् ॥११॥

दिव्य माला वस्त्र पैरिएका ।
दिव्य गन्ध अनुलेपन गरेका ॥
हर प्रकार आश्चर्यमय भएका देवता ।
अनन्त विराट विश्वरुप भएका ॥११॥

दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता ।
यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ॥१२॥

हजारौं सूर्य एकैसाथ आकाशमा ।
उदायो भने यदी त्यसमा ॥
ती महात्माको जस्तो प्रकाश ।
कदाचित् हुन्छ ती सबैको प्रकाश ॥१२॥

तत्रैकस्थं जगत्कृत्स्नं प्रविभक्तमनेकधा ।
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ॥१३॥

अनेक प्रकारले पृथक् पृथक् भएका ।
समस्थ जगत एकत्रित भएर तहाँ ॥
देवताका पनि देवताका शरीरमा ।
देख्नुभो पाण्डवले त्यसबखतमा ॥१३॥

ततः स विस्मयाविष्टो हृष्टरोमा धनञ्जयः ।
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ॥१४॥

आश्चर्यमानेर बसेका ती धनंजय ।
रोमान्चित हुनुभयो त्यसपछि खुसि भएर ॥
शिरले प्रणाम गरेर ती देवलाई ।
भन्नलाग्नुभो अन्जली बाँधेर तिन्लाई ॥१४॥

अर्जुन उवाच

पश्यामि देवांस्तव देव देहे सर्वांस्तथा भूतविशेषसङ्घान् ।
ब्रह्माणमीशं कमलासनस्थ ऋषींश्च सर्वानुरगांश्च दिव्यान् ॥१५॥

आफु सम्हालिएर भन्नुहुन्छ अर्जुन ।
देवताहरु सबै देख्दछु हे देव तिम्रो देहमा ।
प्राणी विशेष समुदाय सम्पूर्ण पनि त्यसमा ॥
ब्रह्मा महेश्वर छन् कमलासनस्थ बसेका ।
ऋषियों तथा सम्पूर्ण सर्पगण पनिछन् दिव्य भएका ॥१५॥

अनेकबाहूदरवक्त्रनेत्रं पश्यामि त्वां सर्वतोऽनन्तरूपम् ।
नान्तं न मध्यं न पुनस्तवादिं पश्यामि विश्वेश्वर विश्वरूप ॥१६॥

हात पेट मुख आखाँहरु छन् अनेकौं ।
देख्दछु तिमीलाई सबतिरबाट अनन्त रुपौं ॥
न छ तिम्रो आदि न मध्य फेरि न अन्त ।
देख्दछु विश्वेश्वर तिमीलाई विश्वरुप ॥१६॥

किरीटिनं गदिनं चक्रिणं च तेजोराशिं सर्वतो दीप्तिमन्तम् ।
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ताद् दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥

किरीटिनं गदिनं चक्रिणं पनि छौ तिमी ।
तेजको राशिले सबैतिरबाट प्रज्वलित पनि ॥
अति कठिनताले निरिक्षण गर्दछु म तिमीलाई ।
अतुलनीय प्रज्वलित अग्नि सूर्यका प्रकाशलाई ॥१७॥

त्वमक्षरं परमं वेदितव्यं त्वमस्य विश्वस्य परं निधानम् ।
त्वमव्ययः शाश्वतधर्मगोप्ता सनातनस्त्वं पुरुषो मतो मे ॥१८॥

अच्युत हौ तिमी जान्न योग्य परमम् ।
यस विश्वका हौ तिमी परं निधानम् ॥
अविनाशि हौ तिमी शाश्वत धर्मका रक्षक ।
पुरुष हौ तिमी मेरो बिचारमा सनातन ॥१८॥

अनादिमध्यान्तमनन्तवीर्यमनन्तबाहुं शशिसूर्यनेत्रम् ।
पश्यामि त्वां दीप्तहुताशवक्त्रंस्वतेजसा विश्वमिदं तपन्तम् ॥१९॥

आदि मध्य अन्त देखि रहित छौ अनन्त वीर्यम् ।
अनन्त हात पाउ शशी सूर्य नेत्रम् ॥
देख्दछु म प्रज्वलित अग्नि समान मुख तिम्रो ।
आफ्नो तेजले यस विश्वलाई तताएको ॥१९॥

द्यावापृथिव्योरिदमन्तरं हि व्याप्तं त्वयैकेन दिशश्च सर्वाः ।
दृष्ट्वाद्भुतं रूपमुग्रं तवेदं लोकत्रयं प्रव्यथितं महात्मन् ॥२०॥

पृथ्वी देखि स्वर्ग सम्मको नै यस अन्तराललाई ।
ढाकेर बसेका छौ तिमी एक्लैले सबै दिशालाई ॥
तिम्रो यसतो अद्भुत् उग्ररुप यसलाई देखेर ।
अति पिडित छन् तिनैलोक महात्मन काँमेर ॥२०॥

अमी हि त्वां सुरसङ्घा विशन्ति केचिद्भीताः प्राञ्जलयो गृणन्ति।
स्वस्तीत्युक्त्वा महर्षिसिद्धसङ्घाः स्तुवन्ति त्वां स्तुतिभिः
पुष्कलाभिः ॥२१॥

तिमीमा नै समाहित भएका छन् यी सुरसंघा ।
हात जोडेर गुणगान गर्छन् डरले छुटेर कम्पा ॥
स्वस्ति इति यसतो भनेर महर्षि सिद्ध समुदाय संघा ।
अति उत्तम स्तोत्रले स्तुती गर्छन् तिमीलाई देख्दा ॥२१॥

रुद्रादित्या वसवो ये च साध्या विश्वेऽश्विनौ मरुतश्चोष्मपाश्च ।
गन्धर्वयक्षासुरसिद्धसङ्घा वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥

रुद्रा आदित्या वसवो साध्यगण यी भए फेरि ।
विश्वेदेवा अश्विनौ मरुतगण पितृ समुदाय अनि ॥
गन्धर्व यक्ष असूर सिद्धौका समुदाय पनि ।
विस्मित भएर हेर्दछन् तिमीलाई ती सबै नै ॥२२॥

रूपं महत्ते बहुवक्त्रनेत्रं महाबाहो बहुबाहूरुपादम् ।
बहूदरं बहुदंष्ट्राकरालं दृष्ट्वा लोकाः प्रव्यथितास्तथाहम् ॥२३॥

धेरै आँखा मुख भएको महत रुप छ तिम्रो ।
हात पाउ जंघा पनि धेरै नै छ महाबाहो ।
धेरै उदर अनि कराल दाह्राऔंका देखेर तिमीलाई ।
व्यथाले पिडीत छन् सबैलोक जस्तो पिडा छ मलाई ॥२३॥

नभःस्पृशं दीप्तमनेकवर्णं,
व्यात्ताननं दीप्तविशालनेत्रम् ।

दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा,
धृतिं न विन्दामि शमं च विष्णो ॥२४॥

आकाश स्पर्श गरेर तेजोमय वर्ण छ अनेक ।
व्याप्त छौ मुख बाएर दीप्त नेत्र छ विशाल ॥
देख्दैमा तिमीलाई विदिर्ण हुन्छ अन्तरात्मा आफ्नो ।
धैर्य न शान्ति मिल्दछ कसैलाई फेरि विष्णों ॥२४॥

दंष्ट्राकरालानि च ते मुखानि दृष्ट्वैव कालानलसन्निभानि ।
दिशो न जाने न लभे च शर्म प्रसीद देवेश जगन्निवास ॥२५॥

विकराल दाह्राऔंका फेरि तिम्रो मुखमा ।
प्रलयकालिन प्रज्वलित अग्नि समान देख्दैमा ॥
न जानिन्छ दिशालाई नमिल्छ शुख शान्ति ।
प्रशन्न होउ देवेश जगन्निवास तिमी ॥२५॥

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः सर्वे सहैवावनिपालसङ्घैः ।
भीष्मो द्रोणः सूतपुत्रस्तथासौ सहास्मदीयैरपि योधमुख्यैः ॥२६॥

यी धृतराष्ट्रका पुत्रहरु पनि तिमीमा नै ।
भूपालका समुदाय सहित ती सबै नै ॥
भिष्म द्रोण सूतपुत्र जस्तो योद्धा फेरि ।
आफ्नो तर्फका पनि मुख्य योद्धा त्यसैगरी ॥२६॥

वक्त्राणि ते त्वरमाणा विशन्ति दंष्ट्राकरालानि भयानकानि ।
केचिद्विलग्ना दशनान्तरेषु सन्दृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः ॥२७॥

परेका छन् ती वेगले गएर तिम्रो मुखमा ।
भयंकर कराल दाह्राओंका विच फन्दामा ॥

बंगारा अन्तरमा अड्केका छन् कोइ फेरि ।
शिर सहित चुर्ण भएका छन् कयौं यसरी ॥२७॥

यथा नदीनां बहवोऽम्बुवेगाः समुद्रमेवाभिमुखा द्रवन्ति ।
तथा तवामी नरलोकवीरा विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥

जसरी नदीका जल प्रवाह वेगले बगेर ।
मिल्दछन् समुन्द्रका तरफ अगाडी बडेर ॥
त्यसैगरी यी भूमण्डलका वीरहरु प्रवेश गरेर ।
परेकाछन् ती तिम्रो प्रज्वलित मुखमा गएर ॥२८॥

यथा प्रदीप्तं ज्वलनं पतङ्गा विशन्ति नाशाय समृद्धवेगाः ।
तथैव नाशाय विशन्ति लोका स्तवापि वक्त्राणि समृद्धवेगाः ॥२९॥

बलेका बत्तिमा पतंगा अति वेगले गएर ।
नाशिन्छन् ती जसरी त्यसमा जलेर ॥
त्यसैगरी नै नाश हुन यी नरलोक वीरा ।
देखिन्छन् प्रज्वलित तिम्रै मुखमा परेका ॥२९॥

लेलिह्यसे ग्रसमानः समन्ताल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः ।
तेजोभिरापूर्य जगत्समग्रं भासस्तवोग्राः प्रतपन्ति विष्णो ॥३०॥

सबतिरबाट ग्रास गरेर समस्त लोकलाई ।
चाटि रहेछौ अहिले आफ्नो प्रज्वलित मुखमा हालि ॥
तेजले भरिपूर्ण भएर समस्त जगत अहिले ।
तातिएको छ ज्यादै विष्णों तिम्रो उग्र तापले ॥३०॥

आख्याहि मे को भवानुग्ररूपो नमोऽस्तु ते देववर प्रसीद ।
विज्ञातुमिच्छामि भवन्तमाद्यं न हि प्रजानामि तव प्रवृत्तिम् ॥३१॥

को हौ तिमी यसतो उग्ररुपं बताउ मलाई ।
प्रशन्न होउ देववर नमामी तिमीलाई ॥
जान्न चाहन्छु म आदि स्वरुप भएको तिमीलाई ।
कहाँ जान्न सकिन्छ यसतो तिम्रो प्रवृत्तिलाई ॥३१॥

श्रीभगवानुवाच

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो,
लोकान्समाहर्तुमिह प्रवृत्तः ।
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे,
येऽवस्थिताः प्रत्यनीकेषु योधाः ॥३२॥

व्याकुल भएर बसेका अर्जुन प्रति कृष्ण मुरारी ।
भन्नुहुन्छ भगवान् विराट स्वरुप धारी ॥
महाकाल हूँ म लोकलाई नष्ट गर्न निमित्त बढेको ।
प्रवृत्त भएको छु म अहिले लोकका बिनाश हेतो ॥
तिमी बिना पनि रहदैनन् यी नरलोक वीरा ।
अवस्थित भएका छन जहाँ ती प्रतिपक्ष योद्धा ॥३२॥

तस्मात्त्वमुत्तिष्ठ यशो लभस्व जित्वा शत्रून्भुङ् क्ष्व राज्यं समृद्धम् ।
मयैवैते निहताः पूर्वमेव निमित्तमात्रं भव सव्यसाचिन् ॥३३॥

त्यसैले उठ तिमी संग्राममा यश कमाएर ।
संमृद्धिशालि राज्यको सुखभोग गर ॥
पहिले नै म द्वारा मारिएका शत्रु तिम्रा ती ।
निमित्त मात्र बन सव्य साचि तिमी ॥३३॥

द्रोणं च भीष्मं च जयद्रथं च,
कर्णं तथान्यानपि योधवीरान् ।
मया हतांस्त्वं जहि मा व्यथिष्ठा,
युध्यस्व जेतासि रणे सपत्नान् ॥३४॥

द्रोणार्चाय भिष्मपितामह जयद्रथ अनि ।
कर्ण तथा अरु धेरै शूरविर योद्धा पनि ॥
मद्वारा पहिले नै मारिएका जनिहोउ व्याकूल तिमी ।
गर युद्ध संग्राममा जित्नेछौ वैरीहरुलाई मारी ॥३४॥

सञ्जय उवाच

एतच्छ्रुत्वा वचनं केशवस्य कृताञ्जलिर्वेपमानः किरीटी ।
नमस्कृत्वा भूय एवाह कृष्णं सगद्गदं भीतभीतः प्रणम्य ॥३५॥

संजय भन्नुहुन्छ अनि राजा धृतराष्ट्रलाई ।
यसतो वचन केशवका सुनेर अनि ।
हात जोडी थरथर कामेर वसेका किरीटी ॥
नमस्कार गरेर फेरि यसतो भन्नुभो कृष्णलाई ।
डराई डराई प्रणाम गरेर खुशीले गद्‌गद भई ॥३५॥

अर्जुन उवाच

स्थाने हृषीकेश तव प्रकीर्त्या जगत्प्रहृष्यत्यनुरज्यते च ।
रक्षांसि भीतानि दिशो द्रवन्ति सर्वे नमस्यन्ति च सिद्धसङ्घाः ॥३६॥

अर्जुन भन्नुहुन्छ अनि मधुर वाणि गरेर ।
तिम्रो चरीत्रको ऋषिकेश गुणगान गाएर ।
हर्षीत हुन्छन् जगतनै अनुराग मरेर ॥

दिशा तरफ लुक्दछन् डरले राक्षसीगण ।
नमस्कार गर्दछन् फेरि साधु समाज जन ॥३६॥

कस्माच्च ते न नमेरन्महात्मन् गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे ।
अनन्त देवेश जगन्निवास त्वमक्षरं सदसत्तत्परं यत् ॥३७॥

किन प्रणाम नगर्नें महात्मन् तिमीलाई ।
ब्रह्माका पनि आदिकारण तिमी सबका स्वामी ॥
अनन्त देवेश हौ तिमी जगत्का निवास ।
सत् असत् जस्देखी पर छौ तिमी अच्यूत ॥३७॥

त्वमादिदेवः पुरुषः पुराणम् त्वमस्य विश्वस्य परं निधानम् ।
वेत्तासि वेद्यं च परं च धाम त्वया ततं विश्वमनन्तरूप ॥३८॥

आदि देव हौ तिमी पुरुष पुराण ।
यस विश्वका हौ तिमी परं निधान ॥
जान्नु पर्नेमा पनि जान्न योग्य हौ वैकुण्ठवासि ।
व्याप्त भएका छौ अनन्त विश्वरुप गरी ॥३८॥

वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः प्रजापतिस्त्वं प्रपितामहश्च ।
नमो नमस्तेऽस्तु सहस्रकृत्वः पुनश्च भूयोऽपि नमो नमस्ते ॥३९॥

वायु यम अग्नि बरुण चन्द्रमा अनि ।
प्रजापति हौ तिमी प्रपितामह ब्रह्मा पनि ॥
हजारौंबार हवस् तिमीलाई नमो नमः ।
बारम्बार फेरि पनि तिमीलाई नमोनमः ॥३९॥

नमः पुरस्तादथ पृष्ठतस्ते नमोऽस्तु ते सर्वत एव सर्व
अनन्तवीर्यामितविक्रमस्त्वं सर्वं समाप्नोषि ततोऽसि सर्वः ॥४०॥

अगाडि पछाडिबाट पनि तिमीलाई नमामी ।
सर्वत्र सबतिरबाट हवस् तिमीलाई नमामी ॥
अनन्त सामर्थ्यवान् हौ अतुलनीय पराक्रमी ।
सर्वरुप समान भएर व्याप्तछौ सम्पूर्णतामा तिमी ॥४०॥

सखेति मत्वा प्रसभं यदुक्तं हे कृष्ण हे यादव हे सखेति ।
अजानता महिमानं तवेदं मया प्रमादात्प्रणयेन वापि ॥४१॥

सखा यसतो संझेर प्रशंगवस जून कुरा गरियो ।
हे कृष्ण हे यादव हे सखा यसतो पनि भनियो ॥
महिमा यसतो यसलाई नजानेर तिम्रो ।
प्रमाद वा प्रेमले मबाट जून गल्ति भयो ॥४१॥

यच्चावहासार्थमसत्कृतोऽसि विहारशय्यासनभोजनेषु ।
एकोऽथवाप्यच्युत तत्समक्षं तत्क्षामये त्वामहमप्रमेयम् ॥४२॥

अपराध भएको छ जून फेरि ठट्टामा ।
विहार सैयाशन अनि भोजनादिकमा ॥
अकेला अथवा अच्यूत अन्यका साथमा ।
अप्रमेय तिमी त्यसको मलाई गर क्षमा ॥४२॥

पितासि लोकस्य चराचरस्य त्वमस्य पूज्यश्च गुरुर्गरीयान् ।
न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥४३॥

चरअचर प्राणी जगतका पिता हौ तिमी ।
गरीमामय पूजनीय गुरुका हौ गुरुपनि ॥
न छन् तिमी समान न अधिक भएका अन्तकाहिँ ।
न अतिशय प्रभावशालि पुरुष छन् तिनै लोकमा कोही ॥४३॥

तस्मात्प्रणम्य प्रणिधाय कायं प्रसादये त्वामहमीशमीड्यम् ।
पितेव पुत्रस्य सखेव सख्युः प्रियः प्रियायार्हसि देव सोढुम् ॥४४॥

प्रणाम गर्छु त्यसैले समर्पण गरेर कायलाई ।
प्रशन्न होउ इश्वर प्रार्थना गर्छु म तिमीलाई ॥
पिताले पुत्रको अनि मित्रले मित्रको दोषलाई ।
सहन्छन् पतिले पत्निको गाली सहूदेव त्यसैगरी ॥४४॥

अदृष्टपूर्वं हृषितोऽस्मि दृष्ट्वा भयेन च प्रव्यथितं मनो मे ।
तदेव मे दर्शय देवरूपं प्रसीद देवेश जगन्निवास ॥४५॥

हर्षीत भएको छु पहिले नदेखेका कुरा देखेर अहिले ।
व्याकुल भएको छ फेरि मेरो मन पनि भयले ॥
उहि नै देवरुपको दर्शन गराउ मलाई ।
प्रार्थना छ देवेश जगन्निवास तिमीलाई ॥४५॥

किरीटिनं गदिनं चक्रहस्त-मिच्छामि त्वां द्रष्टुमहं तथैव ।
तेनैव रूपेण चतुर्भुजेन सहस्रबाहो भव विश्वमूर्ते ॥४६॥

किरीटिनं गदिनं चक्रहातमा लिएको ।
चतुर्भूज रुप धारण गरेर बसेको ॥
इच्छा गर्दछु म हेर्न त्यहि नै रुप तिमीलाई ।
देखाउ त्यसैगरी सहस्रबाहो विश्वमूर्ते मलाई ॥४६॥

श्रीभगवानुवाच

मया प्रसन्नेन तवार्जुनेदं रूपं परं दर्शितमात्मयोगात् ।
तेजोमयं विश्वमनन्तमाद्यं यन्मे त्वदन्येन न दृष्टपूर्वम् ॥४७॥

अर्जुनको यसता प्रार्थनाले प्रशन्न भएर ।
भन्नुहुन्छ श्री हरि मेघ गम्भिर वाणी गरेर ॥

प्रशन्न पार्न निमित्त मैले अर्जुन तिमीलाई ।
योगमाया द्वारा देखाएँ यसतो परं रुपलाई ॥
तेजोमय अनन्त आद्य यसतो विश्वरुपलाई ।
देखेका छैनन् तिमीविना पूर्व कसैले पनि मलाई ॥४७॥

न वेदयज्ञाध्ययनैर्न दानैर्न च क्रियाभिर्न तपोभिरुग्रैः ।
एवंरूपः शक्य अहं नृलोके द्रष्टुं त्वदन्येन कुरुप्रवीर ॥४८॥

न वेद यज्ञ अध्ययनले न दानले अनि ।
न शुभकर्मले न उग्र तपस्याले पनि ॥
यसतारुप मनुष्यलोकमा सकिन्छ कहाँ मलाई ।
तिमी विना अरु कसैले कुरुप्रविर देख्नलाई ॥४८॥

मा ते व्यथा मा च विमूढभावो दृष्ट्वा रूपं घोरमीदृङ्ममेदम् ।
व्यपेतभीः प्रीतमनाः पुनस्त्वं तदेव मे रूपमिदं प्रपश्य ॥४९॥

व्यथा अनि विमूढभाव पनि रहँदैन तिम्रो ।
यस प्रकार घोर भएको रुप देखेर अनि मेरो ॥
व्याकुल छौ ता पनि प्रितमना हुन्छ फेरि तिम्रो ।
त्यसैगरी हेर अर्को सौम्यरुपलाई पनि मेरो ॥४९॥

सञ्जय उवाच

इत्यर्जुनं वासुदेवस्तथोक्त्वा स्वकं रूपं दर्शयामास भूयः ।
आश्वासयामास च भीतमेनं भूत्वा पुनः सौम्यवपुर्महात्मा ॥५०॥

कहत संजय अनि राजा धृतराष्ट्रलाई ।
यति यसतो भनेर वासुदेवले अर्जुनलाई ।
दर्शन गराउनु भो फेरि आफ्नो एकै रुपलाई ॥

आश्वाशन पनि दिनुभो डराएका अर्जुनलाई ।
सौम्यरुप धारण गरेर महात्मा श्रीहरिले तिनलाई ॥५०॥

अर्जुन उवाच

दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन ।
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ॥५१॥

भन्नुहुन्छ अर्जुन हर्षित भएर कृष्णलाई ।
मनुष्यरुप देखेर यस प्रकारको ।
सौम्यरुप भएको जनार्दन तिम्रो ॥
सचेत भएकोछु म अहिले सम्पूर्णतामा ।
आफ्नो स्वभावलाई पाएर कृष्ण त्यसमा ॥५१॥

श्रीभगवानुवाच

सुदुर्दर्शमिदं रूपं दृष्टवानसि यन्मम ।
देवा अप्यस्य रूपस्य नित्यं दर्शनकाङ्क्षिणः ॥५२॥

शान्ताकार चर्तुभुजरुपं नारायण भगवान ।
कहत अर्जुन प्रति परम हितकारी वचन ॥
दर्शन पाउन अति कठिन मेरो यस रुपलाई ।
देख्यौ जसरी अहिले मेरो जूनरुपलाई ॥
देवता पनि मेरो यस प्रकारको रुपलाई ।
इच्छा गर्छन् फेरि सदा दर्शन पाउनलाई ॥५२॥

नाहं वेदैर्न तपसा न दानेन न चेज्यया ।
शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा ॥५३॥

न वेद अध्ययनले न तपस्याले अनि ।
न दानले न यज्ञादि गर्नाले पनि ॥

कहाँ सकिन्छ देख्न यस विधि बनेको रुपलाई ।
देख्यौ तिमीले जसरी मलाई ॥५३॥

भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन ।
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परन्तप ॥५४॥

परन्तु अनन्य भक्ति गरेर यस प्रकारको ।
रुप देख्न सकिन्छ अर्जुन मेरो ॥
सकिन्छ देख्न जान्न पनि तत्वद्वारा अनि ।
सकिन्छ फेरि ममा परंतप प्रवेश गर्न पनि ॥५४॥

मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः ।
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥५५॥

मेरो निमित्त कर्म गर मेरो परायण भएर ।
मेरो भक्त बन अनि आशक्ति रहित भएर ॥
निर्वैर भएका छन् जो फेरि सम्पूर्ण प्राणिमा ।
मलाई प्राप्त गर्छन् तिन्ले पाण्डव अन्तमा ॥५५॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
विश्वरुप दर्शनयोग नामक
एकादश अध्याय – ११ यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
✶ श्री हरि शरणम् ✶

ॐ नमो भगवते वासुदेवाय
श्री परमात्मने नम:
श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ द्वादश अध्याय
भक्तियोगम्

अर्जुन उवाच

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते ।
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ॥१॥

सोध्नुहुन्छ अर्जुन फेरि परमात्मा श्रीकृष्णलाई ।
जो भक्त तिम्रा निरन्तर युक्त भएर ।
बल्दछन् भने तिम्रो उपाशना गरेर ॥
ती अनि अविनाशि अव्यक्त परमात्मा उपाशकमा ।
कुनचाहिँ योगवेत्ता पुरुष हुन् ती दुवैमध्येमा ॥१॥

श्रीभगवानुवाच

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते ।
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ॥२॥

कुन्तिपुत्र अर्जुनका यसतो वचन सुनेर ।
देवकी नन्दन श्रीकृष्ण कहत संझाएर ॥
जसले ममानै मन लगाएर मलाई ।
उपाशना गर्दछ भने सदा युक्त भएर फेरि ॥
श्रद्धाले लालायित भएर भज्ने ती भक्त मलाई ।
मेरो युत्तस्तम मत मान्ने मान्दछु म तिन्लाई ॥२॥

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते ।
सर्वत्रगमचिन्त्यञ्च कूटस्थमचलन्ध्रुवम् ॥३॥

परन्तु अविनाशि अकथनीय निराकार ब्रह्मको ।
उपाशना गर्दछन् भने जो फेरि तिनको ॥
सर्वव्यापि अनि अचिन्त्यं परमात्मा ब्रह्मलाई ।
एकरस अचल नित्य पनि भएका तिनलाई ॥३॥

सन्नियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः ।
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥४॥

नियम गरेर इन्द्रियोंका समुदायलाई पनि ।
बल्दछ भने जो सर्वत्र समान बुद्धि गरेर फेरि ॥
ममा नै प्राप्त हुन्छन् अन्तमा ती योगी ।
सम्पूर्ण प्राणिका हितमा लागेका हुनाले अनि ॥४॥

क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम् ।
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ॥५॥

अधिका अधिक क्लेश उठाउनुपर्छ त्यसमा ।
आशक्त चित्त छ जस्का निराकार ब्रह्ममा ॥
निराकार गती नै दुःखदायी हुन्छ योगमा ।
कष्ठसाध्य गरेर नै प्राप्त हुनेछ देहधारी मनुष्यमा ॥५॥

ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्परः ।
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥६॥

ममा नै समर्पण गरेर सम्पूर्ण कर्म जति ।
मेरो परायण भएर बल्दछ भने जो फेरि ॥

अनन्य भक्ति योग गरेर मेरो यसरी ।
उपाशना ध्यान गरेर मलाई बन्ने ती योगी ॥६॥

तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात् ।
भवामि नचिरात्पार्थ मय्यावेशितचेतसाम् ॥७॥

ममा यसरी चित्त लगाएर बसेका योगी जसलाई ।
यस मृत्युरुपी संसार सागरबाट पार लगाउनलाई ॥
ढिलो नगरीकन पार्थ म कर्ता बनेर ।
उद्धार गर्ने छु तिन्लाई त्यसबाट पार लगाएर ॥७॥

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय ।
निवसिष्यसि मय्येव अत ऊर्ध्वं न संशयः ॥८॥

ममा नै आफ्नो मन लगाउ तिमी अनि ।
ममा नै समर्पित गर आफ्नो बुद्धिलाई पनि ॥
मेरै पार्षद बनेर बस्न पाउनेछौ फेरि ।
शंका नगर अब उप्रान्त यसमा तिमी ॥८॥

अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम् ।
अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनञ्जय ॥९॥

ममा चित्त लगाउन केहि गरी तिमी ।
नसक्ने भयौ भने स्थिर गर्नलाई अनि ॥
योगाभ्यास गरेर फेरि मलाई ।
प्राप्त गर्ने इच्छा गर धनञ्जय तिमी ॥९॥

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव ।
मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ॥१०॥

योगभ्यास गर्न पनि असमर्थ भयौ भने यदि ।
समर्पित कर्म गर्ने बन मेरा निमित्त फेरि ॥
मेरा निमित्त गरेका कर्मजतीबाट जसलाई ।
चाँडै नै सिद्धि प्राप्त हुन्छ अनि तिनलाई ॥१०॥

अथैतदप्यशक्तोऽसि कर्तुं मद्योगमाश्रितः ।
सर्वकर्मफलत्यागं ततः कुरु यतात्मवान् ॥११॥

यसबाट पनि असमर्थ भयौ भने केहि गरी ।
मेरा आश्रय लिएर योगको गर कर्म फेरि ॥
सम्पूर्ण कर्मफल जती यसलाई त्यागेर ।
बस अनि मनलाई जित्ने आत्मवान बनेर ॥११॥

श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते ।
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरनन्तरम् ॥१२॥

निश्चय नै कल्याण छ ज्ञानयोगको अभ्यास गर्न ।
ज्ञान भन्दा पनि विशिष्ट छ ध्यानयोग गर्न ॥
ध्यान भन्दा पनि कर्मफल त्याग गर्नलाई ।
तत्कालै मिल्दछ शान्ति त्यागले तिमीलाई ॥१२॥

अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च ।
निर्ममो निरहङ्कारः समदुःखसुखः क्षमी ॥१३॥

द्वेषभाव रहित भएका छन् जो सब प्राणीमा ।
मैत्र अनि करुणा पनि भएका त्यसमा ॥
ममता अनि अहंकार रहित छन् भने जो फेरि ।
सुख दुख समान अनि क्षमाशिल पनि ॥१३॥

सन्तुष्टः सततं योगी यतात्मा दृढनिश्चयः ।
मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ॥१४॥

संतुष्ट भई निरन्तर योगाभ्यास गर्ने योगी ।
आफुलाई जितेर जो छन् अनि दृढनिश्चयी ॥
ममा नै अर्पित छन् फेरि जस्का मन बुद्धि भने ।
ती मेरा भक्त प्रिय लाग्दछ मलाई अति नै ॥१४॥

यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः ।
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ॥१५॥

जसबाट उद्वेग हुँदैनन् लोक अनि ।
लोक देखि फेरि उद्वेग हुँदैनन् जो स्वयं पनि ॥
हर्ष विस्मत भयादि उद्वेग देखि मुक्त छन जो फेरि ।
प्रिय लाग्दछ ती भक्त पनि मलाई अति ॥१५॥

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः ।
सर्वारम्भपरित्यागी यो मद्भक्तः स मे प्रियः ॥१६॥

अनपेक्ष पवित्रता दक्षादि भएका अनि ।
उदाशिन भएर दुःखादि व्यथा रहित भएका पनि ॥
जो छन् अनि सर्वारम्भ कर्मफल त्यागी ।
प्रिय लाग्दछ मेरा भक्त मलाई ती पनि ॥१६॥

यो न हृष्यति न द्वेष्टि न शोचति न काङ् क्षति ।
शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः ॥१७॥

न हुन्छ हर्षित सुखमा नगर्छ इर्ष्या कसैको ।
न गर्छ सोच न चाहना पनि कुनै कुराको ॥

जो छन फेरि शुभ–अशुभ कर्मफल त्यागी ।
प्रिय लाग्दछ भक्तिमानमा ती पनि मलाई ॥१७॥

समः शत्रौ च मित्रे च तथा मानापमानयोः ।
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ॥१८॥

समान छन् जो शत्रुमा अनि मित्रमा पनि ।
मानअपमानमा पनि समान भएका त्यसैगरि ॥
समान छन् फेरि जाडो–गर्मी सुखदुःख यसमा पनि ।
बर्जित छन् जो फेरि त्यसको आशक्तिबाट अनि ॥१८॥

तुल्यनिन्दास्तुतिर्मौनी सन्तुष्टो येन केनचित् ।
अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ॥१९॥

तुल्य मानेर मौनी भएका निन्दा–प्रशंसा यसमा ।
संतुष्ट भएर बसेका येनकेन प्रकारले त्यसमा ॥
अनिवास अनि स्थिर मति छन् जस्का फेरि ।
भक्तिमानमा प्रियलाग्दछ मनुष्य मलाई ती पनि ॥१९॥

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते ।
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ॥२०॥

जो फेरि अमृतरुपि धर्ममय वचन मेरो ।
श्रद्धामय परमभक्त भएर ममा त्यसको ॥
उपाशना गर्दछ भने जस्तोको तस्तै गरि ।
भक्तमा अति नै प्रिय लाग्दछ मलाई ती पनि ॥२०॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
भक्तियोग नामक
द्वादश अध्याय – १२ यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
✶ श्री हरि शरणम् ✶

ॐ नमो भगवते वासुदेवाय
श्री परमात्मने नमः
श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ त्रयोदश अध्याय
क्षेत्रक्षेत्रज्ञ विभाग योगम्

श्रीभगवानुवाच

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते ।
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥१॥

माथे मोर मुकुट पिताम्बर धारी
भन्नुहुन्छ भगवान श्रीकृष्ण मुरारी
कौन्तेय यस शरीरलाई ।
क्षेत्र यसतो भनिएको छ त्यसलाई ॥
जसले जान्दछ फेरि यसलाई ।
क्षेत्रज्ञ यसतो भनिन्छ अनि तिनलाई ॥१॥

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत ।
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥२॥

क्षेत्रज्ञ भएको पनि जान यसलाई ।
सम्पूर्ण क्षेत्रमा भएको भारत मलाई ॥
क्षेत्र क्षेत्रज्ञ यी दुबैका ज्ञान यसलाई ।
ज्ञान भनिन्छ मेरो मतमा त्यसलाई ॥२॥

तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत् ।
स च यो यत्प्रभावश्च तत्समासेन मे शृणु ॥३॥

यस क्षेत्र जुन छ जस्तो छ यसको ।
जे जसरी विकार भएको छ अनि त्यसको ॥

जे जस्तो प्रभाव छ फेरि यसमा ।
अब सून म बाट ती सबैको संक्षेपमा ॥३॥

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक् ।
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ॥४॥

बहु प्रकारले गाइएको छ ऋषियों द्वारा यसलाई ।
नाना प्रकारका छन्दद्वारा पनि पृथक गरेर त्यसलाई ॥
ब्रह्मसुत्र पदद्वारा पनि कारण देखाएर ।
बताईएको छ फेरी त्यसमा निश्चय गरेर ॥४॥

महाभूतान्यङ्ककारो बुद्धिरव्यक्त मेव च ।
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ॥५॥

पञ्च महाभूत अहंकार अनि ।
बुद्धि त्रिगुणमयी माया फेरि ॥
दश इन्द्रियों एक मन पनि ।
इन्द्रियोंका विषय पँच अनि ॥५॥

इच्छा द्वेषः सुखं दुःखं सङ्घातश्चेतना धृतिः ।
एतत्क्षेत्रं समासेन सविकारमुदाहृतम् ॥६॥

इच्छा द्वेष सुख दुःख अनि ।
चेतना धारणा प्राणोंका समुह पनि ॥
संक्षेपमा बताइएको छ यसको सविकार ।
त्यस क्षेत्रको विस्तार गरेर ॥६॥

अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम् ।
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ॥७॥

अमान हुनु घमण्ड नहुनु आफुमा ।
अहिंसा क्षमा सरलता पनि हुनु फेरि त्यसमा ॥
गुरुको उपासना गर्नु पवित्रता हुनु अनि ।
धैर्य गरेर आत्मा निग्रह सबतिर बाट पनि ॥७॥

इन्द्रियार्थेषु वैराग्यमनहङ्कार एव च ।
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ॥८॥
इन्द्रियोंका विषय यसमा अनि ।
अहंकार रहित वैराग्य हुनु त्यसमा पनि ॥
जन्म मृत्यु जरा व्याधि यसका विषयमा ।
सहनशीलता हुनु त्यसका दुःख दोषमा ॥८॥

असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु ।
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ॥९॥
पुत्र पत्नि गृहादि सम्पत्ति यसका विषयमा ।
आपनोपन आशक्ति नहुनु फेरि त्यसमा ॥
इष्ट अनिष्ट जे जस्तो मिल्दछ आफुमा ।
समान चित्त गरेर बस्नु सदा त्यसमा ॥९॥

मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी ।
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ॥१०॥
अनन्य योग द्वारा मेरो फेरि यसमा ।
अब्यमिचारिणी भक्ति गरेर बस्नु त्यसमा ॥
विभिन्न तीर्थस्थलको सेवन गरेर ।
बस्नु जनसंसदिमा अरति भएर ॥१०॥

अध्यात्मज्ञाननित्यत्वं तत्वज्ञानार्थदर्शनम् ।
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ॥११॥

सदा सर्वदा अध्यात्म ज्ञान हुनु आफुमा ।
तत्वज्ञानार्थ परमार्थ तत्व बुझ्नु सतसंगमा ॥
ज्ञान भनिन्छ यति यसतो यी सबै नियमलाई ।
अज्ञान भनिन्छ यस बाहेक अरुसबै कुरालाई ॥११॥

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते ।
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ॥१२॥

जान्न योग्य छ जुन बताउँछु अब म तिमीलाई ।
परमानन्द प्राप्त हुन्छ जुनकुरा जानेर आफुलाई ॥
अनादि निधनं परं परमात्मा ब्रह्मलाई ।
नसत न असत भनिन्छ अनि तिनलाई ॥१२॥

सर्वतः पाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम् ।
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ॥१३॥

हात पाउ छन सबतिर तत् ब्रह्मका ।
आखाँ मुख शिर पनि छन सबतिर फैलिएका ॥
सुन्न सक्ने कान छन फेरि सबतिरबाट ।
बसेका छन अनि सम्पूर्णतालाई ढाकेर ॥१३॥

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम् ।
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ॥१४॥

सम्पूर्ण इन्द्रियोंका गुणमा आभास भएता पनि ।
वर्जित छन फेरि इन्द्रियोंका सबै गुणबाट तिनि ॥

अनाशक्त छन अनि सबैका पालन गरेता पनि ।
निर्गुण छन फेरि गुणका भोक्ता भएता पनि ॥१४॥

बहिरन्तश्च भूतानामचरं चरमेव च ।
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ॥१५॥

बाहिर भित्र पनि छन प्राणी सबमा ।
चरमा अचरमा पनि उनैछन् फेरि बसेका ॥
सुक्ष्ममा पनि अति सुक्ष्म भएर नजानिने भएका ।
टाढा भएता पनि समिपमा छन परमात्मा ती बसेका ॥१५॥

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम् ।
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ॥१६॥

भाग नलाग्ने भएता पनि प्राणिओंमा ।
भाग भए जस्तो गरेर बसेका छन् फेरि तिनमा ॥
पालना गर्ने पनि जान प्राणीओंका उनै पुरुषलाई ।
उत्पत्ति गर्ने फेरि संहार गर्ने पनि उनैलाई ॥१६॥

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते ।
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ॥१७॥

ज्योतिधारीयोंमा पनि उन्कै ज्योति गएको ।
जान तत् पुरुष तमरुपी माया देखी पर भएको ॥
ज्ञानद्वारा जानिने ज्ञानमा आउने भएका पनि ।
जान ती सबका ह्दयमा छाएर बसेका भनि ॥१७॥

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः ।
मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते ॥१८॥

यति यसतो देहरुपी क्षेत्र तथा ज्ञान यसलाई ।
जान्दछ भने संक्षेपमा मैले बताइएको कुरालाई ॥
यसबाट मेरा भक्त विज्ञानी भएर फेरि ।
मेरै भावमा प्राप्त हुन्छन ती अनि ॥१८॥

प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि ।
विकारांश्च गुणांश्चैव विद्धि प्रकृतिसम्भवान् ॥१९॥

प्रकृति अनि पुरुष यी दुबैलाई ।
अनादि भएका जान फेरि तिनलाई ॥
बिकार अनि गुण छन् जति भएका पनि ।
जान प्रकृति मायाबाट नै पैदा भएका भनि ॥१९॥

कार्यकारणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते ।
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ॥२०॥

कार्य अनि करण उत्पन्न गर्ने कर्ता यसको ।
प्रकृति मायालाई नै भनिन्छ हेतु भनेर त्यसको ॥
जिवात्माले सुख दु:ख भोग्नु पर्ने यसको ।
भोगलाई नै भनिन्छ कारण भनेर त्यसको ॥२०॥

पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान् ।
कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ॥२१॥

प्रकृति मायामा नै स्थित भएर जिवात्माले ।
भोग्दछ प्रकृति माया गुणानुसार नै त्यसले ॥
प्रकृति गुणमानै आसक्त भएको कारण यसले ।
जन्मनु मर्नु पर्छ उच निच जोनीमा त्यसले ॥२१॥

उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः ।
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ॥२२॥

उपद्रष्टा (साक्षि) अनुमन्ता (सम्मति दिने) पनि हुन् देहधारीका ।
भर्ता भोक्ता अनी महेश्वर पनि हुन तिनका ।
परमात्मा यति यसतो भनिएकोछ जसलोई फेरि ।
पर छन ती देहधारी जीवात्मा भन्दा पनि ॥२२॥

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह ।
सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजायते ॥२३॥

पुरुष अनि प्रकृति यसलाई जो यस प्रकार ।
जान्दछ भने त्यसलाई गुण सहित गरेर ॥
हरप्रकारले चलेता पनि संसारमा ।
पुनर्जन्म हुँदैन फेरि तिन्का त्यसमा ॥२३॥

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना ।
अन्ये साङ्ख्येन योगेन कर्मयोगेन चापरे ॥२४॥

कसैले ध्यान द्वारा परमात्मा जसलाई ।
देख्दछन् आफुले नै आफुमा तिनलाई ॥
ज्ञानयोगद्वारा पनि अन्य कोई यसलाई ।
देख्दछन फेरि कर्मयोगद्वारा पनि कोई कोई ॥२४॥

अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते ।
तेऽपि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः ॥२५॥

यस प्रकार फेरि परमात्मालाई नजानेर कोई ।
उपशना गर्छन ती अरुद्वारा सुनेर पनि ॥

निश्चय नै तर्छन श्रुति परायण भएर ती पनि ।
मृत्युरुपी संसार सागरबाट अनि ॥२५॥

यावत्सञ्जायते किञ्चित्सत्वं स्थावरजङ्गमम् ।
क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ॥२६॥

जति पनि देवता स्थावर जङ्गमम् वस्तु संसारमा ।
उत्पन्न भएका छन् भरतर्षभ त्यसमा ॥
क्षेत्र क्षेत्रज्ञको संयोग नभएको यसमा ।
अलिकति मात्र पनि छैन भन्ने जान त्यसमा ॥२६॥

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम् ।
विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ॥२७॥

सम्पूर्ण प्राणीमा समान भएर ।
बसेका छन् परमात्म परमेश्वर ॥
विनाश भएका अविनाशि देख्दछ जसले ।
जो छन् सो देख्दछ अनि उसले ॥२७॥

समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम् ।
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ॥२८॥

सर्वत्र समान भएर नै देख्ने पुरुषले ।
समान भएर नै बसेको देख्दछन् ईश्वर तिनले ॥
आफुले नै आफुलाई पार्दैनन् अधोगतीमा ।
प्राप्त गर्छन् परमगती तिनले अन्त्यमा ॥२८॥

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वश ।
यM पश्यति तथात्मानमकर्तारं स पश्यति ॥२९॥

प्रकृतिबाट नियत स्वभावानुसार नै कर्मजती ।
गर्नुपर्छ सदा सर्वदा मनुष्यले त्यसलाई ॥
आफु कर्ता भएर पनि अकर्ता देख्दछ जसले फेरि ।
जो छन् सो देख्दछ उसले अनि ॥२९॥

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति ।
तत एव च विस्तारं ब्रह्म सम्पद्यते तदा ॥३०॥

पृथक पृथक भएका भावना जब यसमा ।
देख्दछ जसले एकै ठाउँ परमात्मा ब्रह्ममा ॥
यसरी विस्तार भएका ब्रह्म एकै देख्ने जसलोई ।
ब्रह्म संपति प्राप्त हुन्छ तव तिनलाई ॥३०॥

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः ।
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ॥३१॥

परमात्मा ब्रह्म अनादि अनि निर्गुण भएका हुनाले ।
यस अविनाशि परमात्मा त्यसै कारणले ॥
शरीरमा स्थित भएता पनि कौन्तेय यसमा ।
न गर्छन् न लिपायमान नै हुन्छन ती शरीरमा ॥३१॥

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते ।
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ॥३२॥

सुक्ष्मकण जसरी सबतिर फैलिएर ।
घुलमिल हुँदैनन ती आकाशमा मिलेर ॥
सर्वत्र देहमा अवस्थित भएको आत्मा स्वरुप ।
घुलमिल हुँदैन त्यसैगरी शरीरमा बसेर ॥३२॥

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः ।
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ॥३३॥

यस सम्पूर्ण लोक जसरी एकै सूर्यले ।
प्रकाशित पार्दछ त्यसलाई तिनले ॥
देहरुपी यस समपूर्ण क्षेत्र आत्मारुपी क्षेत्रीले ।
प्रकाशित पार्दछ त्यसैगरि भारत त्यसले ॥३३॥

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा ।
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ॥३४॥

क्षेत्र क्षेत्रज्ञ यी दुबैको अन्तर यसलाई अनि ।
प्रकृतिबाट प्राणी छुट्ने उपाय यसको पनि ॥
ज्ञानरुपी आँखाद्वारा जान्दछ भने जो फेरि ।
परम् गती प्राप्त हुन्छ तिन्लाई अनि ॥३४॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
क्षेत्र क्षेत्रज्ञ विभागयोग नामक
त्रयोदश अध्याय – १३ यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
★ श्री हरि शरणम् ★

ॐ नमो भगवते वासुदेवाय
श्री परमात्मने नमः

श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ चतुर्दश अध्याय
गुणत्रय विभाग योगम्

श्रीभगवानुवाच

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम् ।
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः ॥१॥

भन्नु हुन्छ फेरि श्रीकृष्ण मुरारी
दीन दयालु भवभयहारी ।
परं ज्ञान बताउँछु अब फेरी म तिमीलाई ।
ज्ञानमा अति उत्तम भएको ज्ञानलाई ॥
सर्व मुनिश्वर जान जसलोई जानेर ।
यस भवसागरबाट पार भए परं सिद्धि पाएर ॥१॥

इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः ।
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ॥२॥

यस ज्ञानको आश्रय लिएर जसलोई ।
मेरो वैष्णव धर्म यसमा आएर तिनलाई ॥
श्रृष्टिको आदिमा जन्मलिनु पर्दैन अनि ।
ब्याकुल हुनु पर्दैन फेरि प्रलयमा पनि ॥२॥

मम योनिर्महद् ब्रह्म तस्मिन्गर्भं दधाम्यहम् ।
सम्भवः सर्वभूतानां ततो भवति भारत ॥३॥

मेरी महान प्रकृति माया जोनी दिने भएकी ।
तिन्मा म गर्दछु गर्भको स्थापनि ॥

प्राणी सम्पूर्ण जसबाट संसारमा आएर ।
पैदा हुन्छन् तिन्बाट त्यसपछि भारत ॥३॥

सर्वयोनिषु कौन्तेय मूर्तयः सम्भवन्ति याः ।
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता ॥४॥

ती सम्पूर्ण जोनी बाटनै कौन्तेय यसमा ।
पैदा हुन्छन् जतिपनि मूर्ति त्यसमा ॥
ती महान प्रकृति माया जोनी दिने माता भएकी ।
म विज प्रदान गर्ने पिता भएको अनि ॥४॥

सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसम्भवाः ।
निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम् ॥५॥

प्रकृतिबाट उत्पन्न भएका ।
सत्व रज अनि तम यति गुणों यसले ॥
कसेर बाँध्दछ महाबाहो ।
देहमा बन्ने अविनाशि देहीलाई त्यसले ॥५॥

तत्र सत्त्वं निर्मलत्वात्प्रकाशकमनामयम् ।
सुखसङ्गेन बध्नाति ज्ञानसङ्गेन चानघ ॥६॥

सत्व गुणले निंमल पारेर तेसमा ।
निर्विकार प्रकाशमय पार्दछ आफुमा ॥
सुखसङ्गले बाँध्दछ जिवात्मालाई ।
ज्ञान सङ्गले पनि अनघ त्यसलाई ॥६॥

रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम् ।
तन्निबध्नाति कौन्तेय कर्मसङ्गेन देहिनम् ॥७॥

रागरुपी भएको जान रजो गुण यसलाई ।
तृष्णा सङ्गले पैदा भएको भनि त्यसलाई ॥
कर्मको सङ्गले कौन्तेय देह धारीलाई ।
कसेर बाँध्दछ अनि त्यसले जीवधारीलाई ॥७॥

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम् ।
प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत ॥८॥

परन्तु अज्ञानद्वारा पैदा भएको जान तमोगुणलाई ।
मोहित पार्दछ त्यसले देहधारी सबै जीवलाई ॥
प्रमाद आलस्य अनि निद्रा पैदा गरेर ।
कसेर बाँध्दछ जीवात्मालाई भारत ॥८॥

सत्त्वं सुखे सञ्जयति रजः कर्मणि भारत ।
ज्ञानमावृत्य तु तमः प्रमादे सञ्जयत्युत ॥९॥

सुख पैदा गराउँछ सत्वगुणले ।
कर्ममा प्रवृत्त गराउँछ अनि रजोगुणले ॥
ज्ञानलाई ढाकिदिन्छ परन्तु तमोगुणले ।
प्रमाद पैदा गराउँछ अनि त्यसले ॥९॥

रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत ।
रजः सत्त्वं तमश्चैव तमः सत्त्वं रजस्तथा ॥१०॥

रजोगुण अनि तमोगुण दवेर ।
पैदा हुन्छ सत्वगुण भारत ॥

तमोगुण हुन्छ रज अनि सत्वगुण दवेर यसरी ।
तम सत्व रजोगुण हुन्छ फेरि त्यसैगरी ॥१०॥

सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते ।
ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्त्वमित्युत ॥११॥

शरीरका सम्पूर्ण द्वारहरु यसमा ।
प्रकाश उत्पन्न हुन्छ जब त्यसमा ॥
सत्वगुणको बृद्धिले ज्ञानरुपी प्रकाश ।
उत्पन्न भएको भनि जान आफुमा तव ॥११॥

लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा ।
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ॥१२॥

लोभ प्रवृत्ति पनि हुन्छ कर्मारम्भमा ।
चञ्चलता लालसा पनि हुन्छ जब कर्ममा ॥
रजोगुण पैदा भएर त्यसको बृद्धिले ।
यसतो भएको जान भरतर्षभ बुद्धिले ॥१२॥

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च ।
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ॥१३॥

अप्रकाश अप्रवृत्ति पनि हुन्छ आफुमा ।
प्रमाद अनि मोहआलस्य हुन्छ जब त्यसमा ॥
तमगुण पैदा भएर त्यसको बृद्धिले ।
यसतो भएको भनि जान कुरुनन्दन बुद्धिले ॥१३॥

यदा सत्त्वे प्रवृद्धे तु प्रलयं याति देहभृत् ।
तदोत्तमविदां लोकानमलान्प्रतिपद्यते ॥१४॥

जब सत्वगुण बृद्धि भएको बखतमा ।
देहधारी जीवको मृत्यु हुन्छ भने त्यसमा ॥
मलरहित उत्तम मानिएको लोकमा ।
प्राप्त हुन्छन् तव ती सत्वगुणी जना ॥१४॥

रजसि प्रलयं गत्वा कर्मसङ्गिषु जायते ।
तथा प्रलीनस्तमसि मूढयोनिषु जायते ॥१५॥

रजोगुणी मरेपछि कर्मासक्त जनका घरमा ।
पैदा हुन्छन् ती मनुष्य जोनी पाएर संसारमा ॥
त्यसैगरी मरेका तमोगुणी मूढ जोनी पाएर ।
जन्मन्छन् अनि पशुपंछि जोनी लिएर ॥१५॥

कर्मणः सुकृतस्याहुः सात्त्विकं निर्मलं फलम् ।
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ॥१६॥

पुण्यकर्म गर्ने सात्विकी जनलाई ।
सुखदायी निर्मल फल प्राप्त हुन्छ तिनलाई ॥
हर्ष शोकादि फल प्राप्त हुन्छ राजसी जनालाई ।
पिडादायी अज्ञान फल अनि तामसी जनालाई ॥१६॥

सत्त्वात्सञ्जायते ज्ञानं रजसो लोभ एव च ।
प्रमादमोहौ तमसो भवतोऽज्ञानमेव च ॥१७॥

सत्वगुणबाट पैदा हुन्छ ज्ञान अनि ।
रजोगुणबाट त्यसैगरी लोभ पनि ॥

प्रमाद मोह हुन्छ तमगुणबाट फेरी ।
प्राप्त हुन्छन् अज्ञानमा अनि ती ॥१७॥

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः ।
जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ॥१८॥

सत्वगुणी जान्छन् माथि स्वर्गलोकमा ।
बस्छन् रजोगुणि बिचभाग पृथ्वीलोकमा ॥
असैह्य गुण पेशा भएका ती तामसी जना ।
जान्छन् अनि तलतिर नरक लोकमा ॥१८॥

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति ।
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ॥१९॥

तिनै गुण सिवाय कर्ता भएको अरु कसैलाई ।
देख्दैन भने द्रष्टाले जब त्यसलाई ॥
तिनैगुण देखि पर देख्दछ भने फेरि मलाई ।
मेरै स्वरुप प्राप्त हुन्छ अनि तिनलाई ॥१९॥

गुणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान् ।
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ॥२०॥

देहिका देह उत्पत्तिका कारण यस त्रिगुणदेखि ।
पार पाएर बसेका छन् भने जो त्यसबाट अनि ॥
जन्म मरण जरा ब्याधि यसको दुःखबाट छुटेर ।
बल्दछन् ती परम आनन्द परमात्मा पाएर ॥२०॥

अर्जुन उवाच

कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो ।

किमाचारः कथं चैतांस्त्रीन्गुणानतिवर्तते ॥२१॥

अर्जुन भन्नुहुन्छ अनि कृष्णलाई
यी तिनै गुण देखि पार पाएर बन्ने जनको ।
कुन कुन लक्षणले युक्त हुन्छन् ती प्रभो ॥
कस्तो आचरण गर्दछन् फेरि तिनले ।
ती तिनैगुण उलंघन गरी चलेका पुरुषले ॥२१॥

श्रीभगवानुवाच

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव ।

न द्वेष्टि सम्प्रवृत्तानि न निवृत्तानि काङ्क्षति ॥२२॥

परमबक्ता भगवान भन्नुहुन्छ फेरी ।
नन्द यशोदालाल श्रीकृष्ण बाँके बिहारी ॥
सत्वगुण प्रकाश रजोगुण प्रवृत्ति यसमा अनि ।
तमोगुण मोह पाण्डव यसमा पनि ॥
प्रवृत्त भएर बसेकोमा न गर्छ द्वेष कसैको ।
निवृत्त भएकोमा न गर्छ चाहना केहि कुराको ॥२२॥

उदासीनवदासीनो गुणैर्यो न विचाल्यते ।

गुणा वर्तन्त इत्येवं योऽवतिष्ठति नेङ्गते ॥२३॥

उदाशिन जस्तो आशिन भएर बन्ने पुरुषलाई ।
बिचलित पार्न सक्दैन गुणोद्वारा तिनलाई ॥

गुणो गुणामा नै चल्दछन् यती यसतो ठान्दछन् भने ।
चलायमान पार्न सक्दैन गुणोंद्वारा तिन्लाई यसतो जाने ॥२३॥

समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः ।
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः ॥२४॥

समान स्वस्थ छन् जो सुख दुःख यसमा अनि ।
समान फेरि ढङ्गा माटो सुवर्ण यसमा पनि ॥
तुल्य धीर छन् जो प्रीय अप्रिय बस्तु यसमा अनि ।
तुल्य छन् फेरि निन्दा प्रशंसा यसमा पनि ॥२४॥

मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः ।
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ॥२५॥

तुल्य छन् जो मान अपमान यसमा अनि ।
तुल्य छन् फेरि मित्रमा शत्रुपक्षमा पनि ॥
सर्वारम्भ कर्तापन त्यागि धीर पुरुष ।
गुणातीत मानिन्छ अनि तिनलाई ॥२५॥

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते ।
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ॥२६॥

अब्यमिचारिणी भक्तियोगद्वारा फेरि ।
सेवा गर्दछ भने मेरो जो जसरी ॥
यी तिनैगुणबाट पार पाएर जो राम्ररी ।
ब्रह्ममा प्राप्त हुन योग्य हुन्छन् ती अनि ॥२६॥

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च ।
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ॥२७॥

परमात्मा ब्रह्ममा नै प्रतिष्ठा भएको मलाई ।
जान अविनाशि अमृतको पनि अमृत मलाई ॥
सनातन धर्मको पनि धर्म हूँ म फेरि ।
एकान्तवासि सुखको पनि सुख म अनि ॥२७॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
गुण त्रय विभागयोग
चर्तुदश अध्याय – १४ यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
★ श्री हरि शरणम् ★

ॐ नमो भगवते वासुदेवाय
श्री परमात्मने नमः
श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ पञ्चदश अध्याय
पुरुषोत्तम योगम्

श्रीभगवानुवाच

ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम् ।
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ॥१॥

भन्नुहुन्छ फेरि श्रीकृष्ण पुरुषोत्तम भगवान
मास्तिर मूल तलतिर शाखा फैलिएका वृक्षलाई ।
अविनाशि संसाररुपी पिपल वृक्ष भनिन्छ त्यसलाई ॥
वेदका छन्द मानिएका यसका पातहरु जसलोई ।
जसले जान्दछ वेद जान्ने भनिन्छ तिनलाई ॥१॥

अधश्चोर्ध्वं प्रसृतास्तस्य शाखा,
गुणप्रवृद्धा विषयप्रवालाः ।
अधश्च मूलान्यनुसन्ततानि,
कर्मानुबन्धीनि मनुष्यलोके ॥२॥

माथिबाट तल उम्रिएका छन् फेरि अरु शाखा ।
गुणरुपी जल द्वारा बढेर विषयरुपी कोपिला लागेका ॥
अझ तल मूलमा छन् अरु धेरै शाखा फैलिएका ।
मनुष्यलोकलाई कर्म बन्धनमा पार्ने भएका ॥२॥

न रूपमस्येह तथोपलभ्यते ।
नान्तो न चादिर्न च सम्प्रतिष्ठा

अश्वत्थमेनं सुविरूढमूल।
मसङ्गशस्त्रेण दृढेन छित्त्वा॥३॥

न रुप छ यसको न सकिन्छ पाउन यसलाई ।
न अन्त छ न आदि न छ आश्रय पनि ॥
त्यस वृक्षको ज्यादै गाढा भएको मूललाई ।
असङ्गरुपी अस्त्रद्वारा दृढतापूर्वक काटेर त्यसलाई ॥३॥

ततः पदं तत्परिमार्गितव्यं,
यस्मिन्गता न निवर्तन्ति भूयः ।
तमेव चाद्यं पुरुषं प्रपद्ये,
यतः प्रवृत्तिः प्रसृता पुराणी॥४॥

खोज्नु पर्छ परिमार्गी बनेर तत्पद यसलाई ।
फर्केका छैनन् फेरि जस्मा पुगेका महात्मा कोई ॥
यह प्रवृत्ति जसबाट बिस्तार भएको छ पुरातनी ।
उनै आदि पुरुष नारायणको समर्पित हुनुपर्छ अनि ॥४॥

निर्मानमोहा जितसङ्गदोषा,
अध्यात्मनित्या विनिवृत्तकामाः ।
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञै,
गंच्छन्त्यमूढाः पदमव्ययं तत्॥५॥

जो छन् निर्मान मोह अनि सङ्गरुपी दोष जितेका ।
सदा अध्यात्म चिन्तनले कामनाबाट छुटेका ॥
सुख दुःखरुपी द्वन्दबाट मूक्त भएका जो फेरि ।
प्राप्त हुन्छन् अविनाशि तत्पदमा ज्ञानी जन ती ॥५॥

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः ।
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥६॥

न पार्न सक्छ प्रकाशित सूर्यले मेरो धाममा ।
न सक्छ चन्द्रमाले न अग्निले पनि त्यसमा ॥
जहाँगएर फर्कनु पर्दैन फेरि संसारमा ।
मेरो धाम परम भएको जून छ त्यसमा ॥६॥

ममैवांशो जीवलोके जीवभूतः सनातनः ।
मनःषष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ॥७॥

मेरा नै अंश हुन सनातन जीवात्मा ।
शरीरधारी प्राणी भएका जीवलोकमा ॥
मन सहित छ वटै इन्द्रियों यसले ।
आकर्षित गर्दछ प्रकृति तरफ त्यसले ॥७॥

शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः ।
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ॥८॥

जून शरीर प्राप्त गर्दछ जीवात्माले जसरी ।
त्यागदछ फेरि ईश्वर मालिकले पनि त्यसैगरी ॥
मृत्युमा पनि जान्छन् ती छवटै साथ लागेर ।
वायुले लैजान्छ जसरी गन्धलाई साथ लिएर ॥८॥

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च ।
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥९॥

श्रोत्र चक्षु अनि त्वचा यसको फेरि ।
रसना अनि घ्राण यसको पनि त्यसैगरी ॥

आश्रय लिएर फेरि मन यसको ।
विषयोंका सेवन हुन्छ यसैबाट यह जीवात्माको ॥९॥

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम् ।
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥१०॥

देह त्यागेको वा देहमा स्थित भएको फेरि ।
भोग भोगेको वा गुण ग्रहण गरेको पनि ॥
अज्ञानी जना जान्दैनन् यस कुरालाई ।
जान्दछन् अनि ज्ञानी पुरुषले त्यसलाई ॥१०॥

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम् ।
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ॥११॥

प्रयत्न गरेर नै योगी जनले आत्मालाई ।
जान्दछन् आफुमा स्थित भएको त्यसलाई ॥
प्रयत्न गरेता पनि अशुद्ध अन्तःस्करण भएकाले ।
जान्दैनन् फेरी त्यसलाई चेतना नभएका जनले ॥११॥

यदादित्यगतं तेजो जगद्भासयतेऽखिलम् ।
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् ॥१२॥

आदित्यमा भएको जून तेज छ यसले ।
उज्यालो पार्दछ अखिर जगतलाई नै त्यसले ॥
चन्द्रमामा अनि अग्निमा पनि भएको यी सबै तेजलाई ।
म बाटै उत्पन्न भएको भनि जान त्यसलाई ॥१२॥

गामाविश्य च भूतानि धारयाम्यहमोजसा ।
पुष्णामि चौषधीः सर्वाः सोमो भूत्वा रसात्मकः ॥१३॥

पृथ्वीमा प्रवेश गरेर म प्राणी सबैलाई ।
धारण गर्दछु सौर्यशक्ति दिएर अनि तिनलाई ॥
पोषण गर्दछु सबै औषधि दिएर म फेरि ।
अमृतमय चन्द्रमा बनेर तिन्लाई यसरी ॥१३॥

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ॥१४॥

वैश्वानर नामक अग्नि भएर म फेरि ।
प्राणीका देहमा आश्रित भएर म अनि ॥
प्राण अपान वायुमा मिलेर अन्नलाई ।
पचाइदिन्छु चारप्रकारका तिन्का भोजनलाई ॥१४॥

सर्वस्य चाहं हृदि सन्निविष्टो,
मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।
वेदैश्च सर्वैरहमेव वेद्यो,
वेदान्तकृद्वेदविदेव चाहम् ॥१५॥

मै हूँ सबका ह्दयमा अन्तर्यामि भएर बसेको ।
म बाटै हुन्छ फेरि स्मृति ज्ञान विस्मृति पनि सबको ॥
मलाई नै जान्नु हो सब वेदका तात्पर्य पनि ।
मै हूँ फेरि वेदको रचना गर्ने वेद जान्ने पनि ॥१५॥

द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥१६॥

दुई प्रकारका पुरुष छन् यह संसारमा अनि ।
एक नाशवान् अनि अर्का अविनाशि पनि ॥

नाशवान् भनेर जान प्राणी सबका शरीरलाई ।
अविनाशि भनिन्छ साक्षि मात्र भएका जीवात्मालाई ॥१६॥

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः ।
यो लोकत्रयमाविश्य बिभर्त्यव्यय ईश्वरः ॥१७॥

परन्तु उत्तम पुरुष जान अर्कैलाई ।
परमात्मा यसतो भनिन्छ अनि तिनलाई ॥
तिनै लोकमा प्रवेश गरेर जसले ।
धारण गर्दछन् अविनाशि परमेश्वर उनैले ॥१७॥

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ।
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१८॥

यसैले नाशवान् देखि पनि पर भएको मलाई ।
जान अविनाशिबाट पनि उत्तम भएको मलाई ॥
अत : प्रशिद्ध भएको छु म लोकमा अनि ।
पुरुषोत्तम भनेर वेद यसमा पनि ॥१८॥

यो मामेवमसम्मूढो जानाति पुरुषोत्तमम् ।
स सर्वविद्भजति मां सर्वभावेन भारत ॥१९॥

ज्ञानीजन जो यस प्रकार मलाई ।
जान्दछन् भने पुरुषेत्तम भएको मलाई ॥
ती हुन् सर्वज्ञ पुरुष तिन्ले मलाई ।
भज्दछन सर्व भावनाले भारत मलाई ॥१९॥

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ।
एतद्बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ॥२०॥

यति यसतो रहस्यमय शास्त्र यसलाई ।
मैले भनिएको अनघ त्यस वचनलाई ॥
बुद्धिमान पुरुष यस प्रकार जानेर म लाई ।
संभन्छन् भारत कृतकृत्य भएको आफुलाई ॥२०॥

इति श्रीमद्‌भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
पुरुषोत्तमयोग नामक
पञ्चदश अध्याय – १५ यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
★ श्री हरि शरणम् ★

ॐ नमो भगवते वासुदेवाय
श्री परमात्मने नमः

श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ षोडश अध्याय
दैवासुर संपद विभाग योगम्

श्रीभगवानुवाच

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥१॥

भन्नुहुन्छ फेरि श्रीकृष्ण भगवान मधुसुदन
दिनन दुःख हरण कंश चाणुरादि मर्दन ।
अभय हुनु अनि अन्त स्करणको शुद्धि गर्नु ।
ज्ञानयोग यसमा फेरि सुदृढ स्थिति हुनु ॥
दान तथा यज्ञ अनि इन्द्रियोंका दमन गर्नु ।
स्वधर्म पालनामा तप गर्नु तथा सरलता हुनु ॥१॥

अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम् ॥२॥

अहिंसा सत्यता अक्रोध अनि ।
त्याग शान्ति फेरि अनिन्दा पनि ॥
प्राणीमा दयाभाव अनि अलालचि हुनु फेरि ।
कोमलता लज्जा अचञ्चलता पनि ॥२॥

तेजः क्षमा धृतिः शौचमद्रोहोनातिमानिता ।
भवन्ति सम्पदं दैवीमभिजातस्य भारत ॥३॥

तेज क्षमा धैर्य पवित्रता अनि ।
अद्रोह फेरि अतिमान नखोज्नु पनि ॥
यी सबै हुन दैवि सम्पत्ति भएका यसलाई ।
लक्षण भनेर जान भारत ती सबैलाई ॥३॥

दम्भो दर्पोऽभिमानश्च क्रोधः पारुष्यमेव च ।
अज्ञानं चाभिजातस्य पार्थ सम्पदमासुरीम् ॥४॥

पाखण्ड घमण्ड अभिमान अनि ।
क्रोध फेरि कठोर वचन पनि ॥
यी सबै अज्ञानबाट उत्पन्न हुन्छ पार्थ ।
आशुरी सम्पत्ति भनेर अनि यसलाई जान ॥४॥

दैवी सम्पद्विमोक्षाय निबन्धायासुरी मता ।
मा शुचः सम्पदं दैवीमभिजातोऽसि पाण्डव ॥५॥

बन्धनबाट मुक्त गर्छ दैवी सम्पत्तिले ।
बन्धनमा पार्छ अनि आसुरी मान्यताले ॥
दैवी सम्पत्ति प्राप्त भएको छ तिमीलाई ।
चिन्ता नगर पाण्डव अनि लड्नलाई ॥५॥

द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च ।
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे शृणु ॥६॥

दुई प्रकारका श्रृष्ठि छन् लोक लोकमा ।
दैवी अनि आसुरी स्वभावका त्यसमा ॥
विस्तार पूर्वक बताए दैवी स्वभावका अनि ।
अब सुन फेरि आसुरी स्वभावका पनि ॥६॥

प्रवृत्तिं च निवृत्तिं च जना न विदुरासुराः ।
न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ॥७॥

प्रवृत्ति अनि निवृत्ति हुनुपर्ने कुनै कार्य यसमा ।
जान्दैनन् फेरि आसुरी स्वभावका जना ॥
न पवित्रता न आचार नै हुन्छ तिनमा ।
न विद्यमान नै छ सत्यता तिन्का कुरामा ॥७॥

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम् ।
अपरस्परसम्भूतं किमन्यत्कामहैतुकम् ॥८॥

नठहर्ने असत्य वचन बोल्दछन् तिनले ।
ईश्वर बिनाको संसार छ यसतो भन्छन् मोहले ॥
स्वयं बनेकोछ स्त्री पुरुषको संयोगले संसार ।
अरु के छ कारण यहाँ काम भोग शिवाय ॥८॥

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ।
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ॥९॥

यसतो भ्रष्ट दृष्टि अवलम्वन गरेर आफुलाई नै ।
नष्ट पार्दछन् अल्पबुद्धि भएका जनले अनि ॥
उत्पन्न गराउँछन् उग्रकर्म समस्या तिनले अनि ।
नाश गर्दछन् फेरि अहित हुनेगरि जगतलाई नै मोहले ॥९॥

काममाश्रित्य दुष्पूरं दम्भमानमदान्विताः ।
मोहाद्गृहीत्वासद्ग्राहान्प्रवर्तन्तेऽशुचिव्रताः ॥१०॥

कहिलै पुरा नहुने कामनाओंका भरोसा गरेर ।
घमण्ड अनि अभिमानले मदमत्त भएर ॥

मोहले ढाकिएका ती झुट्टा सिद्धान्त बोकेर ।
चल्दछन् संसारमा दुषित आचरण गरेर ॥१०॥

चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिताः ।
कामोपभोगपरमा एतावदिति निश्चिताः ॥११॥

अनेक प्रकारका अगणित चिन्ता गरेर ।
बल्दछन् फेरि मरण परयान्त तेस्कै भरोसा लिएर ॥
कामको उपभोगमा नै हुन्छ परम आनन्द भनेर ।
यसतो बताउँछन् तिन्ले अनि निश्चय गरेर ॥११॥

आशापाशशतैर्बद्धाः कामक्रोधपरायणाः ।
ईहन्ते कामभोगार्थमन्यायेनार्थसञ्जयान् ॥१२॥

सयकडौं आशारुपि पाँसोमा बाँधिएर ।
काम अनि क्रोधको पनि दास भएर ॥
खालि काम भोग गर्न निमित्त तिनले ।
गर्छन् चेष्टा धन सञ्चय गर्न अन्यायले ॥१२॥

इदमद्य मया लब्धमिमं प्राप्स्ये मनोरथम् ।
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम् ॥१३॥

यति धन म सँग प्राप्त भएको छ अहिले ।
मेरो यस मनोरथ पूर्ण हुनेछ त्यसबाट पहिले ॥
यति छ अहिले प्राप्त हुनेछ फेरि मलाई ।
जम्मा यति हुनेछ भविष्यमा अनि मलाई ॥१३॥

असौ मया हतः शत्रुर्हनिष्ये चापरानपि ।
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान्सुखी ॥१४॥

म द्वारा मऱ्यो त्यो शत्रु अहिले अनि ।
मार्नेछु फेरि अर्को शत्रुलाई पनि ॥
मै हूँ इश्वर अनि भोग गर्ने अनि ।
शिद्धहरुमा मै हुँ वलवान् सुखी पनि ॥१४॥

आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशो मया ।
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः ॥१५॥

मै हूँ बडो धनवान् कुलकुटुम्ववान् अनि ।
को छ अर्को म समान मान्यजन पनि ॥
खुसी हुनेछु यज्ञ गरेर अनि दान दिएर ।
यसतो सोच्दछन मनमा अज्ञानताले ढाकेर ॥१५॥

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ॥१६॥

अनेकौं चिन्ताले भ्रमित चित्त भएका ती ।
फस्दछन् मोहरुपी जालमा बेसरी ॥
अत्यन्त आसक्त भएकाछन् जो काम भोगमा ।
पर्दछन ती पछि अत्यन्त अपवित्र नरकमा ॥१६॥

आत्मसम्भाविताः स्तब्धा धनमानमदान्विताः ।
यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम् ॥१७॥

आत्मज्ञान देखी रहित भएका जड पुरुष अनि ।
धनमानको मदले मात्तिएका जो फेरि ॥
नाम मात्रको यज्ञ गर्दछन् अनि तिनले ।
मनमानी अविधि पूर्वक घमण्डले ॥१७॥

अहङ्कारं बलं दर्पं कामं क्रोधं च संश्रिताः ।
मामात्मपरदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः ॥१८॥

अहंकार वल तथा घमण्ड यसको अनि ।
बस भएर फेरि काम क्रोध यसको पनि ॥
पर देहमा समेत स्थित म आत्मा स्वरुपलाई ।
निन्दा गर्ने हुन् ती अवुज्जक भएका मलाई ॥१८॥

तानहं द्विषतः क्रूरान्संसारेषु नराधमान् ।
क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु ॥१९॥

मनुष्यमा अधम भएका तिन्लाई म यसमा ।
अर्काको डाह गर्ने कठोर भएको संसारमा ॥
फेरी असुभ भएको आसुरी जोनी यसमा ।
बारम्बार धकेली दिन्छु अनि त्यसमा ॥१९॥

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि ।
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ॥२०॥

आसुरी जोनी पाएर ती मुढ मनुष्य संसारमा ।
बारम्बार जन्म लिएर फेरि त्यसमा ॥
मलाई प्राप्त गर्न नसकेर नै कौन्तेय त्यसपछि ।
अधम गतीमा प्राप्त हुनेछन् ती फेरि ॥२०॥

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥२१

तिन प्रकारका छन् नरकका द्वार संसारमा ।
आफुलाई नाश गर्न निमित्त बनेका त्यसमा ॥

काम क्रोध तथा लोभ नरक भएको यसलाई ।
त्याग गर त्यसैले ती तिनै द्वारलाई ॥२१॥

एतैर्विमुक्तः कौन्तेय तमोद्वारैस्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ॥२२॥

यसबाट राम्ररी मुक्त भएका छन् जो मनुष्य ।
तमरुपी ती तिन प्रकारका द्वारबाट कौन्तेय ॥
आफ्नो कल्याण निमित्त आचरण गर्छन् जो फेरि ।
परमगति प्राप्त गर्छन तिन्ले त्यसपछि ॥२२॥

यः शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ॥२३॥

परन्तु जो शास्त्र विधि यसलाई त्यागेर ।
चल्दछन् भने स्वेच्छाचारी कामी पुरुष भएर ॥
न सिद्धि प्राप्त हुन्छ न सुख शान्ति यसमा ।
न परंगति प्राप्त हुन्छ तिनलाई त्यसमा ॥२३॥

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥२४॥

त्यसैले शास्त्र प्रमाण यसलाई मानेर ।
गर्नुपर्ने नपर्ने कर्म यसमा बिचार गरेर ॥
शास्त्र विधानानुसार बताइएको कर्म जून छ यसलाई ।
विश्वास मानेर गर्न योग्य छौ तिमी त्यसलाई ॥२४॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
दैवासुर सम्पत्ति विभाग योग नामक
षोडश अध्याय – १६ यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
श्री हरि शरणम्

ॐ नमो भगवते वासुदेवाय

श्री परमात्मने नमः

श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ सप्तदश अध्याय

श्रद्धात्रय विभाग योगम्

अर्जुन उवाच

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः।
तेषां निष्ठा तु का कृष्ण सत्त्वमाहो रजस्तमः ॥१॥

कहत अर्जुन भक्तिभावले बिन्ति गरेर ।
जो फेरि शास्त्र विधि त्यागेर यसलाई ।
पुज्दछन् भने श्रद्धा भक्ति गरेर तिमीलाई ॥
कस्तो निष्ठा हुन्छ कृष्ण यसमा ।
सत्व रज अनि तम मध्ये कुन कुरामा ॥१॥

श्रीभगवानुवाच

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ।
सात्त्विकी राजसी चैव तामसी चेति तां श्रृणु ॥२॥

भन्नु हुन्छ फेरि श्रीकृष्ण भगवान ।
मधुर वाणी गरेर मनमोहन ॥
तिन प्रकारका हुन्छन् श्रद्धा लोकमा ।
स्वभावानुसार देहधारी मनुष्यका ॥
सात्विकी राजसी अनि तामसी यसलाई ।
अब सुन म बाट श्रद्धानुसार फेरि त्यसलाई ॥२॥

सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ।
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ॥३॥

आ–आफ्नो भावना अनुरुप सबैका ।
श्रद्धा हुन्छ भारत अनि ती सबै जनाका ॥
श्रद्धामय हुन्छ यह पुरुष जहिले पनि ।
ज–जस्का जस्तो श्रद्धा छ त्यो त्यसतै हुन्छ अनि ॥३॥

यजन्ते सात्त्विका देवान्यक्षरक्षांसि राजसाः।
प्रेतान्भूतगणांश्चान्ये जयन्ते तामसा जनाः ॥४॥

सात्विक पुरुष पूज्दछन् देवतालाई ।
राजसी जना अनि यक्ष राक्षसोलाई ॥
अन्य जो छन् तामसीयों जना फेरि ।
पूज्दछन् अनि भूत–प्रेतलाई तिन्ले यसरी ॥४॥

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः।
दम्भाहङ्कारसंयुक्ताः कामरागबलान्विताः ॥५॥

अशास्त्रानुसार घोर तपस्या जसले ।
गर्दछ जो तपस्वी जना तिनले ॥
घमण्ड अहंकार सहित युक्त भएर ।
कामना आसक्ति यसको बल देखाएर ॥५॥

कर्शयन्तः शरीरस्थं भूतग्राममचेतसः।
मां चैवान्तःशरीरस्थं तान्विद्ध्यासुरनिश्चयान् ॥६॥

शरीरमा स्थित प्राणी समुदाय जीवात्मालाई ।
कष्ट दिने हुन ती अचेत भएका जना तिनलाई ॥
नमान्ने हुन् फेरि अन्तर्यामि ईश्वर मलाई पनि ।
निश्चय नै जान असुर भनेर तिनलाइ अनि ॥६॥

आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः।
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं श्रृणु ॥७॥

आहारा भएका पनि सबै जनाका ।
रुची लाग्ने हुन्छन् तिन तिन प्रकारका ॥
यज्ञ तप दान भएका यसका पनि ।
अब सुन म बाट त्यसका भेद अनि ॥७॥

आयुः सत्त्वबलारोग्यसुखप्रीतिविवर्धनाः।
रस्याः स्निग्धाः स्थिरा हृद्या आहाराः सात्त्विकप्रियाः ॥८॥

आयु बुद्धि बल अनि आरोग्य बढाउने ।
सुख शान्ति प्रीति पनि प्रदान गर्ने ॥
रसदार बासनायुक्त हृदय स्थिर राख्ने अनि ।
यसतो आहारा प्रीय हुन्छ सात्विक जनालाई ॥८॥

कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः।
आहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः ॥९॥

पिरो अमिलो नुनिलो अति तातो अनि ।
तिक्खर पिडादायक रुखो भएको पनि ॥
यसतो आहारा रुचीकर हुन्छ राजस जनालाई ।
दुःख शोक अनि रोग प्रदान गर्ने तेसलाई ॥९॥

यातयामं गतरसं पूति पर्युषितं च यत्।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ॥१०॥

अध कच्चा रसहिन सडेको अनि ।
अपवित्र गन्हाउने बासि भएको पनि ॥

फालिएको जूठो जून छ फेरि त्यो पनि ।
रुचीकर हुन्छ तामस जनालाई अनि ॥१०॥

अफलाकाङ्क्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते।
यष्टव्यमेवेति मनः समाधाय स सात्त्विकः ॥११॥

फलको इच्छा रहित शास्त्र विधि अनुसार ।
गर्नमा नै श्रेय छ यसतो मनलाई समाधान गरेर ॥
यसरी गरिने यज्ञ जून छ फेरि यसलाई ।
सात्विक यज्ञ भनिन्छ अनि त्यसलाई ॥११॥

अभिसन्धाय तु फलं दम्भार्थमपि चैव यत्।
इज्यते भरतश्रेष्ठ तं यज्ञं विद्धि राजसम् ॥१२॥

परन्तु फलको इच्छा राखेर मनमा अनि ।
यज्ञ जून छ फेरि धनको अभिमानले पनि ॥
गारिन्छ भने भरत श्रेष्ठ त्यस यज्ञलाई ।
राजस यज्ञ भनेर जान अनि त्यसलाई ॥१२॥

विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम्।
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ॥१३॥

शास्त्र विधिहीन अपवित्र अन्न भएको अनि ।
मन्त्रहीन दक्षिणा विना भएको पनि ॥
बिल्कुल श्रद्धा रहित यज्ञ जून छ यसलाई ।
तामस यज्ञ भनिन्छ अनि त्यसलाई ॥१३॥

देवद्विजगुरु प्राज्ञ पूजनं शौचमार्जवम् ।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ॥१४॥

देवता ब्राह्मण गुरु अनि विद्वानलाई पूजनु ।
पवित्रता सरलता पनि भएर बसनु ॥
हिंसा नगर्ने फेरि ब्रह्मचर्यमा बन्ने जसलोई ।
शरीर समबन्धी तप भनिन्छ अनि तेसलाई ॥१४॥

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत् ।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते ॥१५॥

बचनको उद्वेग रोकेर विनम्र बोली बोल्ने ।
साँचो हितकर विनम्र पनि छ जून त्यही बोल्ने ॥
मन्त्र जपको पनि अभ्यास गर्ने जून छ फेरी ।
वाणी सम्बन्धि तप भनिन्छ अनि त्यसलाई ॥१५॥

मनः प्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः ।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ॥१६॥

मनको प्रसन्नताले साम्य अवस्था भएका ।
आफुलाई वसमा राखेर मौन बसेका ॥
भाव संशुद्धि सम्बन्धि यसतो तपलाई ।
मानस तप भनिन्छ अनि तेस तपलाई ॥१६॥

श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरैः ।
अफलाकाङ्क्षिभिर्युक्तैः सात्त्विकं परिचक्षते ॥१७॥

ती तिन प्रकार भएका तपस्या यसलाई ।
श्रद्धाले प्रेरित भएर जो मनुष्य तेस्लाई ॥
फलको इच्छा नराखिकन गर्छन् भने फेरि ।
सात्विक तपस्या भनिन्छ अनि त्यसलाई ॥१७॥

सत्कारमानपूजार्थं तपो दम्भेन चैव यत् ।
क्रियते तदिह प्रोक्तं राजसं चलमध्रुवम् ॥१८॥

सत्कार मान सम्मान निमित्त जून तपस्या अनि ।
गरिन्छ भने पाखण्ड पूर्वक फेरि त्यसलाई ॥
राजस तपस्या भनिन्छ त्यसलाई यसमा ।
असत्य क्षणिक सुख मिल्छ अनि त्यसमा ॥१८॥

मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः ।
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम् ॥१९॥

अन्धविश्वासले आफुलाई पिडा दिएर ।
गरिन्छ भने जून तपस्या फेरि कष्ट सहेर ॥
अथवा अर्काको कुभलो चिताएर गरिनेलाई ।
तामस तपस्या भनिन्छ अनि त्यसलाई ॥१९॥

दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे ।
देशे काले च पात्रे च तद्दानं सात्त्विकं स्मृतम् ॥२०॥

दाताले दिइएको जून दान छ अनि यसमा ।
प्रति उपकारको कारण छैन भने फेरि त्यसमा ॥
देश काल पात्र पनि मिलाएर दिइएको यसलाई ।
सात्तिःक दान भनेर जान अनि त्यसलाई ॥२०॥

यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः।
दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम् ॥२१॥

परन्तु जून दान प्रति उपकार निमित्त भनि ।
फलको उद्देश्य राखेर मनमा वा फेरि ॥

संदेह पूर्वक दिइन्छ भने जून दानलाई ।
राजसि भनेर जान अनि त्यस दानलाई ॥२१॥

अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते ।
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ॥२२॥

अयोग्य ठाउँ समय यसमा जून दानलाई ।
दिइन्छ भने फेरि अपात्रमा त्यसलाई ॥
अर्काको कुभलो चिताएर दिइएको जून दानलाई ।
तामसी भनिएको छ अनि त्यस दानलाई ॥२२॥

ॐ तत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः ।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा ॥२३॥

ओम तत्सत् इति ब्रह्मद्वारा निर्देशित यसलाई ।
तिन प्रकारले स्मरण गरिन्छ परमात्मा ब्रह्मलाई ॥
ब्राह्मणहरुले उच्चारण गर्छन् अनि यज्ञ यसको ।
थालनी गर्दा पुरा काल देखी नै त्यसको ॥२३॥

तस्मादोमित्युदाहृत्य यज्ञदानतपः क्रियाः ।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम् ॥२४॥

त्यसकारण ओम यसतो उच्चारण गरेर ।
गर्दछन् अनि यज्ञ दान तपादि कर्मको प्रारम्भ ॥
ब्रह्मबादि पुरुषले सधैंभरी यसैगरेर ।
गर्दछन् कर्म शास्त्रको विधान अनुसार ॥२४॥

तदित्यनभिसन्दाय फलं यज्ञतपःक्रियाः ।
दानक्रियाश्चविविधाः क्रियन्ते मोक्षकाङ्क्षिभिः ॥२५॥

यज्ञ तथा तप कर्म गर्दा फल इच्छालाई ।
त्यागछन् अनेक प्रकारका दानकर्म गर्दा पनि ॥
समर्पण होस तत् यसतो भनेर ब्रह्ममा ।
मोक्षका चाहाना गर्ने पुरुषले बोल्छन् त्यसमा ॥२५॥

सद्भावे साधुभावे च सदित्यतत्प्रयुज्यते ।
प्रशस्ते कर्मणि तथा सच्छब्दः पार्थ युज्यते ॥२६॥

सद्भाव साधुभाव तत् ब्रह्ममा राख्दा अनि ।
सत् यसतो शब्द नै प्रयोग हुन्छ त्यसमा पनि ॥
उत्तम कर्मको प्रारम्भिक संकल्प गर्दा फेरि ।
सत् शब्द नै प्रयोग हुन्छ पार्थ सधैंभरी ॥२६॥

यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते ।
कर्म चैव तदर्थीयं सदित्यवाभिधीयते ॥२७॥

यज्ञ तप दान कर्म यसको अवस्था पनि ।
सत् नै हुन्छ यसतो भनिएको छ तेस्मा अनि ॥
तत् ब्रह्ममा समर्पित भएका कर्म जती ।
सत् नै हुन्छ यसतो भनिएको छ तेस्मा फेरि ॥२७॥

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च
यत्असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह ॥२८॥

अश्रद्धाले गरिएको हवन दान तप अनि ।
जूनसुकै कर्म गरिएको भएता पनि ॥
असत् यसतो नै ठहरिन्छ फेरी पार्थ त्यो कर्म ।
न यसलोकमा न परलोकमा मिल्छ त्यसको फल ॥२८॥

इति श्रीमद्भगवत् गीतारुपि उपनिषद् एवं
ब्रह्म विद्या तथा योग शास्त्र विषयक
श्रीकृष्ण अर्जुनको सम्वादमा
श्रद्धात्रय विभाग योग नामक
सप्तदश अध्याय – १७ यसतो
हरि ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत्
✶ श्री हरि शरणम् ✶

ॐ नमो भगवते वासुदेवाय
श्री परमात्मने नमः
श्रीमद्भगवद्गीतामाता प्रकाश

अथ अष्टदश अध्याय
मोक्षसन्यास योगम्

अर्जुन उवाच

सन्न्यासस्य महाबाहो तत्त्वमिच्छामि वेदितुम् ।
त्यागस्य च हृषीकेश पृथक्केशिनिषूदन ॥१॥

कहत अर्जुन विनित भावले श्रीकृष्णमा
सन्यास यसको पनि महाबाहो ।
जान्न चाहन्छु म तत्व फेरि त्यसको ॥
त्यागको पनि ऋषिकेश बताउ मलाई ।
छुट्टाछुट्टै गरेर केशिनिषूदन त्यसलाई ॥१॥

श्रीभगवानुवाच

काम्यानां कर्मणां न्यासं सन्न्यासं कवयो विदुः ।
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणाः ॥२॥

भन्नुहुन्छ श्रीकृष्ण भगवान अन्तरयामि ।
परमवक्ता तिनै लोकका स्वामी ॥
कर्म कामनाओं यसका त्यागलाई ।
त्याग भन्दछन् पण्डित जनले त्यसलाई ॥
सम्पूर्ण कर्मफलको त्याग यसलाई फेरी ।
त्याग भन्दछन् विचारशिल पुरुषले यसरी ॥२॥

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिणः ।
यज्ञदानतपःकर्म न त्याज्यमिति चापरे ॥३॥

कइएक कर्म दोषपूर्ण छ त्याग गर्नलाई ।
यसतो भन्छन् फेरि विद्वानले त्यसलाई ॥
यज्ञ तप दान कर्म यसलाई चँहिँ ।
त्याग्नु हुँदैन यसतो भन्छन् अनि कोहि ॥३॥

निश्चयं शृणु मे तत्र त्यागे भरतसत्तम ।
त्यागो हि पुरुषव्याघ्र त्रिविधः सम्प्रकीर्तितः ॥४॥

अब सुन यसमा मेरो निश्चय भएको मत ।
त्याग्नु पर्ने भएका जती कर्मलाई भरतसत्तम ॥
तिन प्रकारका नै त्याग हुन्छ पुरुषब्याघ्र ।
शास्त्रमा बताइएकोछ त्यसमा प्रष्टसंग ॥४॥

यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत् ।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥५॥

त्याग्नु हुँदैन यज्ञ दान तप कर्म यसलाई ।
त्याग्नु नै पर्ने कारण भएता पनि त्यसलाई ॥
यज्ञ दान तपादि कर्म यसले फेरि ।
पवित्र पार्छ अनि जानिफकार मनुष्यलाई ॥५॥

एतान्यपि तु कर्माणि सङ्गं त्यक्त्वा फलानि च ।
कर्तव्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ॥६॥

यति मात्र होइन अरु कर्म भएकाजति पनि ।
फलको आसक्ति यसलाई त्यागेर फेरि ॥
कर्म गर्न कर्तव्य हुन्छ पार्थ मनुष्यलाई ।
मेरो यहि निश्चित मत उत्तमछ कर्म गर्नलाई ॥६॥

नियतस्य तु सन्न्यासः कर्मणो नोपपद्यते ।
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः ॥७॥

शास्त्रमा नियम भएको कर्म त्याग गरेमा फेरि ।
कर्मबाट छुट्कारा मिल्दैन त्यागि पुरुषलाई ॥
मोहद्वारा यदि परित्याग गरेमा त्यसलाई ।
तामस त्याग भनिन्छ लोकमा अनि ॥७॥

दुःखमित्येव यत्कर्म कायक्लेशभयात्त्यजेत् ।
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत् ॥८॥

दुःख हुन्छ यति यसतो मानेर जून कर्मलाई अनि ।
त्याग गरेमा शाररीक कष्ट हुने डरले पनि ॥
राजस त्याग हुन्छ त्यो त्याग फेरि ।
मिल्दैन त्यागेको फल त्यागि पुरुषलाई ॥८॥

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन ।
सङ्गं त्यक्त्वा फलं चैव स त्यागः सात्त्विको मतः ॥९॥

कर्म गर्नु नै कर्तव्य हो यसतो ठानेर फेरि ।
त्यागेर आसक्ति अनि कर्मफललाई पनि ॥
गर्दछ कर्म भने अर्जुन जून यसमा ।
सात्विक मानिन्छ त्यस त्यागलोकमा ॥९॥

न द्वेष्ट्यकुशलं कर्म कुशले नानुषज्जते ।
त्यागी सत्त्वसमाविष्टो मेधावी छिन्नसंशयः ॥१०॥

न गर्छन निन्दा अकुशल कर्म यसमा जो अनि ।
न हुन्छन् हर्षित फेरि कुशल कर्म यसमा पनि ॥

सत्वगुण सम्पन्न त्यागी पुरुष हुन् ती ।
संसय छिन्नभिन्न भएका ज्ञानवान पनि ॥१०॥

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः ।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ॥११॥

देहधारी प्राणि कसैले पनि संसारमा ।
सक्दैनन् अषेश हुनेगरी कर्म त्यागन त्यसमा ॥
परन्तु जसले त्यागदछ कर्मको फललाई ।
त्यागी त्यही हो यसतो भनिन्छ अनि तिनलाई ॥११॥

